# साहित्यकार गोपाल अश्कका काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय,
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तह
दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

झलक आचार्य

शैक्षिक सत्र : २०६४/२०६६

त्रि.वि.द.नं.: २६१२१-९३



**नेपाली विभाग**

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन


२०६९

# शोधनिर्देशकको सिफारिस

**साहित्यकार गोपाल अश्कका काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र शोधार्थी झलक आचार्यले मेरो निर्देशनमा त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको नयाँ पाठ्यक्रमअनुसार दसौँ पत्रको प्रयोजनका लागि तयार गर्नुभएको हो । म उक्त शोधकार्यबाट पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

............................

रविकिरण अधिकारी

उप-प्राध्यापक

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मितिः २०६९/५/२०

# कृतज्ञताज्ञापन

**साहित्यकार गोपाल अश्कका काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रमअनुसार दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु उप-प्राध्यापक रविकिरण अधिकारीको निर्देशनमा तयार गरेको हुँ । आफ्नो कार्यव्यस्तताका बीच पनि यो शोधपत्र तयारीका सन्दर्भमा अविस्मरणीय सहयोग गर्नु हुने श्रद्धेय गुरुप्रति म सदा ऋणी रहनेछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न सहयोग गर्ने विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनाल तथा नेपाली विभागप्रति म कृतज्ञ छु । शोधपत्र लेखनका क्रममा शोधनायक गोपाल अश्क र उनका परिवारजनबाट पाएको सहयोगप्रति पनि आभार प्रकट गर्दछु ।

शोधपत्रको तयारीका सिलसिलामा सहयोग गर्ने वीरेन्द्र बहुमुखी क्याम्पसका सहायक प्रशासकद्वय विजय पण्डित र शिवप्रसाद पोखेल, यसै क्याम्पसको पुस्तकालय, नेपाल भारत मैत्री पुस्तकालय, वीरगञ्ज उपमहानगरपालिका पुस्तकालय तथा सम्बन्धित सबै सङ्घ (संस्थाप्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने सन्दर्भमा मलाई सहयोग गर्ने साहित्यकारहरू विश्वम्भर कुमार शर्मा एवं शान्त बहादुर बस्नेतप्रति धन्यवाद ज्ञापन गर्दछु । यसैगरी छिटो छरितो र शुद्ध टङ्कन गरिदिनुहुने क्वालिटी फोटोकपी एण्ड कम्प्युटर सप्तगण्डकी चोकलाई पनि धन्यवाद दिन चाहन्छु ।

मिति : २०६९/५/२०

झलक आचार्य

वीरेन्द्र बहुमुखी क्याम्पस

# संक्षेपीकृत शब्दहरू

| | | |
|---|---|---|
| आ.मा.वि. | : | आवासीय माध्यमिक विद्यालय |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| इ. | : | इस्वी |
| एम.ए. | : | मास्टर अफ आर्टस् |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| ऐ.ऐ. | : | ऐजन ऐजन |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| गो.प. | : | गोरखा पत्र |
| चौ. सं | : | चौथो संस्करण |
| ठा.रा.ब | : | ठाकुर राम बहुमुखी |
| डा. | : | डाक्टर |
| ते.सं | : | तेस्रो संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नं. | : | नम्बर |
| ने.प्र.प्र. | : | नेपाल प्रज्ञा प्रतिष्ठान |
| पाँ.सं | : | पाँचौँ संस्करण |
| पृ. | : | पृष्ठ |
| प्रा. | : | प्राध्यापक |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| वी.उ.न.पा. | : | वीरगञ्ज उप-महानगरपालिका |
| वि.सं | : | विक्रम संवत् |
| सम्पा. | : | सम्पादक |
| सह प्रा. | : | सह-प्राध्यापक |
| सा.मा. | : | साहित्यिक मासिक |

# विषयसूची

## अध्याय : एक
## शोधको परिचय


१.१ शोधशीर्षक १

१.२ शोधकार्यको प्रयोजन १

१.३ विषयपरिचय १

१.४ समस्याकथन २

१.५ शोधकार्यका उद्देश्यहरू ३

१.६ शोधकार्यको औचित्य र महत्त्व ३

१.७ पूर्वकार्यहरूको विवरण र समीक्षा ४

१.८ शोधकार्यको सीमा र क्षेत्र ६

१.९ सामग्री सङ्कलन विधि ७

१.९.१ पुस्तकालयीय विधि ७

१.९.२ क्षेत्रीय अध्ययन विधि ७

१.९.३ अन्तर्वार्ता/भेटघाट ७

१.९.४ सैद्धान्तिक ढाँचा ८

१.९.५ शोध विश्लेषण विधि ८

१.१० शोधपत्रको रूपरेखा ८


## अध्याय : दुई
## काव्य परिचय


२.१ पृष्ठभूमि ११

२.२ काव्यसम्बन्धी परिभाषाहरू १३

२.३. कवि अश्कको व्यक्तित्व र कृतित्व १४

२.३.१ व्यक्तित्व १४

२.३.१.१ साहित्यिक व्यक्तित्व १४

२.३.१.२ कवि व्यक्तित्व १५

२.३.२ कृतित्व अध्ययन १६
२.३.२.१ कविता र फुटकर कविता सिर्जना १६
२.३.२.२ गजल र गजलकारिता १७
२.३.२.३ खण्डकाव्य र खण्डकाव्यकारिता १८
२.३.२.४ गीतिकाव्य र गीतिकाव्यकारिता १९
२.३.२.५ महाकाव्य र महाकाव्यकारिता २०
२.४ नेपालीय भोजपुरी काव्यपरम्परामा गोपाल अश्कको आगमन र विधागत योगदान २१
२.४.१ नेपालीय भोजपुरी काव्यपरम्परामा गोपाल अश्कको आगमन २१
२.४.२ विधागत योगदान २१
२.५ गोपाल अश्कको काव्ययात्रा र चरण विभाजन २३
२.५.१ गोपाल अश्कको काव्ययात्रा २३
२.५.२ चरण विभाजन २४
२.५.२.१ पूर्वार्ध (प्रारम्भदेखि वि.सं २०५५ सम्म) २४
२.५.२.२ उत्तरार्द्ध (वि.सं २०५६ देखि हालसम्म) २६
२.६ कवि गोपाल अश्कको काव्यकारिताको मूल्याङ्कन २८
२.६.१ कवि अश्कको काव्यकारिता २८
२.६.२ गोपाल अश्कको काव्यकारिताको मूल्याङ्कन २९
२.६.२.१ समाजिक यथार्थता २९
२.६.२.२ नारी संवेदनाको चित्रण ३०
२.६.२.३ प्रेमपरकता ३०
२.६.२.४ राष्ट्रियता ३१
२.७ निष्कर्ष ३१

**अध्याय : तीन**

**कवि गोपाल अश्कका काव्यकृतिको वर्गीकरण**

३.१ पूर्वीय आचार्यहरूका दृटिकोणमा काव्य वर्गीकरण ३३
३.१.१ पृष्ठभूमि ३३
३.१.१.१ भामहका दृष्टिकोणमा काव्यको वर्गीकरण ३४

३.१.१.२ दण्डिका दृष्टिकोणमा काव्यको वर्गीकरण ३४
३.१.१.३ रुद्रटका दृष्टिकोणमा काव्यको वर्गीकरण ३५
३.१.१.४ विश्वनाथका दृष्टिकोणमा काव्यको वर्गीकरण ३५
३.१.१.५ कृष्णप्रसाद पराजुलीका अनुसार काव्यको वर्गीकरण ३६
३.२ कवि गोपाल अश्कका काव्यकृतिहरूको वर्गीकरण ३७
३.२.१ पृष्ठभूमि ३७
३.२.२ कवि गोपाल अश्कका काव्यकृतिको वर्गीकरण ३८
३.३ निष्कर्ष ३९

**अध्याय : चार**

**कवि गोपाल अश्कको खण्डकाव्यगत अध्ययन**

४.१ कवि गोपाल अश्कको खण्डकाव्यगत प्रवृत्ति ४०
४.१.१ प्रयोगशीलता ४१
४.१.२ विसङ्गतिवादी चिन्तन ४२
४.१.३ मानवतावादी जीवनदर्शन ४२
४.१.४ लोकलयका प्रयोक्ता ४३
४.१.५ निष्कर्ष ४३
४.२ विभिन्न दृष्टिकोणबाट 'कजरी' खण्डकाव्यको विश्लेषण ४३
४.२.१ विषयप्रवेश ४३
४.२.२ शीर्षक/संरचना ४४
४.२.३ कथानक/विषयवस्तु ४६
४.२.४ पात्रविधान/चरित्रवर्णन ४७
४.२.५ परिवेश/देशकाल परिस्थिति ४८
४.२.६ भाषाशैली ४८
४.२.७ जीवनदृष्टि ४९
४.२.८ लयविधान र दृष्टिबिन्दु ५०
४.२.८.१ लयविधान ५०
४.२.८.२ दृष्टिबिन्दु ५१

४.२.९ निष्कर्ष ५१
४.३ गीतिकाव्यको सैद्धान्तिक अध्ययन ५२
४.३.१ पृष्ठभूमि ५२
४.४ विभिन्न दृष्टिकोणबाट 'कवि के जनमकुण्डली' गीतिकाव्यको विश्लेषण ५३
४.४.१ विषयप्रवेश ५३
४.४.२ शीर्षक ५४
४.४.३ संरचना ५४
४.४.४ विषयवस्तु/कथानक ५५
४.४.४.१ कथा सङ्केत ५५
४.४.४.२ कवि के जनम ५५
४.४.४.३ चिन्ता : माई के ५६
४.४.४.४ चिन्ता : बाबु के ५६
४.४.४.५ कवि : पत्नी के नजर में ५६
४.४.४.६ कवि : यार के नजर में ५७
४.४.४.७ कवि:कवियन के बीच ५७
४.४.४.८ कवि : समाज के नजर मे ५८
४.४.४.९ कवि : कविता के सोच में ५८
४.४.४.१० कवि कर्म ५८
४.४.४.११ कवि धर्म ५९
४.४.४.१२ कवि : कविता ५९
४.४.४.१३ कवि : राष्ट्रिय फूल ६०
४.४.४.१४ हमर बाबुजी ६०
४.४.४.१५ कवि के मौत ६१
४.४.५ परिवेश/वातावरण ६१
४.४.६ भाषाशैली ६२
४.४.७ जीवनदृष्टि ६२
४.४.८ लयविधान, भावविधान र दृष्टिबिन्दु ६२
४.४.८.१ छन्द वा लयविधान ६२

४.४.८.२ भावविधान ६३

४.४.८.३ दृष्टिबिन्दु ६४

४.४.९ निष्कर्ष ६४

४.५ कवि गोपाल अश्कका महाकाव्यगत प्रवृत्ति ६४

४.६ विभिन्न दृष्टिकोणबाट प्रेमान्तर गजल-महाकाव्यको विश्लेषण ६५

४.६.१ पृष्ठभूमि ६५

४.६.२ शीर्षकीकरण/शीर्षक सार्थकता ६६

४.६.३ संरचना ६७

४.६.४ कथावस्तु/कथानक ६९

४.६.५ पात्रविधान/चरित्रवर्णन ७४

४.६.५.१ प्रमुख पात्रहरू ७४

४.६.५.१ सहायक पात्रहरू ७४

४.६.६ परिवेश/देशकाल परिस्थिति ७५

४.६.७ द्वन्द्व ७५

४.६.८ भाषाशैली ७६

४.६.९ लयविधान र भावविधान ७७

४.६.९.१ लयविधान ७७

४.६.९.२ भावविधान ७८

४.६.१० बिम्बविधान ८२

४.६.११ उद्देश्य ८३

४.६.१२ रदिफको प्रयोग ८४

४.६.१३ काफियाको प्रयोग ८५

४.६.१४ तखल्लुसको प्रयोग ८६

४.६.१५ गेयात्मकता ८७

४.६.१६ रसविधान ८८

४.६.१७ सामाजिक चेतनाको प्रवाह ८८

४.६.१८ 'प्रेमान्तर' महाकाव्यको समग्र मूल्याङ्कन ८९

४.७ विभिन्न दृष्टिकोणबाट 'धँधोर (राँको)' महाकाव्यको विश्लेषण ९१

४.७.१ विषयप्रवेश ९१
४.७.२ शीर्षक विधान ९२
४.७.३ संरचना ९२
४.७.४ कथानक ९३
४.७.५ पात्रविधान ९४
४.७.५.१ प्रमुख पात्रहरू ९५
४.७.५.२ सहायक पात्रहरू ९५
४.७.६ परिवेश/वातावरण ९५
४.७.७ भाषाशैली ९६
४.७.८ जीवनदृष्टि ९७
४.७.९ लयविधान र दृष्टिबिन्दु ९८
४.७.९.१ लयविधान ९८
४.७.९.२ दृष्टिबिन्दु ९९
४.७.१० भावविधान ९९
४.७.११ रसविधान र अलङ्कारविधान १००
४.७.११.१ रसविधान १००
४.७.११.२ अलङ्कारविधान १०२
४.७.१२ नारी संवेदनाको अभिव्यक्ति १०३
४.७.१३ धँधोर महाकाव्यको समग्र मूल्याङ्कन १०४

**अध्याय : पाँच**

**शैलीशिल्पका दृष्टिकोणले गोपाल अश्कका समग्र काव्यकृतिहरूको अध्ययन**

५.१. शैलीशिल्पको परिचय १०६
५.१.१ शैलीसम्बन्धी पाश्चात्य धारणा १०६
५.१.२ शैलीसम्बन्धी पूर्वीय धारणा १०७
५.२ गोपाल अश्कको काव्यशिल्प १०८
५.३ शैलीशिल्पका दृष्टिकोणबाट गोपाल अश्कका काव्यकृतिहरू ११०
५.३.१ अश्कका काव्यकृतिहरूमा बाह्य संरचनात्मक पक्ष ११०

५.३.२ अश्कका काव्यकृतिहरूमा आन्तरिक संरचनात्मक पक्ष ११२
५.३.२.१ अश्कका गजल/काव्यमा शैली ११२
५.३.२.२ अश्कका गजल/काव्यमा प्रतीक ११३
५.३.२.३ अश्कका गजल/काव्यमा व्यङ्ग्य ११४
५.४ समग्रमा गोपाल अश्कका काव्यप्रवृत्ति ११५
५.४.१ प्रयोगशीलता ११६
५.४.२ व्यङ्ग्य-विद्रोहात्मकता ११७
५.४.३ नारी संवेदनाको चित्रण ११७
५.४.४ राष्ट्रियता ११७
५.५ निष्कर्ष ११७

**अध्याय : छ**

**उपसंहार**

६.१ परिचय ११९
६.२ अध्याय : एकको निष्कर्ष ११९
६.३ अध्याय : दुईको निष्कर्ष ११९
६.४ अध्याय : तीनको निष्कर्ष ११९
६.५ अध्याय : चारको निष्कर्ष ११९
६.६ अध्याय : पाँचको निष्कर्ष १२०
६.७ समग्र निष्कर्ष १२०

**सन्दर्भग्रन्थ-सूची**

# अध्याय : एक

# शोधको परिचय

# अध्याय : दुई

# काव्य परिचय

# अध्याय : तीन

# कवि गोपाल अश्कका काव्यकृतिको वर्गीकरण

# अध्याय : चार

# कवि गोपाल अश्कको खण्डकाव्यगत अध्ययन

# अध्याय : पाँच

# शैलीशिल्पका दृष्टिकोणले गोपाल अश्कका समग्र काव्यकृतिहरूको अध्ययन

# अध्याय : छ

# उपसंहार

# सन्दर्भग्रन्थ-सूची

# अध्याय : एक

# शोधको परिचय

## १.१ शोधशीर्षक

यो शोधपत्रको शीर्षक **साहित्यकार गोपाल अश्कका काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रमअनुसार दसौं पत्रको प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

नेपाली, हिन्दी र भोजपुरी भाषामा समान रूपले कलम चलाउने गोपाल अश्क एक कुशल साहित्यकार हुन् । पर्सेली जनताको माया ममताको सामीप्यमा रहेर आफ्नो लेखन कार्यलाई अगाडि बढाउने गोपाल अश्क बहुमुखी प्रतिभाका धनी हुन् । उनले आफ्नो मातृभाषा भोजपुरीमा नै बढी मात्रामा कविता, गीत, गजल, काव्यकृतिहरू लेखेको पाइन्छ । नेपाली र हिन्दी भाषमा भने कम मात्रामा साहित्यिक कृतिहरू प्रकाशित भएको पाइन्छ । गोपाल अश्क गजलकार पनि हुन् । कविता र गजल दुवैमा उनी सामाजिक यथार्थका पक्षपाती हुन् । यिनको लेखन गीत, गजलदेखि लिएर लोकसाहित्य, लोकनाट्य र लेखन साहित्यको अनुसन्धानमूलक लेखनमा निरन्तर क्रियाशील रहदै आएको पाइन्छ । हालसम्म यिनका भोजपुरीमा १०, नेपालीमा ४ र हिन्दी २ गरी जम्मा १६ वटा साहित्यिक कृतिहरू प्रकाशित छन् । **कजरी** (खण्डकाव्य, २०४७), **कवि के जनमकुण्डली** (गीति खण्डकाव्य, २०५४), **नइहर के चुनरी** (कथासङ्ग्रह, २०५३) **अभी बाँकी बा** (गजलसङ्ग्रह, २०५४), **धँधोर** ( महाकाव्य, २०५५), **फुलवा** (उपन्यास, २०५५), **एक बित्ता के दुरी** (नाटकसङ्ग्रह, २०५७) उ **भोर ना भइल** (गीतिसङ्ग्रह, २०५९), **बेकहल जिन्दगी** (गजलसङ्ग्रह, २०६४) र **भोजपुरी व्याकरण सहलेखन**, *२०६४* भोजपुरी कृतिहरू हुन् भने **जीवनको लेक र बेंसी** (गजलसङ्ग्रह,

२०५६) **प्रेमान्तर** (गजल महाकाव्य, २०६२ **शङ्खनाद** (महाकाव्य, २०६६) र लघुकथा **प्रक्रिया र पाठ** (शोधग्रन्थ, २०६५) नेपाली भाषामा लेखिएका साहित्यिक कृतिहरू हुन् । यीमध्ये **शङ्खनाद** महाकाव्य प्रकाशनको क्रममा नै रहेको छ । **मानिनी** (कवितासङ्ग्रह, २०५५) र **पर्वतों की ओट में** (गीत-गजलसङ्ग्रह, २०६४) हिन्दी भाषामा लेखिएका साहित्यिक कृतिहरू हुन् । गोपाल अश्कको कलम सृजना र शोधका साथै अनुसन्धान र अनुवादमा पनि उत्तिकै क्रियाशील रहेको देखिन्छ । यिनी प्रतिभाका कारण अनुसन्धेय व्यक्तित्व हुन् र यिनको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धमा शोधकार्य भइसके तापनि यिनका काव्यकृतिको हालसम्म अध्ययन हुने सकेको छैन । त्यसैले साहित्यकार गोपाल अश्कका काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन गर्न यो विषय चयन गरिएको छ ।

## १.४ समस्याकथन

गोपाल अश्क भोजपुरी भाषा जगत्का चर्चित हस्तीमध्ये एक हुन् । नेपाली, हिन्दी र भोजपुरी भाषामा गरेर एक दर्जनभन्दा बढी साहित्यिक कृतिहरूको रचना गरिसकेका साहित्यकार अश्क यतातिर आएर भने गजल काव्यहरूको साधनामा औधि रुचि राखेको देखिन्छ । उनको वि.सं २०४७ सालमा **'कजरी'** खण्डकाव्यको प्रकाशनपश्चात् उनका काव्यकृतिहरू छापिन थालेको देखिन्छ । साहित्य साधनामा तल्लीन रहने अश्कका विषयमा केही चर्चा र शोधकार्य भए तापनि उनका काव्यकृतिहरूका बारेमा ठोस एवम् प्रामाणिक रूपमा अध्ययन हुन नसकेको अवस्थामा यस शोधपत्रमा उनका काव्यकृतिहरूको विश्लेषणात्मक ढङ्गबाट अध्ययन गरिनेछ । यस शोधपत्रको समस्याकथन निम्नानुसार रहेका छन् :

क) कवि गोपाल अश्कका काव्यकृतिहरूको वर्गीकरण र विषयवस्तु के-कस्ता छन् ?

ख) कवि गोपाल अश्कका काव्ययात्रा र प्रवृत्तिहरू के-कस्ता छन् ?

ग) सैद्धान्तिक आधारमा कवि गोपाल अश्कका खण्डकाव्य, गीतिकाव्य र महाकाव्य के-कस्ता छन् ?

घ) शैलीशिल्प एवम् तत्त्वहरूका दृष्टिले गोपाल अश्कका काव्यकृतिहरूको अध्ययन तथा मूल्याङ्कन के-कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूमा केन्द्रित रहेर यो अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

नेपाली, भोजपुरी र हिन्दी भाषामा साहित्यका विविध विधाहरूमा समानान्तर ढङ्गले कलम चलाउन खप्पिस अश्कका काव्यकृति, कवि व्यक्तित्वलाई विशेष रूपले साहित्यिक जगत्मा चिनाउने, काव्यका क्षेत्रमा उनको योगदान, अध्ययन-लेखन प्रक्रिया र प्रविधिबारे अझ बढी प्रकाश पार्ने तथा उनका काव्ययात्राका विविध पाटा, साहित्य यात्रा र साहित्यका त्रिवेणीका रूपमा समुचित मूल्याङ्कन गर्नु नै यस शोधकार्यको उद्देश्य रहेको छ ।

क) कवि गोपाल अश्कका काव्यकृतिहरूको वर्गीकरण र विषयवस्तुको समीक्षात्मक अध्ययन गर्नु ।

ख) कवि गोपाल अश्कका काव्यात्रा र प्रवृत्तिहरूको अध्ययन गर्नु ।

ग) कवि गोपाल अश्कका खण्डकाव्य, गीतिकाव्य र महाकाव्यको सैद्धान्तिक रूपमा अध्ययन गर्नु ।

घ) शैलीशिल्प एवम् तत्त्वहरूका दृष्टिले गोपाल अश्कका काव्यकृतिहरूको अध्ययन तथा मूल्याङ्कन गर्नु ।

यिनै उद्देश्यहरूको परिपूर्तितर्फ यो अध्ययन केन्द्रित रहेको छ ।

## १.६ शोधकार्यको औचित्य र महत्त्व

कवि गोपाल अश्क राष्ट्रिय स्तरमा रहेर साहित्यसेवा गर्न सक्ने प्रतिभा हुन् । साहित्य समाजको दर्पण हो भने साहित्यकार समाजका विभिन्न परिवेशमा रहेर कलम चलाउने धरोहर हुन् । कवि गोपाल अश्कका काव्यकृतिहरूको माध्यमबाट समाजमा व्याप्त विसङ्गति, आर्थिक विपन्नता, राजनैतिक प्रदूषण, वासनात्मक प्रेम तथा सामाजिक यथार्थको धरातलमा रही उनको काव्यसाधना, गजल-काव्य लेखनतर्फको आकर्षण र समाजप्रतिको दायित्वबारे विश्लेषणात्मक रूपबाट चर्चा गर्नु यस शोधकार्यको औचित्य रहेको छ । अतः यो विषय औचित्यपूर्ण रहेको छ साथै कवि गोपाल अश्कका काव्यकृतिहरूका बारेमा आजसम्म पनि विशेष अध्ययन र अनुसन्धान नभएकोले यस शोधकार्यको औचित्य र महत्त्व स्पष्ट हुन्छ ।

## १.७ पूर्वकार्यहरूको विवरण र समीक्षा

कवि गोपाल अश्क राष्ट्रिय स्तरमा नै स्थापित कुशल एवम् प्रतिष्ठित साहित्यकार हुन् । यिनका बारेमा विभिन्न पत्रपत्रिकामा अन्तर्वार्ता, आलेख तथा शोधकार्य भैसकेको देखिन्छ । गोपाल अश्क एक स्तरीय गजलकार पनि हुन् । गजलका नियमहरूमा बद्ध भएर उनले गजल-महाकाव्य लेख्ने नयाँ प्रयोग पनि गरेका छन् । यिनका गजल/काव्यकृतिहरूका बारेमा विस्तृत रूपबाट अध्ययन विश्लेषण तथा मूल्याङ्कन हुन सकेको देखिँदैन ।

रामप्रसाद पाण्डेद्वारा *नारायणी अञ्चलका प्रतिनिधि गजलकार र गजलकृति*को शीर्षकमा अध्ययन भएको देखिन्छ भने विमला भट्टले *साहित्यकार गोपाल अश्कको जीवनी, व्यक्तित्व र कृतित्व*को अध्ययन (अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवनः त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६७) भन्ने शीर्षकमा गोपाल अश्कको सर्वाङ्गपूर्ण जीवनीको चित्रण गरेकी छन् ।[१] तर उनका काव्यकृतिहरूका बारेमा अध्ययन विश्लेषण हुन सकेको देखिँदैन । देशका स्थापित साहित्यकारहरूले गोपाल अश्कका बारेमा आ-आफ्ना तर्कहरू दिएका छन् । तिनको कालक्रमिक विवरण यसप्रकार रहेको छ :

निर्मल आचार्यले *भोजपुरी नाटकमा गोपाल अश्क* भन्ने शीर्षकको सिर्जना, अनुवाद, सम्पादन अध्ययन, अनुसन्धान आदि कार्यमा निरन्तर क्रियाशील कवि गोपाल अश्कको चिनारी दिंदै नेपालमा भोजपुरी भाषासाहित्यको स्थान र अवस्थाबारे गहन अध्ययन प्रस्तुत गरेका छन् ।[२]

लक्ष्मणप्रसाद गौतमले *प्रेमान्तर एक दृष्टिकोण,* शीर्षकमा प्रेमान्तर गजल महाकाव्यको सिर्जनाले गजलको लय संरचनामा पनि महाकाव्य लेख्न सकिन्छ भन्ने कुरालई प्रमाणित गरेको छ भन्ने कुरा उल्लेख गरेका छन् ।[३] ६ सेरको मङ्गलाचरण र १६ सर्गको आयाममा विस्तारित भएको यस महाकाव्यको बाह्यसंरचनालाई अझ व्यवस्थित तुल्याउन ७ औंदेखि १६ औं सर्गसम्मको दोस्रो खण्डमा राखिएको कुरा उनले उल्लेख गरेका छन् । यस गजल-

१. बिमला भट्ट, *गोपाल अश्कको जीवनी र कृतित्वको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र (चितवनः त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६७) ।

२. निर्मला आचार्य, *भोजपुरी नाटकमा गोपाल अश्क* (गोरखापत्र, २०६२ जेठ १४), पृ. ४ ।

३. लक्ष्मणप्रसाद गौतम, *प्रेमान्तर एक दृष्टिकोण* (गोरखापत्र, २०६२ जेठ १४), पृ. ३० ।

महाकाव्यको विषयवस्तुलाई पहिलो र दोस्रो खण्डमा कथानकलाई कौतुहलताकासाथ सम्बेदनशील बनाएको छ । प्रेमरसले भरिपूर्ण यो कृतिमा प्रेमको सच्चा एवं आदर्श रूपको चित्रण गरिएको छ ।

मोहन दुवालले *भोजपुरी भाषाका सिद्धहस्त लेखक* भन्ने शीर्षकमा गोपाल अश्क नेपाली राष्ट्रभाषा, हिन्दी र भोजपुरी राष्ट्रिय भाषा गरी तीनवटा भाषामा नै आफ्नो छवि र गरिमामय उपस्थिति साहित्य सिर्जनामा देखाउन सफल रहेका देखिएका छन् । यिनले साहित्य मार्फत् समाजलाई नयाँ बाटो दिन सफल रहेका छन् भन्ने कुरा देखाएका छन् ।[४]

रमेश गोर्खालीले *तराई रत्न गोपाल अश्कको भाषिक साधना* शीर्षकको दृष्टिलेखनमा आधुनिक नेपाली वाङ्मयमा सर्वश्री गोपालप्रसाद रिमाल, गोपाल भण्डारी, गोपाल अधिकारी र गोपाल पराजुली प्रतिभावान् व्यक्तित्व झैं गोपाल अश्क त्यसै गोपाल नामावलीमा पर्ने प्रसिद्ध नाउँ भएको कुरा बताएका छन् ।[५]

लक्ष्मणप्रसाद गौतमले *प्रेमान्तरमा बिम्बविधान* शीर्षकको समीक्षात्मक लेखमा आधा दर्जनजति विभिन्न साहित्यिक पुरस्कार एवम् सम्मानहरूबाट सम्मानित गोपाल अश्कका रचनामा प्रणयचेतना, समाजचेतना र जीवनचेतनालाई कुनै न कुनै रूपमा प्रस्तुत गरिएको हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् ।[६] नयाँ प्रयोगमा समेत रुचि राख्ने गोपाल अश्कले नेपाली साहित्यमा नै सम्भवतः पहिलो नै देखिएको पाइन्छ । यस आधारमा उनको **प्रेमान्तर**ले नेपाली गजल साहित्यमा पहिलो गजल महाकाव्य हुने अधिकार राखेको छ ।

खगेन्द्रप्रसाद लुइँटेलले *भोजपुरीका साहित्यकार गोपाल अश्क* भन्ने शीर्षकको टिप्पणी लेखमा साहित्यकार गोपाल अश्कको लेखनी विशेषतः भोजपुरी र हिन्दीका गद्य एवम् पद्य दुवैतर्फ प्रवाहित भएको पाइए पनि यिनको गद्यको सापेक्षतामा पद्य सिर्जना विशेष उल्लेखनीय रहेको कुराको चर्चा गरेका छन् । यिनलाई नेपाली, भोजपुरी साहित्यमा प्रथम महाकाव्यकार बन्ने

---

४. मोहन दुवाल, *भोजपुरी भाषाका सिद्धहस्त लेखक अश्क* (जनमत, सा.मा., वर्ष २४, अङ्क १०, २०६४), पृ. ३० ।

५. रमेश गोर्खाली, *तराई रत्न गोपाल अश्कको भाषिक साधना* (जनमत, सा.मा., वर्ष २४, अङ्क १०, २०६४), पृ. ३४ ।

६. लक्ष्मणप्रसाद गौतम, *प्रेमान्तरमा विम्वविधान* (जनमत, सा.मा., वर्ष २४, अङ्क १०), पृ. ३४ ।

श्रेय प्राप्त भएको छ ।[७] युगीन मानवीय जनजीवनका भोगाइ, माया, प्रेम, सत्य-असत्य, सामाजिक, राजनैतिक, आर्थिक, साहित्यिक परिस्थिति, जीवनमूल्य, सङ्गति आदि विविध सन्दर्भ र प्रसङ्गहरूलाई अनुभूतिमय तुल्याएर साहित्यकार गोपाल अश्कले आफ्ना रचनामा प्रस्तुत गरेका छन् । यसैबाट पनि यिनको लेखनीको महत्ता झल्किएको देखिन्छ ।

सञ्जय साह 'मित्र' ले *अश्क एक : व्यक्ति अनेक* शीर्षकको लेखमा गोपाल अश्कको व्यक्तित्व झल्काउँदै सर्जक व्यक्तित्व, अनुसन्धाता व्यक्तित्व, सम्पादक व्यक्तित्व र अन्य व्यक्तित्व भनी उनले साहित्यिक साधनामा लागेका गोपाल अश्कको गहन रूपले मूल्याङ्कन गरेका छन् ।[८] तर उनका साहित्यिक कृतिहरूका बारेमा खुलेर चर्चा गरेका छैनन् ।

यसरी साहित्यकार गोपाल अश्कका बारेमा विभिन्न लेख, रचना, आलेखहरूमार्फत थुप्रै टीकाटिप्पणी भएको पाइए तापनि कविका रूपमा गोपाल अश्कको काव्यकारिता र काव्यकृतिहरूका बारेमा स्पष्ट रूपबाट मूल्याङ्कन हुन नसकेको अवस्थामा उनका काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन, विश्लेषण एवं मूल्याङ्कन यस शोधपत्रमा गरिएको छ ।

## १.८ शोधकार्यको सीमा र क्षेत्र

नेपालीय भोजपुरी साहित्यका कुशल साहित्यकार गोपाल अश्कले नेपाली र भोजपुरी साहित्यमा विशेष योगदान दिएका छन् । साहित्यकार अश्कको अहिलेसम्म कुनै पनि काव्यकृतिहरूको अध्ययन, अनुसन्धान तथा समुचित मूल्याङ्कन हुन नसकेको सन्दर्भमा उनका काव्यकृतिहरूको विश्लेषणात्मक रूपबाट अध्ययन गरी उनको योगदानको मूल्याङ्कन गरिएको छ । त्यसैले यस शोध कार्यमा कवि गोपाल अश्क र उनको काव्यकारितालाई केन्द्रीय विषय बनाइएको हो ।

यस सन्दर्भमा नेपाली भाषामा महाकाव्य **प्रेमान्तर** (२०६२), भोजपुरी भाषामा रचित **धँधोर** ( २०५५) महाकाव्य **कवि के जनमकुण्डली** (गीतिकाव्य, २०५१) खण्डकाव्यको अध्ययन र

---

७. खगेन्द्रप्रसाद लुइँटेल, *भोजपुरीका साहित्यकार गोपाल अश्क* (जनमत, सा.मा., वर्ष २४, अङ्क १०, २०६४), पृ. ३८ ।

८. सञ्जय साह 'मित्र', *अश्क एक : व्यक्ति अनेक* (जनमत, सा.मा., वर्ष २४, अङ्क १०, २०६४), पृ. ३९ ।

विश्लेषण गरिएको छ । यिनै काव्यकृतिहरूको विश्लेषणका क्रममा विधागत तत्त्वहरूलाई आधार मानिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

शोध विषयसँग सम्बद्ध विभिन्न सामग्रीहरूको सङ्कलन गरी तिनलाई एकत्रित गर्ने कार्यलाई सामग्री सङ्कलन विधि भनिन्छ ।[९] यो शोधकार्य तयार गर्ने सन्दर्भमा सङ्कलन गर्ने क्रममा दुई विधि अपनाइएको छ :

### १.९.१ पुस्तकालयीय विधि

पुस्तकहरूको अध्ययन गरी सामग्री सङ्कलन गर्ने विधिलाई पुस्तकालयीय विधि भनिन्छ ।[१०] पुस्तकहरूको सैद्धान्तिक विषयवस्तुहरूको अध्ययन, विभिन्न लेख, रचना, आलेख, समीक्षा र शोधकार्यको सङ्कलन गरिएको छ । साथै काव्यसम्बन्धी सम्बद्ध पुस्तक, पत्रपत्रिकाहरू खोजीनिती गरिएको छ ।

### १.९.२ क्षेत्रीय अध्ययन विधि

कुनै पनि अनुसन्धानकर्ताले शोधको विषय, प्रकृति, समस्या र उद्देश्यअनुरुप सम्बन्धित ठाउँ वा क्षेत्रमा गएर नै प्रत्यक्ष आफ्नो संलग्नतामा आवश्यक तथ्य तथा सामग्री सङ्कलन गर्ने कार्यलाई क्षेत्रीय अध्ययन सामग्री सङ्कलन विधि भनिन्छ ।[११] प्रस्तुत शोध सङ्कलन गर्ने क्रममा शोधनायककै घरमा गई आवश्यक सामग्रीहरू लिइएको छ ।

### १.९.३ अन्तर्वार्ता/भेटघाट

सामान्य अर्थमा अन्तर्वार्ता भन्नाले उद्देश्यमूलक ढङ्गले कसैसँग गरिने कुराकानी, वार्तालाप वा साक्षात्कार भन्ने बुझिन्छ । यस विधिअन्तर्गत अनुसन्धेय व्यक्ति जीवितै भएकाले प्रत्यक्ष भेटघाट, कुराकानी, अन्तर्वार्ता र उनका परिवारसँग कुराकानी आदि गरी आवश्यक जानकारी लिने प्रक्रियालाई अवलम्बन गरिएको छ ।

---

९. ताराकान्त पाण्डेय, **गरिमा**, वर्ष १८, अंक ३ (ललितपुरः साझा प्रकाशन, २०५६), पृ. २८ ।
१०. ऐजन, पृ. २९ ।
११. ऐजन, पृ. २९ ।

यसरी उपर्युक्त अध्ययन विधिहरू अपनाइए पनि प्रमुख रूपमा भने साहित्यकार गोपाल अश्ककै प्रकाशित गजल/काव्यकृतिहरू नै अध्ययनका मूल स्रोत रहेका छन् र यस क्रममा शोधनायकसँग लिइएको मौखिक अन्तर्वार्तालाई पनि सामग्रीको स्रोत स्वीकारिएको छ ।

## १.९.४ सैद्धान्तिक ढाँचा

प्रस्तुत कार्य अन्तर्गत काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन खण्डमा स्वयम् अनुसन्धेय व्यक्तिसँगको अन्तर्वार्ता र भेटघाटलाई मूल आधार मानिएको छ । यसै क्रममा काव्यकृति विश्लेषणका लागि काव्य शीर्षक, लयविधान, कथनपद्धति, भाषाशैली, संरचना, भाव/विचार, पात्रविधान र बिम्बालङ्कारलाई आधार मानिएको छ ।

## १.९.५ शोध विश्लेषण विधि

यस शोधकार्यको सङ्कलित सामग्रीको विश्लेषण मूलतः वैज्ञानिक पद्धतिका आधारमा गरिएको छ । यसका लागि आवश्यकता अनुसार वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक पद्धति अपनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधपत्रको मुख्य संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित परिच्छेद, अध्याय, शीर्षक, उपशीर्षक आदिमा यसरी विभाजित गरिएको छ :

**अध्याय एक : शोधपरिचय**

यस अन्तर्गत शोधशीर्षक, शोधकार्यको प्रयोजन, शोधपत्रको परिचय, शोधसमस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, शोधपत्रको सीमा र क्षेत्र, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा उपशीर्षक रहेका छन् ।

**अध्याय दुई : कवि गोपाल अश्कका काव्ययात्रा र प्रवृत्ति**

यस अध्यायमा काव्य परिचय, कवि गोपाल अश्कमा काव्यकृतिहरूको लेखनक्रममा पार गरेका विभिन्न चरण, उनका चरणात्मक प्रवृत्ति र उनका काव्यकारिताको मूल्याङ्कन एवम् प्रवृत्तिहरूका बारेमा अध्ययन गरिएको छ ।

**अध्याय तीन : कवि गोपाल अश्कका काव्यकृतिहरूको वर्गीकरण र विषयवस्तुगत समीक्षा**

यस अध्यायमा पूर्वीय आचार्यहरूको दृष्टिकोणमा काव्यको वर्गीकरण गरेर कवि गोपाल अश्कका काव्यकृतिहरूलाई खण्डकाव्य, महाकाव्य, गीतिकाव्य, गजल-महाकाव्य जस्ता उपविधाहरूमा वर्गीकरण गरी काव्यका तत्त्वहरूका आधारमा उनका काव्य कृतिहरूको विषयवस्तुगत विश्लेषण प्रस्तुत गरिएको छ ।

**अध्याय चार : कवि गोपाल अश्कका खण्डकाव्य, महाकाव्य र गीतिकाव्यको अध्ययन**

यस अध्ययनमा कवि गोपाल अश्कका खण्डकाव्य (*कजरी,* २०४७), गीतिकाव्य, (*कवि के जनमकुण्डली,* २०५४) र महाकाव्य क्रमश : *प्रेमान्तर* (गजल-महाकाव्य, २०६२), *धँधोर* ( २०५५) गरी नेपाली तथा भोजपुरीका जम्मा चार कृतिहरूको सैद्धान्तिक दृष्टिकोणबाट विश्लेषणात्मक अध्ययन गरिएको छ ।

**अध्याय पाँच : शैलीशिल्प एवम्** तत्त्व**हरूका दृष्टिले गोपाल अश्कका काव्यकृतिहरूको अध्ययन तथा मूल्याङ्कन**

यस अध्यायमा शैलीशिल्प एवम् काव्यका तत्त्वहरूका दृष्टिले कवि गोपाल अश्कका काव्यकृतिहरूको अध्ययन एवं मूल्याङ्कन गरिएको छ ।

**अध्याय छ : मूल्याङ्कन तथा उपसंहार**

यस अध्यायमा अघिल्ला अध्यायमा चर्चा भइसकेका प्रत्येक अध्यायहरूको अलग-अलग रूपमा सारांश र अन्तमा समग्र अध्यायहरूको निष्कर्ष एवम् उपसंहार प्रस्तुत गरिएको छ ।

यसरी यो शोधपत्र आन्तरिक र बाह्य संरचना तथा आदि भाग, मध्यभाग र अन्तभाग निर्माणद्वारा साङ्गोपाङ्गो बनाएर प्रस्तुत गरिएको छ । यसपछि सन्दर्भसामग्रीसूची अन्तर्गत सन्दर्भग्रन्थसूची प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई

# काव्य परिचय

## २.१ पृष्ठभूमि

कविद्वारा सम्पन्न भएका कार्यलाई अर्थात् तिनका कृतिलाई सामान्यतया काव्य भनिन्छ ।[१२] मानिसको जीवन दर्शन र सौन्दर्यकलाको परिणाममा यो सबैभन्दा उत्तम मानिएको छ । साहित्यका महत्त्वपूर्ण विधाहरूमध्ये कविता सर्वप्राचीन र समृद्ध विधा हो । विश्वकै सर्वप्राचीन साहित्य मानिने वैदिक संस्कृत साहित्यमा 'काव्य' शब्दको व्यापक अर्थमा प्रयोग भएको पाइन्छ । 'कवि' शब्दमा 'य' (यत्) प्रत्यय लागेर 'काव्य' शब्द बनेको हो ।[१३] काव्यले कविद्वारा गरिएको कार्य वा सृजनालाई बुझाउँछ । अपितु कवि शब्दले वर्णनकालमा निपुण व्यक्ति वा सर्वज्ञ व्यक्ति भन्ने बुझिन्छ । पूर्वीय साहित्यमा काव्य र कवितालाई समान अर्थमा लिइन्छ । 'कवि' शब्दमा 'त' (तल्) र 'आ' (टाप्) प्रत्यय लागेर कविता शब्द बनेको पाइन्छ । कविता भन्नाले कविद्वारा रचित रचना वा कविकर्म भन्ने बुझिन्छ । यसर्थ कवि, काव्य र कविता आपसमा सम्बद्ध देखिन्छन् र कविकर्मलाई नै काव्य वा कविता भन्ने गरिन्छ । कविता/काव्यलाई 'पोयट्री' भनिने पाश्चात्य जगतमा 'पोयट' बाटै 'पोयट्री' शब्द बनेको देखिन्छ । यसै कवि शब्दबाट बनेको 'कविता' ले भावात्मक वर्णन, 'काव्य' ले विषयपरक वा वस्तुपरक वर्णनलाई  अङ्गीकार गरेको पाइन्छ । प्राचीन पूर्वीय आचार्यहरू कविताभन्दा काव्य शब्दतर्फ बढी झुकेका देखिन्छन् र प्रयोग पनि त्यसै अनुरुप 'काव्य' शब्दकै बढी भएको पाइन्छ । प्राचीन कालमा साहित्यको समुच्चय रूपलाई वाङ्मय भनिन्थ्यो । कालान्तरमा वाङ्मयले साहित्य र विविध ज्ञानशास्त्रलाई प्रतिनिधित्व गर्दै आएको परिप्रक्ष्यमा साहित्यको परिभाषा पनि बेग्लै ढङ्गले हुन थालेको पाइन्छ । यसरी अहिले 'साहित्य' शब्दले जुन मर्म, धर्म र अर्थलाई वहन गर्दछ, ठीक त्यही मर्म, अर्थ र धर्मलाई प्राचीन कालमा काव्य वा कवितालाई बुझाउने 'साहित्य' शब्दभित्र आख्यान, नाटक, निबन्ध आदि विधाहरू

---

१२. कृष्णप्रसाद पराजुली, *राम्रो रचना : मीठो नेपाली* (काठमाडौं : सहयोगी प्रेस, २०३९) पृ. ३२६ ।

१३. वासुदेब त्रिपाठी, *नेपाली कविता भाग-४* (ललितपुर : साझा प्रकाशन, २०५३), दो.सं. पृ. १३० ।

पनि समावेश भएपछि काव्य शब्दभित्र कविताका लघुतम रूपदेखि वृहत्तर रूपसम्मका पद्यमय विधाहरू, गद्यात्मक लामाछोटा कविताहरू, खण्डकाव्य, महाकाव्य, गीतिकाव्य आदि विधाहरू समावेश भएका पाइन्छन् । आचार्य विश्वनाथको **साहित्य दर्पण** लक्षण-ग्रन्थ प्रकाशित भएपछि भने परम्परित काव्य शब्दको वृहत् अर्थलाई साहित्य शब्दले विस्थापित गरी काव्य केवल पद्य विधाको एक उपविधालाई मात्रै बुझाउने शब्द विशेष बन्न पुगेको कुरा विज्ञहरूले औंल्याएका छन् ।[१४] कविता विधाले मुक्तक र फुटकरबाट माथि उठेर आख्यानात्मक सूत्रलाई आत्मसात् गरी वृहत् महाकाव्यात्मक स्वरूप फेलापर्दाका क्षणसम्मको यात्राका क्रममा काव्य शब्दको अस्तित्व सल्बलाउन पुगेको स्थिति देखिन्छ । त्यसैले आजभोलि संस्कृत साहित्यमा साहित्य शब्दको अर्थविस्तार भएको र काव्य शब्दको अर्थसङ्कोच भई केवल काव्यले कविता विधाका खण्डकाव्य, गीतिकाव्य, महाकाव्य, कोशकाव्यसँग मात्रै टाँसिएर रहने अवसर पाएको छ । यसरी हाल आएर साहित्य शब्दले काव्य शब्दको भन्दा व्यापक अर्थ समेट्न थालेको छ । काव्य शब्द पद्य विधामा मात्र खुम्चिन पुगेको छ भने साहित्य शब्दले चाहिं व्यापक अर्थमा समस्त वाङ्मयलाई नै बुझाउन थालेको छ । अझ स्पष्ट रूपबाट भन्दा मानिसको हृदयलाई स्पर्शद्वारा मनोरम तुल्याई दुःख, पीडा र वेदनाका अनुभूतिलाई समेटेर व्यक्त गरिने पद्यविधा नै आजको काव्य बनेको छ ।[१५]

यी समग्र कुराहरूबाट के देखिन्छ भने हृदयका सूक्ष्म र कोमल भावनाको मूर्त रूप काव्य हो । यसैले काव्यमा एउटा प्रभावोत्पादक शक्ति रहेको हुन्छ, जसमा रमणीयता तथा मनोरञ्जकता हुनु पनि त्यत्तिकै आवश्यक देखिन्छ । रस, सौन्दर्य र चमत्कार अनि भावानुरुप गुण भएमा काव्य सुन्दर हुनुका साथै अलङ्कार, गुण, रीति आदि उपकरणहरूले पनि काव्यको शिल्पसज्जा एवम् सौन्दर्यमा माधुर्य भर्ने गर्दछन् ।

---

१४. केशवप्रसाद उपाध्याय, *प्राथमिककालीन कवि र काव्यप्रवृत्ति,* (ललितपुरः साझा प्रकाशन, ते.सं., २०४९), पृ. ५ ।

१५. हिमांशु थापा, *साहित्य परिचय* (ललितपुर : साझा प्रकाशन, चौधौं सं., २०५०), पृ. २३५ ।

## २.२ काव्यसम्बन्धी परिभाषाहरू

काव्य र कविताका सम्बन्धमा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका आ-आफ्नै धारणा र विचारहरू रहेका छन् । मानिसको जीवनदर्शन, सौन्दर्यकला, हृदयका सूक्ष्म र कोमल भावनाको मूर्त रूपलाई काव्यमा प्रस्फुटित गरिन्छ । काव्यसम्बन्धी पूर्वीय र पाश्चात्य विद्वानहरूले आ-आफ्ना तर्कहरू दिएका छन् ।

सर्वप्रथम त पूर्वीय आचार्य विश्वनाथले रसात्मक वाक्यलाई काव्य भनेका छन् भने मम्मटले दोषरहित शब्दार्थलाई नै काव्य मानेका छन् ।[१६] पं. जगन्नाथका परिभाषामा सुन्दर अर्थको प्रतीति गराउने शब्द नै काव्य हो । पश्चिमेली विद्वानमा मैथ्यु आर्नोल्डले 'जीवनको समालोचना काव्य' हो भन्ने तर्क दिएका छन् । यसरी पूर्वीय तथा पाश्चात्य आचार्यहरूले काव्यसम्बन्धी आ-आफ्नै ढङ्गले परिभाषा दिएका छन् । हाम्रा नेपाली कविहरूले अहिलेको सन्दर्भमा काव्यसम्बन्धी परिभाषाहरू यसरी दिएका छन् :

बालकृष्ण समका विचारमा 'सार्थक शब्द नै ब्रम्हा हो, ब्रम्हा जान्ने ब्राम्हण हो, सार्थक शब्दसमूह पत्र हो जुन पत्रमा लेखिन्छ, ती झाङ्गिएका पत्रमा पुष्प नै कविता हो, कविताको समूह काव्य हो ।'[१७]

लक्ष्मीप्रसाद देवकोटाका विचारमा 'हृदय र मस्तिष्कको सन्तुलित विकासको पैदावारी गराउने चेष्टाद्वारा प्रकाशवान् व्यक्तित्वबाट प्रवाहित सिर्जनाको धारा नै काव्य हो ।'[१८]

हृदयचन्द्रसिंह प्रधानले 'युगको क्षण र आकर्षक अर्थात् सौन्दर्यको कण मिसिई तदाकार भएर सर्वापेक्षा मानव समाजलाई कल्याणतिर उन्मुख गराउने प्रेरणाको साकारतालाई काव्य मानेका छन् ।'[१९]

भानुभक्त पोखरेलका दृष्टिमा 'कविताहरूमा पूर्वापर सम्बन्ध एकान्विति अथवा कलात्मकता भए पनि काव्य विस्तृत, रसात्मक, वृहत् द्रुतगामी कृति हो ।'[२०]

---

१६. विश्वनाथ, *साहित्य दर्पण* (दिल्ली : मोतीलाल बनारसीदास, सन्. १९७७), पृ. २२६ ।
१७. कृष्णप्रसाद पराजुली, *राम्रो रचना : मीठो नेपाली* (काठमाडौं : सहयोगी प्रेस, २०३९) पृ. ३२७ ।
18. नरेन्द्र चापागाईं, *काव्य समालोचना* (विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान, २०५२), पृ. ८ ।
१९. ऐजन, पृ. १० ।

यसरी निष्कर्षमा काव्य भनेको कविताहरूको विस्तृत झाङ्गिएको पुष्पहरूको समष्टि रूप हो जसमा हृदय सञ्चेतनाका भावहरूलाई पगाल्ने क्षमता रहेको हुन्छ अनि सौन्दर्यतत्त्व एवम् आनन्ददायक गुणहरूको सम्पन्नता रहन्छ । रमणीय तथा मनेरञ्जक हुनु कविता/काव्यको वैशिष्ट्य हो । एउटा सुन्दर काव्य बन्नका लागि रस, सौन्दर्य र चमत्कार साथै भाव अनुरूपका गुणहरू हुनुपर्ने कुरा निर्विवाद छ । मानिसका दुःख, पीडा र वेदनाका भावहरूलाई टपक्क टिपेर हृदयलाई स्पर्श गर्दै अन्तरआत्माका प्रस्फुटित विचारहरू व्यक्त गर्नु काव्यको उपादेयता हो ।

## २.३ कवि अश्कको व्यक्तित्व र कृतित्व

### २.३.१ व्यक्तित्व

नेपालीय भोजपुरी भाषाका साहित्यकार गोपाल अश्क निरन्तर लेखिरहने, लेखेर नथाक्ने कुशल स्रष्टा हुन् । यिनी मूलतः भोजपुरी भाषाका स्रष्टा भएकाले आफ्नो मातृभाषा र साहित्यको उत्थानमा साधनारत देखिन्छन् । विशेषतः यिनी गजल र काव्यको क्षेत्रमा सर्वाधिक आकर्षित देखिन्छन् ।[२१] गोपाल अश्कको साहित्यिक व्यक्तित्व कविता र गजल सृजनामा मात्र छैन अपितु समीक्षा-सन्धानमा पनि निरन्तर रहेको छ । रचना, समालोचना, अनुसन्धान आदि क्षेत्रमा गतिशील अश्कले सम्पादन, अनुवाद गर्नुका साथै साहित्यिक व्यक्तित्व र द्रष्टा व्यक्तित्वका रूपमा गरी दुई रूपमा उनका व्यक्तित्वका पाटाहरूको उल्लेख गर्नु यहाँ समीचीन ठहर्छ ।

#### २.३.१.१ साहित्यिक व्यक्तित्व

साहित्य समाजको दर्पण हो । कुनै पनि व्यक्तिले आफ्नो जीवनमा गरेका विभिन्न पक्षका क्रियाकलापहरूबाट उसको व्यक्तित्व निर्माण हुन्छ । 'असामान्य रूपले कुनै व्यक्तिमा देखिने गुण नै व्यक्तित्व हो ।'[२२] जीवनमा घटेका विविध घटना, सुःख-दुःख, आरोह-अवरोहका आधारमा कुनै व्यक्ति विशेषमा छुट्टै प्रतिभा प्रस्फुटन हुन सक्छ । जीवन भोगाइका क्रममा

---

२०. ऐजन, पृ. १२ ।
२१. घनश्याम न्यौपाने 'परिश्रमी', *बेकहल जिन्दगी* (गजल सङ्ग्रह) मा व्यक्त विचार, पृ. ४ ।
२२. बालचन्द्र शर्मा (सम्पा.), *नेपाली शब्दकोश* (काठमाडौं : सृष्टि प्रकाशन, २०५७), पृ. ९८५ ।

व्यक्तिलाई आफ्नो वरिपरिको घर, समाज, परिवेश आदिले प्रभाव पारेको हुन्छ । सामाजिक परिवेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय घटनाक्रम पनि व्यक्तित्व निर्माणका प्रमुख कारक तत्त्व हुन सक्छन् । 'कुनै पनि व्यक्तिले उसको जीवनका ज्ञान र अनुभवका आधारमा कृतिहरूको रचना गर्दछ । रचनामा व्यक्तित्वको प्रभाव पर्दछ ।'[२३] साहित्यकार गोपाल अश्कले पनि साहित्यका विविध विधागत पक्षसँग सम्बन्धित भएर आफ्नो कलमलाई तिखारेको पाइन्छ । आफ्नै घर, समाज, संस्कृतिका विकृति एवम् विसङ्गतिलाई कोट्याउँदै आफ्नो साहित्यिक व्यक्तित्वलाई चिनाएका छन् । उनले कविता, गीत, गजल जस्ता साहित्यिक विधाहरूमा कलम चलाएको पाइन्छ । उनका यिनै विधाहरूका आधारमा साहित्यिक व्यक्तित्वलाई नियाल्नु सान्दर्भिक ठहर्छ ।

### २.३.२.२ कवि व्यक्तित्व

साहित्यकार गोपाल अश्कको विशेष व्यक्तित्व नै कवि व्यक्तित्व हो । विद्यालय अवस्थादेखि नै साहित्यतर्फ उन्मुख भएका अश्कले मनमा उठेका भाव संवेदनालाई आफ्ना कवितामार्फत पस्केका छन् । खासगरी प्रयोगशील/प्रयोगवादी साहित्यसँग नजिक रहेका कवि गोपाल अश्कले आफ्ना कविता/काव्यमा नारीमा व्यथा र वेदनाहरूलाई पोखेका हुन्छन्।[२४] उनको पहिलो कविता सङ्ग्रह **लाल गौरैया** हाल उपलब्ध हुन नसकेको उनी स्वयम् बताउँछन् । काव्यका हकमा उनले २०४७ सालमा **कजरी** भोजपुरी भाषामा लेखिएको खण्डकाव्य प्रकाशित गरेर अश्क काव्यकार व्यक्तित्वका रूपमा स्थापित भइसकेका छन् । यो खण्डकाव्य प्रेम, सामाजिक विसङ्गति र नारी सङ्घर्षलाई केन्द्रमा राखी लेखिएको काव्य हो । २०५५ सालमा भोजपुरी भाषामा **धँधोर** महाकाव्य लेखेर महाकाव्यकार व्यक्तित्वका रूपमा चिनिएका अश्क २०६२ सालमा नेपाली भाषामा पहिलोचोटि गजलमा **प्रेमान्तर** महाकाव्य लेखेर गजल-महाकाव्य लेखनको नौलो आयाम ल्याउन सफल भएका छन् ।

---

२३. कृष्णचन्द्रसिंह प्रधान (सम्पा.), *साझा समालोचना* (ललितपुर : साझा प्रकाशन, चौथो सं., २०५२), पृ. १०४ ।

२४. शोधनायकबाट प्राप्त जानकारी ।

### २.३.२ कृतित्व अध्ययन

नेपालीय भोजपुरी साहित्यमा साधनारत गोपाल अश्क साहित्य सिर्जनामा निरन्तर समर्पित साधक हुन् । उनले विशेषगरी साहित्यका कविता/काव्य, गीत र गजलका क्षेत्रमा कलम चलाएको देखिन्छ । अझ उनले गजलमा समेत महाकाव्य लेखेर नौलो प्रयोग भित्र्याएकोले प्रथम गजल महाकाव्यकार बन्ने श्रेय प्राप्त गरेका छन् । उनका कृतित्व अध्ययनपूर्व कविता र फुटकर कविता सिर्जना, गीतिकाव्य र गीतिकाव्यकारिता, खण्डकाव्य र खण्डकाव्यकारिता, महाकाव्य र महाकाव्यकारिता जस्ता कुराहरूको यहाँ विश्लेषण गर्नु सान्दर्भिक ठहर्छ ।

### २.३.२.१ कविता र फुटकर कविता सिर्जना

'कविद्वारा आफ्नो संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा रचिएको साहित्यिक कृतिलाई कविता भनिन्छ ।'[२५] कवि गोपाल अश्क बाल्यकालदेखि नै कविता विधामा सफल भएका देखिन्छन् । दुई चार फुटकर कविता र गीत, गजलका स्रष्टा अश्कले आफ्नो प्रारम्भिक कालदेखि नै फुटकर कवितामा कलम चलाएको पाइन्छ । त्यसपछि भने रचना, अनुवाद र प्रकाशनतिर लागेको पाइन्छ । नेपालीय भोजपुरी साहित्यका कवि गोपाल अश्क सामान्यतः लोकछन्दमा लेखिएको फुटकर कविता **लाल-गोरैया** (२०४५) शीर्षकको कविताबाट कवितायात्राको सुरुवात गरेका अश्कले थुप्रै फुटकर कविता लेखे तापनि अन्य रचना प्रकाशित भएको पाइँदैन । पाण्डुलिपि अवस्थामा प्राप्त अप्रकाशित फुटकर कविता तथा रचनाहरूको कालक्रमिक विवरण यसप्रकार छ :

| सि.नं | कविता | पत्रिकाको नाम | मिति | अङ्क |
|---|---|---|---|---|
| १ | यसैगरी बन्द भइरहोस् नेपाल | सयपत्री | - | १८ |
| २ | भोजपुरी हृदयस्थलमा मैथिली कविको स्वागत | सत्यसन्देश | - | - |
| ३. | निस्सासिएको जिन्दगी | सत्यसन्देश | २०६१ | - |
| ४. | अभिमन्युको हत्या भइरहन्छ | सत्यसन्देश | - | - |
| ५. | नातिनीलाई हेर्दा | सत्यसन्देश | - | - |
| ६. | हजुरः कानमा पर्‍यौं | सत्यसन्देश | - | - |

२५. बासुदेव त्रिपाठी (सम्पा.), *नेपाली साहित्यकोश* (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. २४० ।

| | | | | |
|---|---|---|---|---|
| ७. | कवि विनयको मृत्युयात्रालाई सम्झिँदा | शब्दसंयोजक | २०६३ | १२३ |
| ८. | स्वच्छ छविको खोजीमा | सत्यसन्देश | - | - |
| ९. | श्रीमान् श्रीमतीको कुरा | सत्यसन्देश | २०६१ | - |
| १०. | समीक्षाको समीक्षा | अङ्कुश | २०६४ | - |
| ११. | भोजपुरी भाषामा हास्यव्यङ्ग्य कविता | कान्तिपुर | २०५२ | - |
| १२. | मुखुण्डाको मनः एक अवलोकन | गरिमा | २०५७ | - |

## २.३.२.२ गजल र गजलकारिता

नेपाली साहित्य जगत्मा अत्यन्त प्रभावकारी काव्यविधाका रूपमा गजल देखापरेको छ । हरेक तह, तप्का एवम् वर्गका मानिसहरूको रुचिको विषय अहिले गजल बन्न सफल भएको छ । पहिला राजा महाराजाका दरबारमा र निवासमा अनि नवाबहरूका कोठीका गजल सुनाइने वा गाइने परम्परा थियो । अहिले आएर गजल आम जनसमुदायको प्रिय विषयको रूपमा प्रस्तुत भएको छ । समाजका हरेक क्षेत्रमा गजल गुञ्जिएको छ । गजल साहित्यिक विधा हो । साहित्यका विभिन्न विधाहरूको आ-आफ्नै विशेषता भए झैं गजलको पनि आफ्नै विशेषता हुन्छ । 'आफैंमा पूर्ण सेरहरू तथा काफिया, रदिफ, तखल्लुस, छन्द आदिको प्रयोगका कारण गजलले अन्य विधाहरूभन्दा छुट्टै पहिचान प्राप्त गरेको छ ।'[२६] गजल सेरहरूको समष्टि रूप हो । 'गजलको सङ्गीतसँग अत्यन्त घनिष्ट सम्बन्ध रहेको हुन्छ । गजल लयबद्ध हुन्छ । कुनै न कुनै छन्दमा बद्ध हुनु गजलको विशेषता हो ।'[२७] नेपालीय भोजपुरी साहित्यमा साधनारत गजलकार गोपाल अश्क नेपाली तथा भोजपुरी दुवै क्षेत्रका गजल विधामा स्तरीय देखिन्छन् । नेपाली साहित्यमा गजलमा महाकाव्य लेखेर नौलो प्रयोग ल्याउन सफल गजलकार अश्क वि.सं २०६२ सालमा **प्रेमान्तर** गजल-महाकाव्य लेखेर प्रथम गजल महाकाव्यकार हुने श्रेय समेत प्राप्त गरेका छन् । अहिलेसम्म गजलमा महाकाव्य लेखिन नसकेको प्रसङ्गमा उनले गजलमा महाकाव्य लेखेर नौलो आयाम थपेका छन् । 'अर्न्तवस्तुका दृष्टिले प्रणयपरक केन्द्रीय अर्न्तवस्तु रहेको प्रेमान्तर आख्यानात्मक रचना भए

---

२६. घनश्याम न्यौपाने 'परिश्रमी', *गजल सौन्दर्य मीमांसा* (रुपन्देही : सनसाइन आवासीय उ.मा.वि. २०६४), पृ. २ ।

२७. कृष्णहरि बराल, *गजल : सिद्धान्त र परम्परा* (ललितपुर : साझा प्रकाशन, २०६४), पृ. १ ।

पनि यसमा बिम्बको प्रभावपूर्ण संयोजन पाइन्छ ।[२८] **प्रेमान्तर** मार्फत अश्कले आफ्नो गजलात्मक महाकाव्यको लेखन प्रवृत्तिलाई पाठकसामु पस्किन सफल भएका छन् । भोजपुरी भाषामा लेखिएको **बेकहल जिन्दगी** र हिन्दी भाषामा लेखिएको **पर्वतों की ओट में** गजलसङ्ग्रहरूमा पनि गोपाल अश्क हिन्दी तथा भोजपुरी समाजका प्रति देखिएको विकृति, विसङ्गति, नारी समस्या र पीडाका कुराहरूलाई विभिन्न प्रतीक र बिम्बहरूको प्रयोग गरेर अभिव्यक्ति दिनु उनको गजलात्मक प्रवृति वा गजलकारिता हो । यसका साथै लयात्मकता, सामाजिकता, स्थानीय अस्तित्ववादी चिन्तन, प्रेमप्रतिको सकारात्मक चिन्तनको प्रस्तुतीकरण र गजलमा महाकाव्य लेखनको नौलो प्रयोग उनका गजलकारिताका खास वैशिष्ट्य हुन् ।

### २.३.२.३ खण्डकाव्य र खण्डकाव्यकारिता

'काव्यका लक्षणहरू पूरा भएको सानो प्रबन्धात्मक काव्यलाई खण्डकाव्य भनिन्छ ।[२९] यो कविता विधाको यस्तो मझौला आयामको उपविधागत भेद ठहर्छ, जसले कुनै आख्यान अँगालेर वा नअँगाली जीवनजगत्को एक अंश वा भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त भाषिक लयका माध्यमबाट व्यक्त गर्दछ । खण्डकाव्य (लघुकाव्य/सानो काव्य/छोटो काव्य) का मुख्यतः तीन ढाँचा पश्चिममा र पूर्वमा पनि देखापर्दछ । नेपाली तथा भोजपुरी खण्डकाव्य साहित्यको विकासक्रमलाई हेर्दा विशेष गरी देशको राजनैतिक स्थितिको पनि यसमा प्रभाव परेको पाइन्छ । विशेषतः नेपाली तथा भोजपुरी साहित्यमा अहिलेसम्म जे-जस्ता प्रभाव र प्रवृत्तिको जन्म भयो, गोपाल अश्कका खण्डकाव्यहरूमा पनि त्यसको प्रभाव परेको पाइन्छ । देशको राजनैतिक र सामाजिक विकृति, वर्गीय भेदभाव, मानव अस्तित्व, सामाजिक विसङ्गतिप्रति आक्रोश, असन्तुष्टि र कुण्ठाहरूको प्रवृत्ति, स्वार्थी प्रवृत्तिप्रति घृणा, मानवीय भेदभावको अन्त्यको चाहना आदि समसामयिक सन्दर्भहरूलाई उनले आफ्नो खण्डकाव्यात्मक अभिव्यक्तिको विषय बनाएका छन् । उनको यो काव्यात्मक प्रवाह लेखनको प्रारम्भिक अवस्थाबाट नै देखा पर्दछ र पछिल्ला चरणहरूमा आइपुग्दा अझै सशक्त बनेको पाइन्छ । सङ्क्षेपमा भन्दा उनका खण्डकाव्यात्मक रचनामा बौद्धिकता, आदर्श व्यक्तिप्रति सम्मानभाव प्रकट, राष्ट्रवादी स्वर, भावुकता र मानवीय प्रेम, नैतिकता, इमान्दारिता,

---

२८. लक्ष्मणप्रसाद गौतम, *प्रेमान्तरमा बिम्ब विधान* (जनमत, सा.मा., वर्ष २४, अङ्क १०, २०६४), पृ. ३७ ।
२९. वसन्त कुमार शर्मा, *नेपाली शब्दसागर* (काठमाडौं : भाभा पुस्तक भण्डार, दो.सं., २०५८), पृ. २० ।

सुधारात्मक भावनाको प्रकटीकरण, स्वतन्त्रताको चाहना, अहिंसा र शान्तिको खोजी, सत्तावर्गको कुर्ची मोहप्रति व्यङ्ग्य, भाषिक सहजता र प्रौढता, समाजमा स्वार्थी र राजनैतिक चरित्रप्रतिको व्यङ्ग्य, मात्रिक तथा लोकद्वन्दको प्रयोग आदि अश्कका खण्डकाव्यात्मक प्रवृत्तिहरू हुन् ।

## २.३.२.४ गीतिकाव्य र गीतिकाव्यकारिता

'गीतितत्त्वलाई प्रमुखता दिएर रचिएको काव्यलाई गीतिकाव्य भनिएको पाइन्छ ।[३०] हर्ष, विषाद् आदि अनुभूतिलाई चुनिएका शब्दबाट लयात्मक रूपमा प्रस्तुत गरिने कविताको एक विशिष्ट प्रकार गीतिकाव्य हो । यसमा भावको स्वाभाविक प्रस्फुटन हुन्छ । वर्तमान परिप्रेक्ष्यमा गीत वा प्रगीत भनेर अङ्ग्रेजीको लिरिकल पोयमलाई बुझ्ने गरिन्छ । गीतिकाव्यमा गेयतत्त्वको प्रधानता हुन्छ र व्यक्तिमनका आन्तरिक भाव वा संवेग तथा हृदयसंवेद्य रागात्मक तत्त्वको प्रस्फुटन हुन्छ । सरल, क्षणिक वा तीव्र मनोवेगको भावात्मक प्रस्फुरण, सङ्क्षिप्त आयाम र प्रभावात्मक उत्कृष्टताका साथ गीतिकाव्य प्रस्तुत भएको हुन्छ ।

गोपाल अश्क सफल गीतकार हुन् । 'गोपाल अश्कमा कवि, गीतकार र गायक तीनै प्रतिभाहरू अन्तर्निहित छन् ।[३१] उनले नेपालीय भोजपुरी समाजमा प्रभाव पार्ने सुललित गीतहरू लेखेको पाइन्छ । उनी गीतका माध्यमबाट व्यङ्ग्य प्रदान गर्दै श्रोताहरूलाई छुट्टै आस्वादन प्रदान गर्न सफल छन् । सामाजिक विसङ्गति र नारी व्यथाहरूलाई आफ्नो गीतमा ढाल्न सिपालु अश्क सरल एवं सहज रूपमा गीत लेख्ने गीतिकाव्यकार हुन् । **कवि के जनमकुण्डली**(२०५१) र **उ भोर ना भइल** (२०५९) उनका भोजपुरी गीतिकाव्यहरू हुन् । उनी आफ्ना गीतहरूलाई लयात्मकता दिएर कोकिल कण्ठद्वारा गाउन खप्पिस छन् ।[३२]

> एक एक मिलके एघारह हो जाला
> शक्ति हि हरदम से इहवाँ पुजाला,

---

३०. कृष्णविलास पौड्याल, *आधुनिक नेपाली कविता-काव्य* (काठमाडौं : नवीन प्रकाशन, २०६६), पृ. १६ ।

३१. विश्वम्भर कुमार शर्मा, *सृजन अनुशीलन (समालोचना सङ्ग्रह)*, (वीरगञ्ज : ठा.रा.ब.क्याम्पस, २०५८), पृ. ९५ ।

३२. शोधनायकबाट प्राप्त जानकारी ।

अबराके मउगी गाउँभरके भौजी

अबरे हि घुन सगरो पिसाला

बनी जा तु सेर डेरास् सब कसाई

एक एक ......................................

माथिको कवितांश भोजपुरी साहित्यका प्रसिद्ध साहित्यकार गोपाल अश्कको **उ भोर ना भइल** गीति कविताबाट लिइएको हो । यस कवितांशमा एक एक मिलेर एघार बन्ने ध्रुवसत्य भए झैं शक्तिको पूजा सबैले गर्छन्, दुर्बललाई जसले पनि घुन पिसे जस्तै समाजमा हेप्ने, दबाउने गर्दछन् भन्ने भावार्थ रहेको छ ।

## २.३.२.५ महाकाव्य र महाकाव्यकारिता

महाकाव्यकारका रूपमा अश्कलाई चिनाउँदा कवि अश्क प्रयोगवादी र कुशल साहित्य स्रष्टा हुन् । त्यसैले महाकाव्यको साजसज्जामा उनले कमै ध्यान दिएका छन् । यस अवस्थामा नेपालीय भोजपुरी साहित्यका साधक अश्कको नेपाली तथा भोजपुरी दुवै क्षेत्रमा कलम दौडेको पाइन्छ । गजलका विविध नियमहरूमा बद्ध भएर गजल-महाकाव्य लेखन परम्पराको थालनी गर्ने अश्कले नेपाली साहित्यका प्रथम गजल महाकाव्यकार बन्ने श्रेय समेत प्राप्त गरेका छन् । महाकाव्यकार अश्क भाषामाथि असाधारण अधिकार भएका महाकाव्यकार हुन् । बहुभाषी व्यक्तित्वका धनी अश्कले नेपाली, भोजपुरी र हिन्दी तीनैवटा भाषामा निरन्तर कलम चलाएको देखिन्छ । अपितु भोजपुरी भाषा साहित्यको क्षेत्रमा विशेष रूपले उनको कलम बढी चलेको पाइन्छ । अन्य महाकाव्यकारहरू जस्तै अश्कले पूर्वीय महाकाव्यगत मान्यतालाई पालना गरेर महाकाव्य सिर्जना गरेको देखिन्छ । उनले अँगालेका विषयवस्तुलाई हेर्दा उनी सामाजिक, ऐतिहासिक विषयवस्तुका आधारमा महाकाव्य रच्ने स्रष्टा देखिन्छन् । उनको **प्रेमान्तर** सामाजिक विषयवस्तुमा र **धँधोर (राँको)**, **शङ्खनाद** (अप्रकाशित), ऐतिहासिक विषयवस्तुमा आधारित महाकाव्यहरू हुन् । महाकाव्यकार अश्कले विविध छन्द, लय, सर्वसाधारण जनताका माझबाट पात्रहरूको चयन, सामाजिक यथार्थता र युगीन परिवेश, सांस्कृतिक मूल्य-मान्यता, शोषित पीडित किसान एवम् श्रमिकवर्गको क्रान्तिचेतना, निम्न वर्गीय जनताहरूको उत्थान जस्ता जीवनमूल्यका सन्दर्भहरूलाई आफ्ना महाकाव्यमा स्थान दिनु उनका महाकाव्यगत प्रवृत्ति तथा महाकाव्यकारिताका विशेषताहरू बन्न पुगेका छन् ।

## २.४. नेपालीय भोजपुरी काव्यपरम्परामा गोपाल अश्कको आगमन र विधागत योगदान

### २.४.१ नेपालीय भोजपुरी काव्यपरम्परामा गोपाल अश्कको आगमन

कविता साहित्यको पुरानो विधा हो । मानव सभ्यताको विकासक्रमसँगै अत्यन्त क्रान्तिकारी घटना मानिने भाषाको सम्प्राप्तिदेखि यता प्राचीन लोकगीत, गाथा र गाथाचक्रका क्रमिक शृङ्खला हुँदै कविताको प्रारुप विकसित भयो ।[३३] लिपिको आविष्कारले कथ्य श्रव्य भाषिक कलास्वरूप गीतात्मक कवितालाई शिष्टलेख्य कविताका अनेक घुम्तीहरू पार गर्दै र विविध काँचुलीहरू फेर्दै आफ्ना कतिपय आधारभूत तत्त्वका आधारमा निरन्तर आज यहाँसम्म आइपुगेको छ । नेपाली तथा भोजपुरी दुवै साहित्यका क्षेत्रमा कविता विधामा कलम चलाएका गोपाल अश्कले विद्यार्थीकालदेखि नै फुटकर कविताहरू लेखेको पाइन्छ । यसरी फुटकर कवितालाई निरन्तरतता दिंदै जाँदा वि.सं २०४५ सालमा फुटकर कविताहरूो सङ्ग्रह **लाल-गोरैया** (भोजपुरी भाषामा) लेखेपछि नै कविताका क्षेत्रमा उनको प्रवेश भएको पाइन्छ । त्यसपछि वि.सं २०४७ सालमा **कजरी** (खण्डकाव्य), वि.सं २०५५ सालमा **धँधोर** ( महाकाव्य)' भोजपुरी भाषमा लेखेर काव्यपरम्परामा उनको आगमन भयो । त्यस्तै वि.सं २०६२ सालमा **प्रेमान्तर** (गजल-महाकाव्य) लेखेर नेपाली महाकाव्यको इतिहासमा प्रथम गजल-महाकाव्यकार बन्ने सु-अवसर प्राप्त गरेको देखिन्छ । यसरी नेपालीय भोजपुरी साहित्यका कवि अश्कले नेपाली तथा भोजपुरी दुवै साहित्यका माध्यमबाट कविता र काव्य परम्परालाई अगाडि बढाएको देखिन्छ ।

### २.४.२ विधागत योगदान

गोपाल अश्क मूलतः कवि व्यक्तित्व हुन् । उनका ४ वटा प्रकाशित कृति सबै कविता विधा अर्न्तगतकै काव्यहरू भएकाले उनलाई कविकै रूपमा चिन्न सकिन्छ । अश्कले नेपाली तथा भोजपुरी भाषाको लोकलयमा आधारित मुक्तछन्दमा कविता लेख्छन् । उनी सरल, सहज तथा लोकजीवनले ओतप्रोत सुललित गीतहरू लेख्छन् र आफैं मौलिक लय भरेर मधुर

---

३३. बासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी, नेपाली कविता (भाग-४) ( ललितपुर : साझा प्रकाशन, प्र.सं., २०४६), पृ. ५८ ।

स्वरमा गाउँछन् ।[३४] सामाजिक जीवनका विकृति, विसङ्गति प्रति चोटिलो प्रहार, नारी जीवनका व्यथा, वेदना र विलौना, देशको समसामयिक परिस्थितिको चित्रण आदि विषयहरूमा आधारित कविता लेखेर हालसम्म कविता विधालाई नै निरन्तरता दिइरहेकाले नेपाली र भोजपुरी दुवै काव्यका क्षेत्रका उनको विशेष रुचि रहेको छ ।

गोपाल अश्क विद्यालयीय अवस्थादेखि नै कविता लेखनमा लागेको पाइन्छ । बाल्यकालदेखि नै सामान्य छिटपुट रूपमा फुटकर कविताहरू लेखे पनि कृतिका रूपमा कुनै पुतस्काकार कृति निस्किएको थिएन । आफ्नो मातृभाषा भोजपुरी भएकाले पनि नेपालीय भोजपुरी साहित्यका अश्कले भोजपुरी भाषामा थुप्रै मात्रामा फुटकर कविताहरू लेखेको पाइन्छ ।[३५] **लाल-गोरैया** (भोजपुरी कविता सङ्ग्रह) प्रकाशित भएपछि उनको कविता यात्रा अगाडि बढेको देखिन्छ । यसपछिको १ वर्षे साहित्यिक यात्रा शिथिल जस्तो देखिए तापनि २०४७ सालमा **कजरी** (खण्डकाव्य), २०५४ सालमा **धँधोर** (महाकाव्य) र २०६२ सालमा **प्रेमान्तर** ( गजल महाकाव्य) गरी चारवटा नेपाली तथा भोजपुरी काव्यकृतिहरू प्रकाशित गरेर अश्क काव्य साहित्यको क्षेत्रमा अगाडि बढेको पाइन्छ ।

गोपाल अश्कका कविताहरूमा प्रायः सामाजिक यथार्थता, स्वच्छन्तावादी तथा प्रयोगवर्ती काव्यप्रवृत्ति उल्लेख गरेको पाइन्छ । हाल आएर वि.सं २०६६ सालको मधेश आन्दोलन र त्यसबाट सम्पूर्ण मधेशीहरूको जातीय पहिचानलाई मूल आधार दिएर लेखिएको **शङ्खनाद** ( महाकाव्य) पनि प्रकाशोन्मुख अवस्थामा रहेको छ । यसरी विधागत दृष्टिले नेपालीय भोजपुरी साहित्यका साधक विभिन्न बिम्ब, अलङ्कार, उपमाको प्रयोग गरेर तत्कालीन समयमा विद्यमान सामन्ती शासकवर्गद्वारा प्रताडित र स्वतन्त्रता अपहरित भएका नेपाली समाजका पीडा, नारी संवेदना, सामाजिक विकृति र विसङ्गतिप्रतिको तीखो कटाक्ष जस्ता कुराहरूले नेपाली तथा भोजपुरी साहित्यको प्रयोगवादी धारामा आधारित भएर काव्य क्षेत्रमा उनले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

---

३४. विश्वम्भर कुमार शर्माको अन्तर्वार्ताबाट जानकारी ।
३५. शोधनायकबाट प्राप्त जानकारी ।

## २.५. गोपाल अश्कको काव्ययात्रा र चरण विभाजन

### २.५.१ गोपाल अश्कको काव्ययात्रा

साहित्यकार गोपाल अश्क एक बहुमुखी प्रतिभा सम्पन्न व्यक्ति हुन्, उनको साहित्य साधना एक विधा वा एक भाषामा मात्र सीमित नरही अनेक भाषामा साहित्य सृजना विस्तारित छ । उनले नेपाली, भोजपुरी र हिन्दी भाषमा साहित्यका गद्य र पद्य दुवै विधामा कलम चलाएको देखिन्छ । त्यसो त उनको कलम कविता, गीत, गजल, खण्डकाव्य, महाकाव्य, गजल-महाकाव्य, गीतिकाव्य, कथा, उपन्यास, नाटक, एकाङ्की, निबन्ध, समीक्षा, शोध-सन्धानमा समेत विस्तारित रहेको छ । भोजपुरी भाषामा विशेष रूपले प्रखर देखिएका उनको पहिचान लोकप्रिय गजलकार र काव्यकारको रूपमा रहेको छ । कवि अश्क गजलकार पनि हुन् । कविता/काव्य र गजलका क्षेत्रमा उनी सामाजिक यथार्थका पक्षपाती हुन् ।[३६] भोजपुरी भाषा साहित्यमा काव्यकृतिहरू प्रशस्त मात्रामा लेखेका उनी आफ्नो मातृभाषाको संरक्षण र सम्बर्द्धनतर्फ निरन्तर क्रियाशील रहेका छन् । पद्य विधामा उनको कलम वेजोड रूपले चलेको छ । उनी कविता/काव्यका क्षेत्रमा प्रयोगवादी/प्रयोगधर्मी कविका रूपमा चिनिन्छन् । यसरी नेपालीय भोजपुरी पद्य साहित्यका कुशल साधक गोपाल अश्कको नाम अगाडि आउँछ । कविता/काव्यका क्षेत्रमा आशु कविमा जुन क्षमता देखिन्छ, त्यही क्षमता कवि अश्कमा रहेको छ । उनका कविता, गीत, गजल मात्र होइन **कजरी** ( **खण्डकाव्य,** २०४७) प्रकाशित भएपछि एक किसिमले हलचल ल्यायो । उनको भोजपुरी भाषाकै महाकाव्य **'धँधोर (राँको,** २०५५)' प्रकाशित भएपछि भोजपुरी भाषामा प्रथम महाकाव्यकार हुने श्रेय समेत उनलाई प्राप्त भएको छ ।

नेपाली कवितामा प्रयोगवादी कविका रूपमा कवि मोहन कोइराला जसरी प्रसिद्ध छन्, त्यसैगरी भोजपुरी कवितामा पनि कवि गोपाल अश्क प्रयोगवादी/प्रयोगधर्मी कविका रूपमा प्रसिद्ध छन् । 'मानव मनमा व्याप्त भय, सन्त्रास, अनास्था आदिलाई कवितामा अभिव्यक्त गरेर क्रान्तिकारी परिवर्तनको दिशातिर समाजलाई उन्मुख गराउन खोज्नु प्रयोगवाद हो ।[३७] कवि गोपाल अश्कले पनि आफ्ना काव्यकृतिका माध्यमबाट क्रान्तिकारी परिवर्तनको

---

३६. भाउपन्थी, *कविकोश* (सम्पा.), ने.रा.प्र.प्र., २०६०, पृ. ५३ ।

३७. कृष्णप्रसाद आचार्य, *आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य* (काठमाडौं : क्षितिज प्रकाशन, २०६४), पृ. ५१२ ।

मार्गलाई अवलम्बन गरेका छन् । उनको **धँधोर (महाकाव्य)** यसैको उपज हो । उनका यस्तै प्रयोगवादी काव्यकृतिहरू आउन सक्ने सम्भावना प्रशस्त छ । यसरी कवि अश्क कविता/काव्यका क्षेत्रमा स्थापित कविका रूपमा चिनिन्छन् । उनी कविता लेखनमा बाल्यअवस्थादेखि नै प्रवृत्त भए तापनि सार्वजनिक रूपले चाहिँ **कजरी (खण्डकाव्य)** को प्रकाशनसँगै देखिन्छन् । उनको पहिलो कवितासङ्ग्रह **लाल-गोरैया** हो तर यसको प्रकाशन वर्ष स्पष्ट रूपमा उल्लेख भएको पाइँदैन । त्यसपछि उनी फुटकर कवितादेखि खण्डकाव्य, गीतिकाव्य, गजल-महाकाव्य लेखनतर्फ उन्मुख रहेको देखिन्छ । यसरी २०४७ सालदेखि २०६८ सालसम्मको झण्डै दुई दशकको अवधिमा दीर्घसाधना गरेका कवि अश्कका कविताले विभिन्न प्रवृत्ति, स्वभाव र युगीन चाप-प्रतिचापलाई अभिव्यक्त गरेको पाइन्छ ।

### २.५.२ चरण विभाजन

विद्यालय जीवनदेखि नै कलम चलाएका गोपाल अश्कले नेपाली तथा भोजपुरी साहित्यमा २०४७ सालदेखि २०६८ साल सम्म जम्माजम्मी दुई दशकको साहित्ययात्रा पूरा गरिसकेका छन् । फुटकर कविता सङ्ग्रहबाट प्रारम्भ भएको उनको साहित्यिक यात्रामा आजसम्म निम्नानुसारका चरणहरू पार गरिसकेको देखिन्छ :

#### २.५.२.१ पूर्वार्ध (प्रारम्भदेखि वि.सं २०५५ सम्म)

कवि गोपाल अश्कको काव्य क्षेत्रको यो कालखण्डलाई प्रारम्भिक वा आभ्यसिक कालको रूपमा मानिन्छ । उनले यस चरणमा आफ्नो मातृभाषा भोजपुरीका फुटकर कविताबाट नै रचनाकार्य प्रारम्भ गरेको पाइन्छ । यो समय उनका लागि निकै चुनौतीपूर्ण रहेको पाइन्छ किनभने भोजपुरी कविता/काव्य जगत्मा निकै राम्रा-राम्रा काव्यकारहरूको उपस्थिति रहेको परिप्रेक्ष्यमा उत्कृष्ट काव्यकृतिहरू लिएर आउनु चानचुने कुरा होइन । यस चरणमा भोजपुरी काव्य साहित्यको इतिहासमा उमाशङ्कर द्विवेदीको **विदागिरी** (खण्डकाव्य, ई.सं.१९८२) प्रकाशित भएपछि भोजपुरी पद्य विधाको प्रारम्भ भएको मानिन्छ । त्यसपछि भने कवि गोपाल अश्कले भोजपुरी भाषामै लेखेको **कजरी** (खण्डकाव्य, २०४७) प्रकाशित भएपछि यस चरणको सुरूवात भएको हो । भोजपुरी काव्य इतिहासमा कवि अश्क आशु कविका रूपमा चिनिन्छन् । उनीपछि यसै चरणमा सञ्जयकुमार श्रीवास्तवको **कुवाँर मेहँदी** (२०४७), आशनारायण अशोकको **परिणाम** (२०४८) आदिको प्रकाशन लेखनको स्तरीयता विषयगत

विविधता हेर्दा के भन्न सकिन्छ भने नेपालमा भोजपुरी काव्य साहित्यको भविष्य अति उज्ज्वल छ । खण्डकाव्यका अतिरिक्त भोजपुरी साहित्यको क्षेत्रमा कविहरूको कलम महाकाव्य रचना गर्नेतिर पनि अग्रसर हुनु गौरवको विषय हो । उनको कलमले समाजमा भित्रभित्रै जलिरहेको **धँधोर** (राँको, २०५५) महाकाव्यले नेपालीय भोजपुरी काव्य जगत्मा प्रथम महाकाव्य बन्ने श्रेय प्राप्त गरेको छ । यति मात्र होइन, यस चरणमा कवि अश्क नेपाली, भोजपुरी र हिन्दी तीनै भाषामा गीत गजलकहरूको लेखनतर्फ पनि प्रस्तुत भएका छन् । यसै चरण अन्तर्गत वि.सं २०५४ सालमा भोजपुरी भाषामा **कवि के जनमकुण्डली** ( गीतिकाव्य) प्रकाशनपछि अश्कले औपचारिक रूपमा गीतकार बन्ने सु-अवसर प्राप्त गरेका छन् । यस गीतिकाव्यमा अश्कले कविहरूलाई दुनियाँले चिन्न नसकेको तीतो यथार्थलाई प्रस्तुत गरेका छन् ।

यस समयावधिमा अश्कले कविता/काव्य सिर्जनाको अभ्यास र प्रकाशन गर्ने प्रयास थालेका छन् । यो अवधि उनको कविता यात्राको अभ्यासकालीन समय हो । यस चरणमा कविले राष्ट्रियता, नारी संवेदनशीलता, नेपालको राजनैतिक परिवर्तन, समाजले कविहरूलाई हेर्ने दृष्टिकोण जस्ता विविध पक्षलाई कविता काव्यमा उतारेका छन् । यसै चरणमा वि.सं २०५५ सालमा प्रकाशित **मानिनी** (कवितासङ्ग्रह) हिन्दी भाषमा प्रकाशित भएको पाइन्छ । त्यस्तै वि.सं २०५४ सालमा **अभी बाँकी बा** (गजलसङ्ग्रह) पनि प्रकाशित भएको पाइन्छ । हिन्दी तथा भोजपुरी भाषामा लेखिएका यी कृतिहरूले नेपालको तराई भूमिमा अवस्थित समाजमा व्याप्त सामाजिक विकृतिजन्य सन्दर्भलाई विषयवस्तुका रूपमा प्रस्तुति दिएका छन् । यस चरणमा प्रकाशित कविता-कृतिहरू निम्नानुसार छन् :

क) **कजरी (खण्डकाव्य**, २०४७)

ख) **कवि के जनमकुण्डली (गीतिकाव्य**, २०५४)

ग) **धँधोर (महाकाव्य**, २०५५)

घ) **अभी बाँकी बा (गजलसङ्ग्रह**, २०५४) आदि ।

यसरी यस चरणमा देखिएका काव्यप्रवृतिहरूलाई केलाउँदा के भन्न सकिन्छ भने कवि गोपाल अश्कले सामाजिक यथार्थलाई वास्तविकताका साथ उद्घाटन गर्ने काव्यकार हुन् । समाजमा व्याप्त सङ्गति, विसङ्गति र आर्थिक विद्रूपताको कारण उत्पन्न वर्गचेतनाको

भावना, वैयक्तिक भावना, क्रान्तिकारी परिवर्तन आदि भावभूमि नै काव्यकार अश्कका काव्यहरूमा विषयवस्तुका रूपमा प्रयुक्त हुने गरेको भेटिन्छ ।

### २.५.२.२ उत्तरार्द्ध (वि.सं २०५६ देखि हालसम्म)

कवि गोपाल अश्कको काव्य-यात्राको यस चरणमा पूर्वार्धमा मौलाउन नसकेको साहित्यिक व्यक्तित्व झाँगिएको पाइन्छ । 'पुरानो परम्परामा बग्दै नयाँ परम्परा कायम गर्दै अवाध गतिमा अघि सरेको नेपाली कविता मुक्तकजस्तो छोटो रूपदेखि महाकाव्यजस्तो ठूलो रूपसम्म मौलाएको छ ।[३८] आधुनिक नेपाली कविता/काव्यको स्पष्ट बयान र समसामयिक अनुभूतिको प्रमाणिक अभिव्यक्तिका रूपमा अश्कका कविता/काव्य देखा पर्दछन् । कवि अश्कको यस चरणको थालनी वि.सं २०५६ सालमा **जीवनको लेक र बेंसी** (गजल सङ्ग्रह) प्रकाशित भएपछि प्रारम्भ भएको हो । यस चरणमा काव्यकृतिहरूभन्दा गजल, गजल-महाकाव्यको लेखनीतर्फ उनी बढी आकृष्ट रहेको छन् । उनको वि.सं २०५९ सालमा भोजपुरी गीतहरूको सङ्ग्रह **उ भोर ना भइल** प्रकाशनपछि उनको गीतकार व्यक्तित्व अझ राम्ररी खुलेको देखिन्छ । उनको यस चरणमा काव्यलेखनको गतिमा मन्दता छाएको र गीत, गजलहरूको लेखनीतर्फ प्रवृत्त भएको अवस्था देखिन्छ । वर्तमान युगको मानवीय जीवनलाई जटिलता, वाधा, अभाव र समस्याका चुनौतीहरूले सताउने र तर्साउने गर्दछन् । मानव इमान बचाएर बाँच्न नसक्ने अवस्थामा कहिलेकाहीँ उसको आत्मपरक भावनाले पिरोलेको हुन्छ । व्यक्ति चाहेर पनि त्यसको परिधिबाट बाहिर आउन सकेको हुँदैन । यस्तो विवशतालाई गजलकार अश्कले बडो इमान्दारीपूर्वक आफ्ना गजलका सेरहरूमा व्यक्त गरेका छन् :

मन आजभोलि प्रवासमा छ
दु:खको कालो आकाशमा छ,

कोही छैन अहँ कोही छैन यहाँ,
मन एकान्त निवासमा छ ।

- जीवनको लेक र बेंसी, पृ. ३१

३८. दयाराम श्रेष्ठ, मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास (ललितपुर : साझा प्रकाशन, २०५६), पृ. ६५ ।

कवि गोपाल अश्कले वि.सं २०६२ सालमा गजलमा महाकाव्य लेखन परम्पराको थालनी गरेर **प्रेमान्तर** (गजल-महाकाव्य) यसै चरणमा लेखेको पाइन्छ । यसभन्दा अगाडि कसैले पनि गजलमा महाकाव्य नलेखेको सन्दर्भमा उनले नै नयाँ परम्पराको थालनी गरेको पाइन्छ । यसरी उनी पहिलो गजल-महाकाव्यकार बन्ने श्रेय समेत प्राप्त गरेको देखिन्छ । यस अवधिका महत्त्वपूर्ण गजलकृतिहरूमा **बेकहल जिन्दगी** (भोजपुरी गजलसङ्ग्रह, २०६४) र **पर्वतों की ओट में** (हिन्दी गजलसङ्ग्रह, २०६४) प्रकाशित छन् । यसरी यी गजलकृतिहरूको अध्ययनपछि अश्क एक स्तरीय गजलकारका रूपमा स्थापित भइसकेको तथ्यको पुष्टि हुन्छ । कवि अश्कले मधेश आन्दोलन २०६६ का सम्पूर्ण घटना र त्यसबाट मधेशी जनताको जातीय पहिचानको अस्तित्वलाई लिएर लेखिएको भोजपुरी महाकाव्य **शङ्खनाद** पनि यसै चरणमा प्रकाशोन्मुख छ ।[३९]

यस चरणका उनका कृतिहरूमा प्रेम, मिलन, विछोड, राजीतिक दुरावस्था, स्थानीय, सामाजिक यथार्थको प्रस्तुतति एवं अन्याय, अत्याचारबाट जनताले खोजेको उन्मुक्ति जस्ता कुराहरूको जीवन्त चित्रण पाइन्छ । सामाजिक, आर्थिक, राजनीतिक एवम् देश विदेशमा घटेका समसामयिक घटनाहरूलाई समेत आफ्ना काव्यकृतिहरूमा सहज ढङ्गबाट प्रस्तुत गर्न उनी सफल भएका छन् । निचोडमा यस चरणका काव्य प्रवृत्तिहरूलाई तलका बुँदाहरूमा समेट्न सकिन्छ :

क) प्रेम, मिलन, विछोडका कुराहरूको सशक्त चित्रण ।

ख) सामाजिक यथार्थताको सजीव चित्रण ।

ग) समसामयिकता ।

घ) राष्ट्रियता, सजगता र धार्मिक सहिष्णुताको चित्रण ।

ङ) नारी संवेदनाको सशक्त चित्रण ।

---

३९. शोधनायकबाट प्राप्त जानकारी ।

## २.६. कवि गोपाल अश्कको काव्यकारिता एवं मूल्याङ्कन

### २.६.१ कवि अश्कको काव्यकारिता

विधागत रूपमा भन्नुपर्दा साहित्यकार गोपाल अश्कका अनेक योगदान रहेका छन् । उनको कलम साहित्यका गद्य र पद्य दुवै विधामा समानान्तर रूपले चलाएको भएतापनि यिनी मूलतः कविका रूपमा चिनिन्छन् । यिनको साहित्यक यात्रा पनि कविता लेखनबाटै सुरु भएको हो । अहिले आएर नेपालीय भोजपुरी साहित्यका अश्क एक स्तरीय गजलकार एवम् कविकै रूपमा प्रसिद्ध छन् । आफ्नो पहिलो रचना **लाल गौरैया** कवितासङ्ग्रह प्रकाशित भएपछि यिनको कविता लेखनतर्फको यात्रा प्रारम्भ भएको हो । यसरी साहित्यकार गोपाल अश्क विविध भाषा र विविध विधामा आफ्नो क्षमता र प्रतिभा प्रस्तुत गर्न सफल सर्जक हुन् । समाजका यथार्थपरक कुराहरूलाई सजीव रूपमा चित्रण गर्नु मानवतावको शङ्खघोष गर्नु, प्रयोग धर्मिता, स्वच्छन्दतावाद र आत्मपहिचानको खोजी गर्नु कवि अश्कका खास काव्यगत प्रवृत्तिहरू हुन्न । शोधनायकका अनुसार 'भावमा गहनता, विचारमा उच्चता, चिन्तनमा स्वाभाविकता र अभिव्यक्तिमा सरलता अश्का खण्डकाव्यगत र महाकाव्यगत विशेषता हुन् ।'

कवि गोपाल अश्कद्वारा **मानिनी** वि.सं. २०५५ सालमा हिन्दी भाषामा लेखिएको कविताहरूको सङ्ग्रह हो । यसमा नारी संवेदना पीडा र विद्रोहका भावनाहरूलाई कवितात्मक रूप दिइएको छ । त्यस्तै वि सं. २०४७ सालमा भोजपुरी भाषामा लिखित **कजरी** खण्डकाव्यको प्रकाशन यस दिशामा थप प्राप्ति रह्यो । यो खण्डकाव्य प्रेम, कहानी, सामाजिक विसङ्गति र नारी सङ्घर्षलाई केन्द्रीय मर्म बनाई लेखिएको खण्डकाव्य हो । जीवन जिउँदै जाँदा अनेकैं समस्या र अप्ठ्याराहरूसँग जुध्दै जीवनको उत्तरार्ध मोडतिर विवाह गराइएको प्रसङ्ग यस खण्डकाव्यमा जोडेका छन् । वि.सं. २०५५ सालमा भोजपुरी भाषामा **धँधोर** महाकाव्य लेखेर भोजपुरीका पहिलो महाकाव्यकार बन्ने सु-अवसर पनि उनले प्राप्त गरेका छन् । यस महाकाव्यमा सामाजिक विसङ्गति, नारी शोषण, दमन एवम् २०४६ सालको जनआन्दोलन र त्यस पछिको परिणामलाई सहज ढङ्गबाट प्रस्तुत गरिएको छ ।

## २.६.२ गोपाल अश्कको काव्यकारिताको मूल्याङ्कन

अश्कको काव्यकारिताको मूल्याङ्कन गर्दा प्रारम्भमा फुटकर कविता लेखनबाट यात्रा आरम्भ गरी २०४६ सालपछिमात्र उनी काव्यकारका रूपमा चिनिएका छन् । उनका काव्यकृतिहरूमा नारी संवेदना, प्रेमप्रतिको रागात्मक सोच एवम् सामाजिक कुसंस्कार र कुरीतिका कुराहरूलाई सहज र स्वतःस्फूर्त रूपमा प्रस्तुत गरी काव्यात्मक क्षेत्रमा उनी दरिलो हस्तीका रूपमा स्थापित भएका छन् ।

कवि गोपाल अश्क युगीन सन्दर्भलाई कोट्याउँदै काव्यात्मक रूप दिने सफल कवि हुन् । उनका हरेक कविता र काव्यकृतिहरूमा समयसापेक्ष देशमा आएका क्रान्तिकारी परिवर्तनहरू, जनताका उन्मुक्ति तथा चित्कारका स्वरहरू, नारी संवेदनशीलताका आवाजहरू, राष्ट्रप्रतिको अगाध स्नेहलाई अनुसरण गर्दै ती भावराशिलाई कविता तथा काव्यलेखनमा ढालेका छन । समसामयिकतालाई अनुसरण गर्दै सामाजिकता आञ्चलिकता स्थानीयता, प्रकृतिप्रेम र रतिरागात्मक देशभक्ति भावना र आधुनिकता उनका काव्यगत प्रवृत्ति हुन् ।[४०] कवि गोपाल अश्कका काव्यप्रवृत्तिहरूलाई मूल्याङ्कन गर्दा बुँदागत रूपमा यसरी गर्न सकिन्छ :

### २.६.२.१ समाजिक यथार्थता

कवि गोपाल अश्कका काव्यकृतिहरूमा समाजका यथार्थ र ज्वलन्त तथ्य कुराहरूलाई टिपेर विषयबद्ध गरिएको पाइन्छ । त्यसैले उनका कृतिहरूमा सामाजिक यथार्थको चित्रण अपेक्षाकृत बढी भएको देखिन्छ । समाजले जातपात कुन रूपमा स्वीकार गरेको छ, त्यसको सामाजिक यथार्थको जीवन्त चित्रण यसरी गरिएको छ :

जातपात उचनीचको धनी र गरिबको
कुरा गरी सारा गाउँ सत्य ढाँट्न थाल्यो ।
प्रेमान्तर पृ. सं. १९ ।

४०. केशवप्रसाद उपाध्याय, *पर्वतों की ओटमे (गीत सङ्ग्रह)* को आवरण पृष्ठमा व्यक्त विचार (काठमाडौं : नव प्रज्ञापन प्रतिष्ठान, २०६४), पृ. ३७ ।

त्यस्तै, जिन्दगीका आरोह र अवरोहहरूलाई व्यक्त गर्ने क्रममा जिन्दगी अलाप, विलाप , अभिशाप , सन्ताप , मिलन, विछोड, धराप, प्रताप हो भन्दै जिन्दगी जिउन निकै सङ्घर्ष गर्नुपर्ने यथार्थ कुरालाई कवि अश्कले यसरी व्यक्त गरेका छन् :

आलाप जिन्दगी
विलाप जिन्दगी
भइहाल्यो मेरो
अभिशाप जिन्दगी

प्रेमान्तर पृ. ४३

## २.६.२.२ नारी संवेदनाको चित्रण

कवि गोपाल अश्क धेरैजसो काव्यकृतिहरूमा नारीप्रति सहानुभूतिशील छन् । नारीको वस्तुस्थितिबारे कवि अश्कले नारीलाई मर्द वा पुरुष जातिले कठपुतली वा खेलौनाको रूपमा प्रयोग गर्दैआएको वस्तुसत्यलाई यसरी प्रस्तुत गरेका छन् :

नारी साँचो अवला
मरद जाती के कठपुतली
जन्म से लेकर पचाटी तक
मरद जति के खेलौना, पुतली

कजरी पृ. ११

## २.६.२.३ प्रेमपरकता

कवि गोपाल अश्कले प्रेमलाई केन्द्रीय विषयवस्तु बनाएर नै **प्रेमान्तर** महाकाव्य लेखेका छन् । विछोड र पीडाको भाव पनि यिनका अनेकौं काव्यकृतिमा वर्णित भएको पाइन्छ । मायाविनाको संसार निरर्थक लाग्ने र रित्तो लाग्ने कुरालाई प्रेमको माध्यमबाट यसरी व्यक्त गरेका छन् :

तिमीबिनाको कुनै रात राम्रो लाग्दैन
तिमीबिनाको कुनै प्रातः राम्रो लाग्दैन

प्रेमान्तर , पृ. १०

## २.६.२.४ राष्ट्रियता

कवि गोपाल अश्कका राष्ट्रियता र देशप्रेमको भावभूमिमा लेखिएका अनेकौं गजल र काव्यकृतिहरू रहेका छन् । एक गजलमा यिनी आपनो देशभक्तिको भावनालाई यसरी पोखेका छन् :

ए देश तोरा वास्ते हम जान लूट देब रे
आई समय जब अखिरी हम आन लूटा देब रे

बेकहल जिन्दगी, पृ. ४९

देशको निम्ति मर्नु पर्छ मर्न सिकौँ
भेषको निम्ति मर्नु पर्छ मर्न सिकौँ

जीवनको लेक र वेसी, पृ. २८

## २.७ निष्कर्ष

नेपालीय भोजपुरी साहित्यका सहित्यकार गोपाल अश्क एक स्तरीय कवि तथा गजलकार हुन् । उनले सहित्यका गद्य र पद्य दुवै विधामा समानान्तर रूपले कलम चलाएका छन् अपितु उनको बढी लगाव र झुकाव साहित्यका पद्य विद्याहरू (कविता/काव्य र गजल ) तर्फ रहेको देखिन्छ । कतै नारी संवेदनाका कुराहरूको अभिव्यक्तिले उनका काव्यकृतिहरू ओतप्रोत भएका छन् । गोपाल अश्क विशेषतः भोजपुरी साहित्यमा समर्पित स्रष्टा हुन् । आफ्नो मातृभाषाको उत्थानका लागि उनले गीत, गजल र काव्यका माध्यमबाट साहित्यको श्रीवृद्धि गरेको पाइन्छ । कवि व्यक्तित्व, गीतकार व्यक्तित्व, गजलकार व्यक्तित्व, महाकाव्यकार व्यक्तित्वका साथै समालोचक, अनुवादक, सम्पादक आदि व्यक्तित्वहरूमा समेत परिचित प्रखर व्यक्तित्वका धनी अश्क आफ्नो पहिचान प्रस्तुत गर्न सफल भएका छन् । प्रवृत्तिगत हिसाबले उनका गीत, गजल, कविता/काव्यहरू पूर्वार्ध र उत्तरार्ध गरी दुई चरणमा विभाजित छन् । उनका यी कृतिहरू पूर्वार्ध चरणमा आभ्यसिक रूपमा देखिन्छन् भने उत्तरार्ध चरणमा अपेक्षाकृत परिमार्जित देखिन्छन् । उत्तरार्ध चरणमा खण्डकाव्य, महाकाव्य लेखनका साथै गजल-महाकाव्य समेत लेखेर उनले यसक्षेत्रमा नौलो प्रयोग समोत भित्र्याएका छन् । उनका कृतिहरू यस चरणमा परिष्कृत र परिमार्जित बन्दै गएका छन् । उनको लेखाइमा देखिएको विषयवस्तुको विविधता र नवीनता, प्रस्तुतीकरणमा रोचकता,

चिन्तनको गाम्भीर्य , सामाजिक विसङ्गतिप्रति तीव्र विरोधलाई लयात्मक भावप्रवाहमा पस्कन यस चरणका काव्यकृतिहरू सफल भएका छन् । यसरी सङ्क्षेपमा भन्नुपर्दा कवि गोपाल अश्क विविध भाषा र विविध विधामा आफ्नो क्षमता प्रस्तुत गर्ने एक सफल साधक हुन् । सामाजिक यथार्थवाद, विसङ्गतिवादी चिन्तन, समन्वयवाद, स्वच्छन्दतावाद र आत्मपहिचानको खोजी उनका खास काव्यगत प्रवृत्तिहरू हुन् ।

# अध्याय : तीन

# कवि गोपाल अश्कका काव्यकृतिको वर्गीकरण

## ३.१. पूर्वीय आचार्यहरूका दृटिकोणमा काव्यको वर्गीकरण

### ३.१.१ पृष्ठभूमि


कविता भन्नु भावको सङ्क्षिप्त र सङ्गीतमय अभिव्यक्ति हो । यसमा गद्यका दुईसय शब्दले भन्न नसकिने भाव पद्यका दुई चरणले पोखिदिन्छन् । त्यसैले कतै कथा र कतै गाथा उत्पत्ति भई लघु काव्य बने, त्यही गाथा चक्रबाट माहागाथा विकसित हुँदैं महाकाव्य जन्मिए । त्यसै बन्धनले गर्दा यसलाई प्रबन्ध भनियो ।[४१] कथाले सन्दर्भ दियो भने सन्दर्भले कवितालाई नयाँ भाव र अभिव्यक्तिको जग बसाइदियो । कविताको विस्तृत रूप काव्य हो भने कविता जन्माउने व्यक्ति कवि हो । यसैले प्राचीन कवि काव्यलाई पर्यायकै रूपमा हेरिन्थो भने आजकाल भने केही भिन्न दृष्टिकोण, विकसित भएको देखिन्छ । कविले आफ्नो क्षणिक भावलाई काव्यमा उतार्छन् भने काव्यले त्यसलाई मूर्तरुप दिँदैं जीवन्त तुल्याउँछ । कविताको बीजभूमि भाव हो । कवितालाई एक भावले प्रेरित गर्दछ र अनेकौ भाव प्रवाह रूपमा काव्य बग्न थाल्दछ । कथावस्तु, चरित्र, रस काव्यका निम्ति आवश्यक कच्चा पदार्थ हुन् भने कविताको अनिवार्य तत्त्व रस नै हो ।[४२] कथावस्तु र चरित्र भावबाटै सिर्जना हुन्छन् । यसरी नै काव्यहरू विकसित हुँदै जाँदा आधुनिक साहित्यको समेत जन्म भयो । नेपाली भाषाको उत्थानसँगै नेपाली काव्यको पनि जन्म भयो अनि फुटकर कविता, लघुकाव्य, खण्डकाव्य, गीतिकाव्य, महाकाव्य आदिमा विभाजित भई कविताका विभिन्न शाखा, प्रशाखाहरू जन्मेका हुन् ।

काव्यको वर्गीकरण तथा विभाजन सम्बन्धमा पाश्चात्य आचार्यहरूले त्यति चासो राखेको देखिन्न । पूर्वीय आचार्यहरूले गरेको वर्गीकरणमा पनि आ-आफ्नै मत र धारणाहरू राखेको पाइन्छ । ती धारणाहरूलाई यसरी देखाउन सकिन्छ :

---

४१. राममणि रिसाल, *नेपाली कवि र काव्य* (ललितपुरः साझा प्रकाशन, २०१३), पृ. २ ।
४२. विश्वनाथ, *साहित्य दर्पण* (दिल्लीः मोतीलाल बनारसीदास, सन् १९७७), पृ. २२६ ।


### ३.१.१.१ भामहका दृष्टिकोणमा काव्यको वर्गीकरण




आरेख १ ।

यसरी भामहले पूर्वीय साहित्यमा काव्य भनेर समुच्च साहित्यविधालाई मानेका छन् । यसरी उनले समुच्च साहित्यलाई पाँच किसिमले विभाजन गरेका छन् । लयका आधारमा काव्यको विभाजन गर्दा गद्य र पद्य देखिन्छ भने भाषाका आधा।मा संस्कृत प्राकृत र अपभ्रंश गरी तीन प्रकारले वर्गीकरण गरेका छन् ।

### ३.१.१.२ दण्डिका दृष्टिकोणमा काव्यको वर्गीकरण




आरेख २

यसरी दण्डिले सम्पूर्ण साहित्यलाई तीन वर्गमा वर्गीकरण गरे भने पद्यलाई आख्यानका दृष्टिले पाँचवटा तहमा पुचाएर विभाजन गरेको देखिन्छ भामहभन्दा दण्डिको गद्य र पद्य र मिश्र विधा वर्गीकरण बढी परिष्कृत देखिन्छ । सैद्धान्तिक रूपमा यो वर्गीकरण बढी परिपक्व मान्नुपर्छ । उनले गद्यअन्तर्गत कथा र आख्यायिकालाई आख्यान भनेका छन् भने आख्यान शब्दको प्रथम प्रयोक्ता दण्डि नै हुन् ।[४३]

---

४३. ईश्वरीप्रसाद गैरे, *आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य* (काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०६०), पृ. ६५ ।

### ३.१.१.३ रुद्रटका दृष्टिकोणमा काव्यको वर्गीकरण

रुद्रटका हिसाबले काव्यको वर्गीकरण निम्न ६ किसिमले गरिएको छ :


क) – पद्य काव्य / आख्यान काव्य

ख) – उत्पाद्य / अनुत्पाद्य

ग) – लघु / महत्, महान्

आरेख ३


### ३.१.१.४ विश्वनाथका दृष्टिकोणमा काव्यको वर्गीकरण




आरेख ४

विश्वनाथले काव्यलाई श्रव्यकाव्य र दृश्यकाव्य भनेर उनले आफ्नो मौलिक वर्गीकरण गरे । मिश्रकाव्यका रूपमा वर्गीकृत हुँदै आएको नाटकलाई विश्वनाथले दृश्य काव्य भनेर उल्लेख गरे । यसरी पूर्वीय आचार्यहरूका दृष्टिकोणमा काव्य वर्गीकरणसम्बन्धी आ-आफ्नै मत र धारणाहरू रहेका छन् । अहिलेका नेपाली कविहरूले भने पद्य विधालाई मात्र काव्यमा लिने गरेको पाइन्छ । विस्तृत परिभाषामा काव्य भन्नाले कविता मात्र नभई यसका विभिन्न अङ्ग-उपाङ्ग सम्मिलित हुन्छन् । नेपाली कविहरूका अनुसार काव्यसम्वन्धी वर्गीकरण यस्तो देखिन्छ :

### ३.१.१.५ कृष्णप्रसाद पराजुलीका अनुसार काव्यको वर्गीकरण[४४]




आरेख ५

यसरी पराजुलीले गरेको वर्गीकरण अहिलेको सन्दर्भमा सान्दर्भिक देखिन्छ । यसै वर्गीकरणलाई आधार मानेर नै काव्यको वर्गीकरण गरी अध्ययन समेत गरिएको पाइन्छ ।

४४. कृष्णप्रसाद पराजुली, *राम्रो रचना : मीठो नेपाली* (काठमाडौं : सहयोगी प्रेस, २०३९), पृ. ३२८ ।

## ३.२.कवि गोपाल अश्कका काव्यकृतिहरूको वर्गीकरण


### ३.२.१ पृष्ठभूमि

कवि गोपाल अश्क युवापुस्ताका एक सशक्त हस्ताक्षर हुन् । मातृभाषा भोजपुरीतर्फका गीत, गजल र काव्यकृतिहरूले उनको गेयतर्फको प्रस्फुटनलाई मूर्तरुप दिएका छन् । अश्क यसैमा मात्र सीमित छैनन् । अपितु उनले दृश्य वा अभिनेयतर्फका नाटक, एकाङ्की जस्ता काव्य विधाहरूमा पनि आफ्नो लेखनीलाई प्रबल रूपमा अगाडि बढाएका छन् । नेपाली कविहरूले मानेका पद्य विधा अन्तर्गतको काव्यलाई उनले पनि काव्यको पद्य विधालाई श्रव्य वा पाठ्यकाव्य र दृश्य वा अभिनेय काव्य गरी विभाजन गरेको पाइन्छ । डा. नारायण खनालका अनुसार काव्य २ किसिमको हुन्छ । (१) गेय र (२) अभिनय । यिनै दुई वटा काव्यका शाखा, उपशाखा गरी विभिन्न थरीका काव्यछन् । यीमध्ये महाकाव्य, खण्डकाव्य, गीतिकाव्य, मुक्तक, कविता (गद्य, पद्य) उपन्यास, कथा, कहानी, निबन्ध आदि गेयतर्फ र नाटक, रूपक, एकाङ्की, संवाद, मनोवाद आदि अभिनयतर्फ पर्दछन् । यसप्रकारका काव्यहरू नयाँ भएकाले केही समययता मात्र लेखिन सुरु भएका छन् तापनि लेखनको प्रथम प्रारम्भ भने वैदिक साहित्यलाई नै मान्नु पर्छ ।[४५]

कवि गोपाल अश्कका गीत,  गजल, र काव्यहरू विशेषतः गेयतर्फ नै उन्मुख छन् । उनी गीत, गजल गाउँछन् । उनको गायनतर्फको बढी झुकावले गर्दा नेपालीमा गेयतर्फको गजल महाकाव्य (**प्रेमान्तर**, २०६२) समेत जन्मेको पाइन्छ । यो महाकाव्य पनि पूर्णरूपमा गेयतर्फ उन्मुख रहेको छ । कवि गोपाल अश्कका काव्यकृतिहरूलाई यसरी देखाउन  सकिन्छ :

४५. डा. नारायण खनाल, *समीक्षाका आकारहरू* (समालोचना सङ्ग्रह), (चितवन : त्रिवेणी साहित्य परिषद्, २०६३), पृ. २ ।

## ३.२.२ कवि गोपाल अश्कका काव्यकृतिको वर्गीकरण




आरेख ६

यसरी कवि गोपाल अश्कका काव्यकृतिहरू श्रव्य वा पाठ्य र दृश्य वा अभिनेय गरी दुई किसिमले विभाजन हुन सक्दछन् । श्रव्य वा पाठ्य काव्यलाई पनि (गद्य, पद्य, चम्पूशैलीका) गरी तीन उपशाखामा विभाजन गरिएको छ । यीमध्ये पद्यअन्तर्गत खण्डकाव्य, गीत, गजल, गजल-महाकाव्य र चम्पू अन्तर्गत उपन्यास, कथा, समलोचना, अनुवाद साहित्य पर्दछन् । अश्कको यो वर्गीकरणलाई हेर्दा उनले गायनतर्फको भावनालाई बढी मुखरित गरेको देखिन्छ । सङ्क्षेपमा उनका काव्यकृतिलाई यसरी देखाइन्छ :

दृश्य वा अभिनेय काव्य (नाटक, एकाङ्की)

- नाटकतर्फ - **एक बित्ता के दूरी** (भोजपुरी नाटकसङ्ग्रह२०५७),
- **भोजपुरी नाटक** (लोकनाटक शोध, २०६१)
- एकाङ्कीतर्फ **बालकृष्ण समका एकाङ्कीहरूको भोजपुरी भाषामा अनुवाद** ।

श्रव्य वा पाठ्यकाव्य

- खण्डकाव्य, - **कजरी** (भोजपुरी २०४७)
- गीतिकाव्य - **कवि के जनमकुण्डली** (भोजपुरी २०५३)

- गीत गजलतर्फ **अभी बाँकी बा** (भोजपुरी गजल सङ्ग्रह, २०५४), **जीवनको लेक र बेंसी** (गजल सङ्ग्रह, २०५६), **उ भोर ना भइल** (भोजपुरी गीतसङ्ग्रह, २०५९)
- गजल-महाकाव्य, **प्रेमान्तर** (नेपालीमा, २०६२ )
- महाकाव्य-**धँधोर** (भोजपुरी, २०५५)

### ३.२.२.३ चम्पू (गद्य, पद्य, मिश्रित), शङ्खनाद (भोजपुरी, २०६६)

- उपन्यास **फुलवा** (भोजपुरी, २०५५)
- **कथा-नइहर के चुनरी** (भोजपुरी , २०५३ )
- समलोचना नेपालीय भोजपुरी भाषा र साहित्यको इतिहास, भोजपुरी लोकगीत, भोजपुरी लोककथा, लधुकथा : प्रकिया र पाठ ।
- अनुवाद साहित्य - डा. ध्रुवचन्द्र गौतमको **अलिखित** उपन्यास भोजपुरीमा अनुवाद

यसरी निष्कर्षमा हेर्दा कवि गोपाल अश्कले जे जति कृतिहरू लेखेका छन् , तिनलाई श्रव्य र दृश्य गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । यिनैको शाखा, उपशाखा गरी विभिन्न वर्गमा उनका काव्यहरूलाई वर्गीकरण गरिएको छ ।

## ३.३ निष्कर्ष

कवि तथा गजलकार गोपाल अश्क युवापुस्ताका सर्जक व्यक्तित्वहरूमध्ये एक कुशल स्रष्टा हुन् । व्यक्ति तथा समाजका अन्तरनिहित भावनालाई प्रष्फुटित गरी विकृति, विसङ्गतिका विरुद्ध यथार्थका माध्यमबाट कलम चलाउन उनी खप्पिस छन् । यस अर्थमा उनी सामाजिक यथार्थका पक्षपाती हुन् । विभिन्न नेपाली तथा भोजपुरी साहित्यकारहरूले जस्तै उनले पनि काव्यलाई दृश्य (नाटक, एकाङ्की ) र श्रव्य वा पाठ्य -(गद्य, पद्य र चम्पू ) गरी दुई वर्गमा विभाजित गरी यिनका पनि शाखा , उपशाखाजस्ता प्रभेदहरूमा बाँडेका छन् । उनका यी नाटक, एकाङ्की, गजल, काव्यकृतिहरू विभिन्न तत्त्वहरूमा आधारित रही रचना समेत भएको पाइन्छ । खासगरी कविका रूपमा गोपाल अश्कलाई चिनाउँदा खण्डकाव्यगत तत्त्वहरू र महाकाव्यगत तत्त्वहरूका दृष्टिबाट उनले आफ्ना काव्यकृतिहरूको रचना गरेका

छन् । कविताको मध्यम वा मझौला रूप खण्डकाव्य र वृहत रूप महाकाव्य गरी उनका काव्यकृतिहरूलाई पनि छुट्याइएको पाइन्छ ।

यसरी हेर्दा कवि गोपाल अश्क युगसापेक्ष कविका रूपमा देखिएका छन् । प्रेम र त्यसका अन्य पक्ष मिलन एवम् विछोड, क्रान्ति, विद्रोह, उन्मुक्तिको चाहना, क्रन्तिकारी परिवर्तन, नारीप्रतिको सहानुभूतिशील दृष्टिकोण जस्ता कुराहरूको सशक्त प्रस्तुतीकरणका साथै सामाजिक यथार्थताको अभिरेखाङ्कन कवि अश्कका काव्यकृतिहरूमा पाइन्छन् । यी कुराहरूको अध्ययनबाट हेर्दा कवि अश्क प्रयोगवर्ती/प्रयोगवादी काव्यकारका रूपमा सशक्त ढङ्गले अघि बढेको देखिन्छ ।

# अध्याय : चार

## कवि गोपाल अश्कको खण्डकाव्यगत अध्ययन

### ४.१ कवि गोपाल अश्कको खण्डकाव्यगत प्रवृत्ति

'काव्यका लक्षणहरू पूरा भएको सानो प्रबन्धात्मक काव्यलाई खण्डकाव्य भनिन्छ ।'[४६] यो कविता विधाको यस्तो मझौला आयामको उपविधागत भेद ठहर्छ, जसले कुनै आख्यान अँगालेर वा नअँगाली जीवनजगत्‌को एक अंश वा भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त भाषिक लयका माध्यमबाट व्यक्त गर्दछ । खण्डकाव्य (लघुकाव्य/सानो काव्य/छोटो काव्य) को मुख्यतः तीन ढाँचा पश्चिममा र पूर्वमा पनि देखा पर्दछन् । यीमध्ये पहिलो ढाँचा धेरै वा थोरै अथवा स्थूल वा सूक्ष्म आख्यानीकरणमा आधारित भई लयवद्ध भावद्वारा जीवनका एकादेश वा एकांशलाई प्रस्तुत गरी निर्मित भएको पाइन्छ ।[४७]

नेपाली तथा भोजपुरी खण्डकाव्य साहित्यको विकासक्रमलाई हेर्दा विशेषतः देशको राजनैतिक स्थितिको पनि यसमा प्रभाव परेको पाइन्छ । बहुदलीय प्रजातान्त्रिक व्यवस्थापछिका दिनहरूमा राष्ट्रिय नवनिर्माण स्वप्नका साथै मुक्ति कामनाका उल्लासहरूलाई अनि क्रमशः प्रजातान्त्रिक सञ्चेतना र राष्ट्रिय गरिमाको उपजलाई अभिव्यक्ति स्वन्त्रताको रूपमा खण्डकाव्यमा व्यक्त गरिएको पाइन्छ ।[४८] खण्डकाव्यकार गोपाल अश्कका रचनाहरू पनि यसको अपवाद हुन सक्दैनन् । नेपालीय भोजपुरी साहित्य जगत्‌का साधनारत खण्डकाव्यकार अश्कका खण्डकाव्यहरूमा त्यसको प्रभाव परेकै छ । साथसाथै उनको खण्डकाव्यहरूमा भोजपुरी माटोको सुगन्ध, राजनैतिक एवम् सामाजिक परिवेशका कुराहरूको चित्रण यथेष्ठ गरिएको पाइन्छ । कवि गोपाल अश्कले आफ्नो कवित्वको शक्ति, सीमा र सामर्थ्यलाई खोज्न लामो साधना पश्चात् प्रथम भोजपुरी खण्डकाव्य **कजरी** दिएर आफ्नो कवित्व अभिव्यक्तिको नवीन ढाँचालाई झुल्क्याएको

---

४६. वसन्त कुमार शर्मा, *नेपाली शब्दसागर* (काठमाडौं : भाभा पुस्तक भण्डार, दो.सं., २०५८), पृ. २० ।

४७. खगेन्द्रप्रसाद लुइँटेल र अन्य (सम्पा.), *नेपाली कविता* (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५४), पृ. ३ ।

४८. ऐजन, पृ. ५ ।

देखिन्छ । **कजरी** खण्डकाव्यकै आधारमा उनका खण्डकाव्यगत प्रवृत्तिलाई यसरी औंल्याउन सकिन्छ :

### ४.१.१ प्रयोगशीलता

वर्तमान सन्दर्भमा भइरहेका नौला-नौला प्रयोगहरूको समष्टि संज्ञाको नाम नै प्रयोगवाद हो । मानव मनमा व्याप्त भय, सन्त्रास, संशय, अनास्था आदिलाई कवितामा अभिव्यक्ति दिनु प्रयोगवादी धारण मान्न सकिन्छ ।[४९] आधुनिकतामा प्रयोगशीलता हुनु आवश्यक छ । पम्परित लेखनप्रति विद्रोह गर्दै नेपालीय भोजपुरी साहित्यका स्रष्टा कवि अश्कले खण्डकाव्यमा प्रयोगवादी धाराको आमन्त्रण गरेका छन् । उनले परम्परित खण्डकाव्य लेखनको भाषा, संरचना, कथावस्तु, पात्र, उद्देश्य आदिबाट क्षतविक्षत भई नयाँ नयाँ भाषाशैलीको खोज गरेका हुन् । दुर्बोध्य, क्लिष्ट भाषाशैलीलाई हटाएर सरल, सहज भाषाशैलीको रूपमा खण्डकाव्यलाई सिंगार्ने काम गरेका छन् । उनले **कजरी** खण्डकाव्यमा त्रिकोणात्मक प्रेमकथालाई मुख्य विषयवस्तु बनाई नयाँपन दिन खोजेका छन् । त्यसैले **कजरी** खण्डकाव्य पनि प्रयोगवादको निकट रहेको देखिन्छ ।

### ४.१.२ विसङ्गतिवादी चिन्तन

प्रयोगवादी धाराका कविहरू आफ्ना कवितामा जीवनप्रतिको निस्सारता र सामाजिक विसङ्गतिलाई चित्रण गर्दछन् । कवि अश्कका खण्डकाव्यमा विसङ्गतिवादी चिन्तन छ भने शिल्पशैलीमा प्रयोगशीलताको प्रबलता र नवीनताको खोजी छ । यसरी उनको शिल्पशैली पनि विसङ्गतिमूलक नै बनेको देखिन्छ । उनका **कजरी** खण्डकाव्य, **कवि के जनमकुण्डली** गीतिकाव्य जस्ता कृतिहरूमा समाजका परम्परागत कुसंस्कार, धार्मिक अन्धविश्वास, युगीन बिडम्बना, सहरी परिवेश, शासन सत्ताका दाउपेच, अभावग्रस्तमूलक प्रस्तुतिहरूलाई टिप्ने प्रयास कविले गरेको देखिन्छ ।

---

४९. कृष्णप्रसाद आचार्य, *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य* (कीर्तिपुर : न्यू टि.यु. बुक सेन्टर, २०६४), पृ. ५१२ ।

### ४.१.३ मानवतावादी जीवनदर्शन

कवि गोपाल अश्कका खण्डकाव्यमा मानवतावादी जीवनदृष्टि पनि अभिव्यक्त भएको पाइन्छ । उनका खण्डकाव्यमा मानिसका निराशा, प्रेम र करुणाको अभिव्यक्ति प्रकट भएको छ । मानवीय जीवनका जटिलताको चित्रण, भौतिक आध्यात्मिक चेतना, आशा, निराशा, कुण्ठा, यौनजस्ता कुराहरूको प्रस्तुतीकरण खण्डकाव्यमा गरेका छन् । उनी प्रयोगवादी खण्डकाव्यकार भएकाले पनि जीवनदृष्टि खुलस्त प्रकटीकरण हुन सकेको छैन । त्यसैले सोलोडोलो रूपमा हेर्दा उनका खण्डकाव्यमा मान्छेकै अस्तित्व र मानवीय मूल्यको खोजी नै कविताहरूको मूल अभीष्ट रहेको पाइन्छ । मानिसले जेजति दुःख, सङ्कट भोगेर पनि जिउनुपर्दछ र आफ्नो अस्तित्वको खोज गर्नुपर्दछ भन्ने मूल अभिव्यक्ति उनका खण्डकाव्यमा पाइन्छ ।

### ४.१.४ लोकलयका प्रयोक्ता

कवि गोपाल अश्कले आफ्ना खण्डकाव्यमा भोजपुरी समाजकै लोकलयलाई प्रस्तुत गरेका छन् । उनको कजरी खण्डकाव्यमा लय गद्यात्मक रहेको छ र कहीं कतै साङ्गीतिक लयमाधुर्य भरिएका पङ्क्तिहरू फेलापर्दछन् । नेपालीय भोजपुरी साहित्यका स्रष्टा खण्डकाव्यकार अश्कले भोजपुरी समाजकै जनजिब्रोमा प्रचलित लोकछन्दलाई नै लयात्मक रूप दिएका छन् ।

### ४.१.५ निष्कर्ष

नेपालीय भोजपुरी साहित्य जगत्का कुशल साहित्यकार गोपाल अश्कले खण्डकाव्यका क्षेत्रमा पनि कलम चलाएका छन् । विशेषतः भोजपुरी भाषामा **कजरी** खण्डकाव्य लेखेर प्रथम खण्डकाव्यकार बन्ने श्रेय समेत प्राप्त गरेका छन् । उनले आफ्नो खण्डकाव्यमार्फत दैहिक प्रेमको पूर्णतः अन्त्य गरी निश्छल, आदर्श र सच्चा प्रेमको कुरालाई अङ्गीकार गरेका छन् । समाजका विकृति, विसङ्गति जस्ता कुराहरूको अन्त्य गरी स्वच्छ, गतिशील र सभ्य समाज निर्माणतर्फ अग्रसर हुन उनका खण्डकाव्यहरूले आग्रह गरेका छन् । कवितामा नयाँ नयाँ कुराहरूको प्रयोग गरी कुशल प्रयोगवादी खण्डकाव्यकारका रूपमा उनी चिनिएका छन् । उनको **कजरी** खण्डकाव्यमा शीर्षक संरचना, कथानक, पात्रविधान, भाषाशैली, परिवेश,

जीवनदृष्टि, लयविधान र दृष्टिबिन्दु आदि खण्डकाव्यगत तत्त्वहरूलाई आधार बनाई विश्लेषणत्मक अध्ययन गरिएको छ ।

## ४.२. विभिन्न दृष्टिकोणबाट कजरी खण्डकाव्यको विश्लेषण

### ४.२.१ विषयप्रवेश

खण्डकाव्यकार गोपाल अश्कको खण्डकाव्य यात्राको प्रारम्भिक विकासको समयमा अर्थात् पहिलो चरणमा देखापरेको **कजरी**ले स्वयम् कविको लेखनीमा र भोजपुरी खण्डकाव्यकै इतिहासमा एक महत्त्वपूर्ण स्थान ओगटेको छ । पद्य लेखनतर्फको आफ्नो पहिलो कवितासंग्रह **लाल-गौरैया** रचनाको प्रारम्भ गरी आफ्नो लेखनकार्यलाई निरन्तरता दिएका अश्कले वि.सं २०४७ सालमा **कजरी** खण्डकाव्य लेखेपछि काव्ययात्रा प्रारम्भ भएको पाइन्छ । यो कृति कवि एवम् भोजपुरी साहित्यकै पहिलो पूर्ण र उत्कृष्ट नारी प्रधान काव्य हो ।

खण्डकाव्यकार गोपाल अश्क भोजपुरी साहित्य जगत्कै एक महत्त्वपूर्ण नाउँ हो । उनलाई समकालीन भोजपुरी साहित्यका चम्किला ताराका रूपमा लिन सकिन्छ । कवि अश्कको साहित्य साधना र विशेषगरी काव्य साहित्यमा अभिव्यक्त नारी संवेदना तथा नारीप्रतिको यिनको आवधारणा, मूल्य, मान्यतालाई खण्डकाव्य **कजरी**ले प्रष्ट्याउने प्रयास गरेको पाइन्छ । यस खण्डकाव्यभन्दा अगाडि उनी विभिन्न विधा तथा भाषामा फुटकर रचनामार्फत् अगाडि बढेको देखिन्छ । कृतिको रूपमा प्रथम कृति **कजरी** खण्डकाव्य भोजपुरी साहित्यको क्षेत्रमा साँच्चिकै एउटा कोसेढुङ्गो सावित भएको छ । भोजपुरी समाजमा रहेको अथवा हुर्केको सामाजिक विसङ्गति, कुरीति एवम् विकृतिलाई कवि अश्कले सशक्त ढङ्गबाट यस खण्डकाव्यमा उतारेको पाइन्छ । नेपालीय भोजपुरी माटोको सुगन्धका रूपमा रहेको यस खण्डकाव्यमा सामाजिक यथार्थ, त्रिकोणात्मक रूपमा हुर्किएको प्रेम, वेदना तथा विद्रोहका भावनाहरू प्रतिबिम्बित भएको पाइन्छ ।

## ४.२.२ शीर्षक/संरचना

कुनै कविता, निबन्ध आदि रचनाको परिचय गराउने शब्द वा शब्दावली वा नामलाई शीर्षक भनिन्छ ।[५०] कुनै पनि रचना, कृति आदिको मुख्य नाम वा टाउकोलाई नै शीर्षक भनिन्छ ।[५१] कवि गोपाल अश्कको **कजरी** खण्डकाव्यको शीर्षक शब्दकोशीय दृष्टिले एक शब्दको छ । कोशीय रूपमा यसको अर्थ विविध भए तापनि सामान्य कोशीय अर्थमा नायिका कजरी प्रमुख पात्रबाट निर्मित अभिधात्मक अर्थ बुझाएको छ । **कजरी** शीर्षक देख्नेवित्तिकै हामीले कजरीकै सोरोफोरोमा केन्द्रित रहेर कथावस्तु अगाडि बढेको पाउँदछौं । त्यसकारण यस काव्यको शीर्षकले पाठकका मनमा विभिन्न जिज्ञासा उत्पन्न गराउँछ र यो कृति पूरा पढ्न अभिप्रेरित गर्दछ । माथि **कजरी**को अर्थ खुलाइए झैं पाठकहरूले कजरी किन, कसरी र कसको माध्यमबाट विवाहको नौटङ्कीमा परी वेश्यालयसम्म बेचिन बाध्य तुल्याएकी छे ? भन्ने खुल्दुलीले मनमा सहानुभूति जाग्दछ । यसरी पाठकको जिज्ञासा र खुल्दुलीलाई नयाँ किसिमले प्रस्तुत गर्दै यस काव्यमा कजरी बाध्यतावश वेश्या बनिसकेपछि जीवनको उत्तरार्द्धतिर पुनः राधाकृष्णको मन्दिरमा गई वैवाहिक बन्धनमा बाँधिएर नयाँ जीवन प्राप्त गरेको देख्दा पाठक दङ्ग पर्दछन् । यस खण्डकाव्यमा अन्य सहायक पात्रहरूको पनि त्यक्तिकै भूमिका रहे पनि खण्डकाव्य पूर्ण रूपले कजरीकै जीवनमा केन्द्रित भई अगाडि बढेको हुँदा र कथालाई प्रष्ट्याउन विषयवस्तु र भावको सामाञ्जस्यमूलक प्रस्तुति भएका कारण शीर्षक अत्यन्त सार्थक र उपयुक्त बनेको छ ।

विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण जीवन्त र स्वनिष्ठ अस्तित्व (सत्ता) नै संरचना हो ।[५२] संरचना भनेको कृतिको बनोट एवम् बुनोट हो । कृतिको समग्र आयाम वा आकार प्रकारमा एवम् समग्रमा कृतिभित्रका उपकरणहरूको समष्टिगत स्वरूप नै संरचना हो ।[५३]

---

५०. सूर्यविक्रम ज्ञवाली (प्र.सम्पा.), *नेपाली संक्षिप्त शब्दकोश* (काठमाडौं : ने.रा.प्र.प्र., २०४०), पृ. ७१३ ।

५१. वसन्त कुमार शर्मा, *नेपाली शब्दसागर* (काठमाडौं : भाभा पुस्तक भण्डार, दो.सं., २०५८), पृ. १२४ ।

५२. खगेन्द्रप्रसाद लुइँटेल, *कविताको संरचनात्मक विश्लेषण* (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ४८ ।

५३. बाबुराम आचार्य, *पुराना कवि र कविता* (काठमाडौं : साझा प्रकाशन, ते.सं., २०३५),

कृतिको संरचनालाई बाह्य र आन्तरिक गरी दुई प्रकारमा विभाजन गर्ने प्रचलन रहेको छ । यो **कजरी** खण्डकाव्य बाह्य संरचनाको दृष्टिले ६० पृष्ठको लघुआकारको कृति हो । वि.सं २०४७ सालमा लेखक स्वयम्कै प्रकाशकत्वमा ५०० प्रति प्रकाशित यस कृतिको अग्रभागमा कविको तस्वीर र ठूलो अक्षरले **कजरी** लेखिएको छ । प्रस्तुत कृतिमा लेखक स्वयम्ले दु-शब्द शीर्षकमा आफ्ना विचारहरू पनि राखेका छन् । आन्तरिक संरचनाको दृष्टिले हेर्दा कविले सोझो कथानात्मक पद्धतिबाट विचारलाई लगालग पोख्दै सुसम्बद्ध पारेको देखिन्छ । कविको भावात्मक अभिव्यक्तिलाई यस खण्डकाव्यले चार श्लोकीय गीतिलयमा कवितात्मक रूप दिएर रसिलो र चाखिलो पाराले सिंगार्ने काम गरेको छ । पूर्वापर प्रसङ्गहरूको समुचित समायोजन छन्द, रस र अलङ्कारहरूको उचित प्रयोग आदिले काव्यलाई निकै दह्रो पारिएको छ ।

## ४.२.३ कथानक/विषयवस्तु

**कजरी** खण्डकाव्य कविताको मझौला रूप अन्तर्गत पर्दछ । यसले त्रिकोणात्मक प्रेमकथालाई बोकेर अगाडि बढेको हुनाले यसमा खण्डकाव्योचित आख्यान पूर्णहरूमा पाइन्छ र यस खण्डकाव्यको कथावस्तु पनि प्रेम नै हो । कथावस्तुको प्रस्तुतिका प्रसङ्गमा भोजपुरी रीति, थीति, नियम, परम्परा, संस्कृति आदिको यथोचित वर्णन गरिएको पाइन्छ । यसका साथै वर्गसङ्घर्षको सामाजिक स्थिति पनि खण्डकाव्यभित्रको सहायक कथावस्तु बनेर प्रस्तुत भएको छ । यसले लेखकीय प्रगतिशील चेतनालाई देखाउँछ ।

त्रिकोणात्मक प्रेमकथालाई बोकेर अगाडि बढेको यस खण्डकाव्यका प्रमुख पात्रमा कजरी र हिरवा रहेका छन् भने कस्तुरी, मङ्गल रञ्जित सहायक पात्रका रूपमा रहेका छन् । हिरवा कजरीलाई एकतर्फी रूपमा भित्रभित्रै प्रेम गर्न थाल्दछ तर कजरी उसलाई बालसखाको रूपमा हेर्छे । उता कस्तुरीले हिरवालाई मन पराउँछे तर हिरवा उसलाई देख्न चाहदैन रञ्जित जो गाविस अध्यक्ष हो, ऊ कजरीलाई वासनाको सिकार बनाउन चाहन्छ । हिरवाको कारण उसको सोचचाहिं पूर्ण हुन पाउँदैन । घटनाक्रमसँगै कजरीको बिहे कुनै अर्को जँड्याहा केटोसँग हुनपुग्छ । जँड्याहा पतिको घरमा कजरीले दुःख पाउँछे । लोग्नेको कसाई व्यवहार सहन नसकी कजरी माइत भागेर आउँछे तर दाजु र भाउजुले उसलाई

पृ. ३३ ।

माइतीघरमा राम्रो व्यवहार गर्दैनन्, जसले गर्दा ऊ चिन्तित हुन्छ । त्यसैबेला हिरवा जो कजरीको विवाहपश्चात् भावविह्वल भएर जोगी भएको हुन्छ, क्रमशः कजरीतिर आकर्षित हुनपुग्छ तर केही गर्न सक्तैन । विवश कजरी आफ्नै पतिको हातले वेश्यालयसम्म पुऱ्याइन्छे । उता रञ्जित जो वेश्यागमन गर्ने प्रवृत्तिको केटा हुन्छ, उसले कजरी वेश्या भएको कुरा सारा गाउँभरि प्रचार गर्न थाल्छ । हिरवाको कानमा पनि यो कुरा पुग्छ । त्यसको कुरा सुन्न र खप्न नसकेर ऊ आफ्ना सम्पूर्ण जायजेथा (गरगहना, धनसम्पति) बेच्नपुग्छ र कजरीलाई खोज्न वेश्यालयसम्म धाउँछ । वेश्यालयमा खोज्दै जाँदा हिरवाको जम्काभेट कजरी र मङ्गलसँग भएको हुन्छ । हिरवाले दुष्ट मङ्गललाई देख्न नसकी छुरा प्रहार गरेर हत्या गर्न पुग्छ । हत्याराको रूपमा हिरवा जेलपर्छ । सजायँ भुक्तान गरी नफर्कदासम्म कजरी महुवा नामक वेश्याका रूपमा रहन्छे । पछि हिरवाले महुवा नामक वेश्या कजरीलाई राधाकृष्णको मन्दिरमा लगेर विवाह गरी जीवनको उत्तरार्द्धमा दाम्पत्यको डोरी बाँध्न पुग्छ । ढिलै भए पनि चोखो प्रेमको जीत भएको प्रसङ्गलाई सुखद् अनुभूतिको रूपमा लिन सकिन्छ । यसरी खण्डकाव्यको कथाले सामाजिक रीतिरिवाज, परम्परा र संस्कृतिलाई मिठो र रोचक रूपमा वर्णन गरेको छ । ग्रामीण परम्परा, अशिक्षित समाजमा रहेको छुवाछुत, सानो, ठूलो, गरिबी र अमिरीको भेदभाव व्याप्त रहेको प्रसङ्गलाई काव्यकारले यसरी प्रस्तुति गरेका छन् :

गाँव त रीति-रिवाज के खवार ।
इहँवा छुवाछुत, रुढीवाद जोगावेला निकाले कटार ॥
नीच-उच जाति-पाति से माने ।
धन दौलत से आदमी पहिचाने ॥

निर्धन के करे सयकडौं हिनाई ।
धनीकन के समझे इज्जतदार भाई ॥

(कजरी, पृ. १)

ग्रामीण समाजमा रहेको रुढीवादी परम्परा, रीतिरिवाज, छुवाछुत, उँचनीचको भेदभाव, जातिपाति, धनदौलतले मानिसको पहिचान, गरीबप्रतिको हेय दृष्टिकोण, धनीवर्गलाई गरिने इज्जत सम्मानको व्यवहार जस्ता कुराहरूप्रति तीव्र व्यङ्ग्य गर्दै खण्डकाव्यकारले माथिका पङ्क्तिहरूमार्फत समाजमा व्याप्त वर्गीय भेदभावलाई औंल्याएका छन् ।

### ४.२.४ पात्रविधान/चरित्रवर्णन

कवि गोपाल अश्कको **कजरी** खण्डकाव्यमा भोजपुरी ग्रामीण स्तरका पात्रहरूलाई नै उभ्याइएको देखिन्छ । यस खण्डकाव्यमा पात्रहरू लिङ्गका आधारमा पुरुष र स्त्री पात्रहरूलाई प्रमुख तथा सहायकका रूपमा बाँडिएको छ । प्रमुख पात्रहरूका रूपमा कजरी स्त्री पात्र र हिरवा पुरुष पात्रका रूपमा रहेका छन् भने सहायक पात्रहरूका रूपमा कस्तुरी, मङ्गल, रञ्जित, महुवाको उपस्थिति रहेको देखिन्छ । यी पात्रहरूले त्रिकोणात्मक रूपबाट प्रेमकथालाई आधार बनाई खण्डकाव्यको कथावस्तुलाई अगाडि बढाएका छन् ।

### ४.२.५ परिवेश/देशकाल परिस्थिति

कवि गोपाल अश्कको यस खण्डकाव्यमा स्थानीय ग्रामीण परिवेशका पात्रहरूलाई संयोजन गरिएको छ । देशकाल परिस्थितिका रूपबाट हेर्दा अश्क स्वयम् वीरगञ्ज नगरीकै बासिन्दा भएकोले यसैको सेरोफेरोमा आधारित रही गाउँले परिवेशलाई लिइएको देखिन्छ । विभिन्न व्यक्तित्वका प्रभाव र प्रेरणाले काव्य क्षेत्रमा उदीयमान अश्कको **कजरी** खण्डकाव्य देशकाल परिस्थिति एवम् वातावरण सुहाउँदो छ । भोजपुरी समाज र त्यहींको परिवेशसँगै घुलमिल भएर खण्डकाव्यकार अश्कले आफ्नो काव्यसिर्जनालाई निरन्तरता दिएका छन् । वीरगञ्जको राधाकृष्ण मन्दिरदेखि मुम्बईको वेश्यालयसम्मको परिवेशलाई यसमा प्रयोग गरिएको छ । नेपालीय भोजपुरी समाज र त्यहाँका ग्रामीण प्रकृतिका विविध पक्षलाई समेटेर प्राकृतिक परिवेशलाई केही झल्काएको छ भने विवाह आदिको प्रसङ्गबाट भोजपुरी साँस्कृतिक परिवेशलाई देखाइएको छ । यसरी प्रस्तुत खण्डकाव्यलाई देशकाल परिस्थिति तथा वातावरणको दृष्टिकोणबाट हेर्दा यसमा भोजपुरी समाज, भोजपुरी माटोको सुगन्ध र भोजपुरी परिवेश सुहाउँदो किसिमले संयोजन गरिएको देखिन्छ ।

### ४.२.६ भाषाशैली

भाव अनुभूतिको अभिव्यक्तिको साधन भाषा हो । भाव र अनुभूतिलाई विशिष्ट तौरतरिका, विधि, पद्धति एवं ढाँचा, ढर्रा र विशेष किसिमको प्रक्रिया अपनाउने तत्त्व नै यसको शैली हो

। भाषाशैलीबिना भावमूर्त हुँदैन, भावविनाको शैली निर्जीव हुन्छ ।[५४] कजरी खण्डकाव्यको भाषा सरल, सहज, स्पष्ट लयात्मक हुनुका साथै गेयात्मक शैलीमा कथ्यको विन्यास गरिएको छ । सरल एवम् सुबोध भाषामा स्थानीय ग्रामीण परिवेशका पात्रहरूको संयोजनले गर्दा खण्डकाव्य सुस्पष्ट, विश्वसनीय रूपमा प्रस्तुत भएको पाइन्छ । नारीपीडा, वेदना एवम् सामाजिक कुरीतिप्रति चोटिलो व्यङ्ग्य प्रहार गरी लेखिएको प्रस्तुत खण्डकाव्य भाषागत हिसाबले हेर्दा सामान्य भोजपुरी भाषा ज्ञान भएका सबै स्तरका पाठकले बुझ्नसक्ने खालको बोधगम्य रहेको छ । भोजपुरी समुदाय र सामाजिक परिवेश बोकेको प्रस्तुत खण्डकाव्य गोपाल अश्कको पहिलो प्रकाशित कृति भए पनि भाषागत दृष्टिकोणबाट यसमाथि दोष लगाउने ठाउँ देखिँदैन । झर्रा भोजपुरी शब्दहरूको सन्तुलित र मिठासपूर्ण प्रयोग, कत-कतै नेपाली तथा हिन्दी आगन्तुक शब्दहरूको प्रयोगले पनि काव्य सुसज्जित बनेको पाइन्छ । कजरी खण्डकाव्यको शैलीशिल्पतिर दृष्टि दिँदा यसको कथनपद्धतिमा आफू पात्रलाई छोडी अन्य पात्रहरूको आगमन गराइएको हुँदा यसमा कविनिबद्धवक्तृप्रौढोक्ति कथनपद्धति अँगालिएको पाइन्छ । कविले आफ्नो वर्णनात्मक शैलीलाई विविध अलङ्कारयुक्त शिल्पद्वारा सजाएर सुन्दर, स्वभाविक र प्रभावकारी तुल्याएका छन् । यसरी भाषाशैलीका दृष्टिकोणबाट यो खण्डकाव्य कसिलो नै भएको पाइन्छ ।

## ४.२.७ जीवनदृष्टि

निरुद्देश्य वा निष्प्रयोजन साहित्यको संरचना नगरिने हुनाले साहित्यकै एक प्रमुख विधा कविताको रचना पनि निरुद्देश्य वा प्रयोजनहीन वा जीवनदृष्टि नभएको हुँदैन । यसका साथै कवितासृजनामा कुनै न कनै उद्देश्य वा जीवनदृष्टि अवश्यै हुन्छ ।[५५] कवि गोपाल अश्कको कजरी खण्डकाव्यमा नारीको जीवन पद्धति, उनीहरूप्रति समाजमा हुने सामाजिक शोषण र प्रेम तथा विछोड हुँदा छट्पटिएको मानसिकताको चित्रण गरिएको पाइन्छ । नारीको जीवनलाई पुरुष जातिले कठपुतली एवम् खेलौनाको रूपमा लिने, आफ्नो यौनलिप्सा मात्र पूरा गर्ने र आफ्नो स्वार्थ पूरा भएपछि वेश्यालयमा समेत बेच्न पछि नपर्ने जस्ता मार्मिक जीवनदर्शनका कुराहरूलाई यस खण्डकाव्यले कटाक्ष गरेको देखिन्छ । यो खण्डकाव्य पूर्णतः नायिकाप्रधान खण्डकाव्य भएकाले कजरीलाई नायिकाका रूपमा उपस्थापित गरिएको छ ।

---

५४. माधव घिमिरे, *आफ्नो बाँसुरी आफ्नै गीत* (ललितपुरः साझा प्रकाशन, चौ.सं., २०४६), पृ. २ ।

५५. खगेन्द्रप्रसाद लुइँटेल, *कविताको संरचनात्मक विश्लेषण,* पूर्ववत्, पृ. २३५ ।

कविले यस कृतिलाई कसैको मिठो वा कटु सम्झनामा समर्पित गरेको देखिन्छ । नारी जीवनको सूक्ष्मभन्दा सूक्ष्म भावनालाई आफ्नो खण्डकाव्यमा अभिव्यक्त गरेका छन् । हाम्रो समाजमा नारीलाई पुरुष जातिले कठपुतली एवम् खेलौनाको रूपमा लिने प्रसङ्गलाई कविले मर्मस्पर्शी ढङ्गबाट यसरी प्रस्तुत गरेका छन् :

नारी साँचो अवला
मरद जाति के कठपुतली
जन्मसे लेकर पचाटीतक
मरद जाति के खिलैना, पुतली

कजरी, पृ. ११ ।

यसप्रकार कजरी खण्डकाव्यमा कवि अश्कले नारीहरूलाई समाजले हेर्ने दृष्टिकोण, नारीहरू निःसन्तान हुदाँ उनीहरूलाई पर्ने पिर व्यथा, तड्पन जस्ता नारी संवेदनात्मक जीवनदर्शनका कुराहरूलाई कलात्मक ढङ्गले व्यक्त गरेको हुन् ।

## ४.२.८ लयविधान र दृष्टिबिन्दु

### ४.२.८.१ लयविधान

कविता लयात्मक भाषिक अभिव्यक्ति हो र यही लयात्मक विशिष्टताले कवितालाई साहित्यका अन्य विधाहरूबाट छुट्टयाएको हो । कविताको सार्वभौम प्रवृत्ति नै लयात्मक हुनु हो ।[५६] भाषिक एकाइका स्वर - व्यञ्जन वर्णको समविषम वितरण भएका वाक्य, चरण, पङ्क्ति वा हरफका गति-यति क्रम विधानबाट कवितामा लय निर्धारण हुन्छ । कवि गोपाल अश्कको यो खण्डकाव्य लोकलयमा अधारित रहेको छ । यसमा लोकलयको साहित्यिक प्रयोगले यो कृति भोजपुरी साहित्यकै चर्चित खण्डकाव्य बन्न पुगेको छ । सरलता, सरसता, लयात्मकता एवम् गेयात्मकता जस्ता विशेषताहरूले गर्दा यस कृतिले खण्डकाव्यको सग्लो स्वरूप प्राप्त गरेको छ । अश्कले यस खण्डकाव्यालाई गीति लयमा गाँउछन् । मिठास भर्छन् र काव्यका पङ्क्ति पङ्क्तिलाई कोकिल स्वरलहरीसँगै रमाउने गर्छन् ।[५७] यसरी यस

५६. पशुपति तिमिल्सेना, *युद्धप्रसाद मिश्र र उनका कविता* (काठमाडौं : एशिया पब्लिकेसन्स् प्रा.लि. २०६५), पृ. १०२ ।
५७. शोधनायकबाट प्राप्त जानकारी ।

खण्डकाव्यमा लोक वा समाजमा सहजै गाउन सकिने लोकलयात्मकताको छन्द प्रयोग भएको देख्न सकिन्छ । उदाहरण :

समय समय पर सामाजिक परिवर्तन,
आ - आपन रंग जमवले बा ।
लेकिन समाज के कुण्ठित विचार धारा,
प्रेम तपस्वी के हरदम मुअवले बा ॥

## ४.२.८.२ दृष्टिबिन्दु

कृति उपस्थित गर्ने पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । दृष्टिबिन्दु मुख्यतः प्रथम पुरुषात्मक र तृतीय पुरुषात्मक हुन्छ ।[५८] म, हामी, कवि स्वयम्कै उपस्थिति प्रथम पुरुषात्मक दृष्टिबिन्दु र ऊ, उनी, तिनी, नाम विशेषका शब्दहरू तृतीय पुरुषात्मक दृष्टिबिन्दु अन्तरर्गत पर्दछन् । कवि गोपाल अश्कको **कजरी** खण्डकाव्यमा तृतीय पुरुषात्मक दृष्टिविन्दुलाई अँगालेर लेखिएको पाइछ । कवि स्वयमकै उपस्थिति वा एकोहोरो वर्णन खण्डकाव्यमा कहींकतै पाइँदैन । कविले अन्य पात्रहरूलाई नै उभ्याएर खण्डकाव्यको रचना गरेका छन् । **कजरी** खण्डकाव्यभरि नै कजरी प्रमुख पात्रका रूपमा र अन्य सहायक पात्रका रूपमा कस्तुरी, मङ्गल, रञ्जित, हिरवा, मुखिया आदिलाई उभ्याएको हुनाले प्रस्तुत खण्डकाव्यमा तृतीय पुरुषात्मक दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.२.९ निष्कर्ष

कवि गोपाल अश्कको प्रस्तुत **कजरी** खण्डकाव्य हाम्रो समाजमा हुने र घट्ने गरेका विविध सामाजिक प्रसङ्गहरूमा आधारित रहेको छ । समाजमा प्रेमलाई सस्तो नाराबाजीका रूपमा लिने प्रवृत्तितर्फ व्यङ्ग्य गर्दै खण्डकाव्यकारले दैहिक प्रेमको विकृति एवम् विसङ्गतिलाई हटाउँदै स्वच्छ प्रेमको सिर्जना गर्नेतर्फ जोड दिएका छन् । समाजमा प्रेम गर्ने र जीवनका सुख, दुःखलाई बाँड्दै अगाडि बढ्ने प्रेमजोडीहरूले प्रेमको नौटङ्की गरेर आफ्नो स्वार्थसिद्ध भएपछि वेश्यालयको कालकोठरीसम्म पनि बेच्न पछि नपर्ने मानवको दानवीय प्रवृत्तिलाई पनि खण्डकाव्यले उदाङ्गो पारेको छ । यसरी यस खण्डकाव्यमा युगीन सामाजिक चेतना

---

५८. मोहनराज शर्मा, *समकालीन समालोचना सिद्धान्त र प्रयोग* (काठमाडौं : ने.रा.प्र.प्र २०५५), पृ. ५६५ ।

प्रतिबिम्बित छ । स्वच्छ समाज निर्माण, सामाजिक विकृति एवंम विसङ्गतिहरूको अन्त्य जस्ता कुराहरूको प्रस्तुति यस खण्डकाव्यमा व्यक्त गरिएको पाइन्छ । कवि अश्कले यस खण्डकाव्यलाई पाश्चात्य संस्कृति एवम् सभ्यताबाट विचलित भई अन्य कविले जस्तै पूर्वीय परम्परा र मान्यतालाई अङ्गीकार गर्दै खण्डकाव्यको रचना कार्य गरेको देखिन्छ । रसको परिपाक, गद्यलय वा मुक्तलयको संयोजनले परिपूर्ण हुनुपर्ने पूर्वीय मान्यतालाई टपक्क टिपेर अश्कले संयोगान्त र वियोगान्तका मार्मिक कुराहरूलाई लिएर शृङ्गार एवम् करुण रसले खण्डकाव्यलाई सिँगारेका छन् । मूलहरूमा हाम्रो समाजमा नारीहरूले भोग्नुपरेका पीडा, व्यथा, नारी अस्मिताको लुट, यौनशोषण जस्ता कुराहरूलाई कजरीको जीवन सन्दर्भको रूपमा उभ्याइएको छ ।

## ४.३. गीतिकाव्यको सैद्धान्तिक अध्ययन

### ४.३.१ पृष्ठभूमि

गीतलाई प्रगीत पनि भनिन्छ । हर्षविषादात्मक कोमलतम् अनुभूतिलाई चुनिएका शब्दहरूमा लयात्मक वा गेयात्मक रूपमा अभिव्यक्त गर्ने कविताको एक विशिष्ट रूपलाई प्रगीत वा गीत भनिन्छ ।[५९] अंग्रेजीमा यसलाई लिरिक भनिन्छ । लिरिक वा प्रगीत, सनेट, ओड आदि रूपमा विभाजन भएको पाइन्छ । प्रगीतमा वैयक्तिक राग, पदलालित्य, भावको एकात्मकता, सङ्क्षिप्तता र सङ्क्षितता र सङ्गीतात्मक पाइन्छ  सङ्गीत हुनु गीतको खास पहिचान हो । नेपालीमा विषयवस्तु वा भावधाराका दृष्टिले कविता झैं करुणात्मक, भक्तिपरक, रतिगात्मक र वीरभावात्मक गरी गीतका विविध रूप पाइन्छ । गीत वस्तुपरक र आत्मपरक शैली अँगालेर लेखिन्छ । गीत वस्तुपरक र आत्मपरक शैली अँगालेर लेखिन्छ । लयका दृष्टिले लोकलय वा झ्याउरे र स्वतन्त्र लय भएका गीतहरू पनि पाइन्छन् । गीतको संरचना आदि, मध्य र अन्त्यको शृङ्खला निर्वाह गर्न स्थायी र अन्तराको पुनरावृत्ति भएका गेयात्मकता, सङ्क्षिप्तता अँगालिएको सङ्गीतात्मक भाषिक संरचना हो । गीत विशेषतः गाउनका लागि रचिएको हुन्छ । लयात्मक रूपबाट गीतलाई गाइने गरिन्छ । लयात्मकता र साङ्गीतिकता हुनु

५९. कृष्णविलास पौडेल, *आधुनिक नेपाली कविता काव्य* (भोटाहिटीः नवीन प्रकाशन, २०६६) पृ.१६

कविताबाट छुट्टिने यसको निजी विशेषता हो ।[६०]

गीतितत्त्वलाई प्रमुखता दिएर रचिएको काव्यलाई गीतिकाव्य भनिएको पाइन्छ । गीतिकाव्य लायर नामक वाद्य यन्त्रबाट विकसित शब्द हो । हर्ष, विषाद् आदि अनुभूतिलाई चुनिएका शब्दबाट लयात्मक रूपमा प्रस्तुत गरिने कविताको एक विशिष्ट प्रकार गीतिकाव्य हो ।[६१] यसमा भावको स्वाभाविक प्रस्फुटन हुन्छ ।सुख, दु:खका भावलाई कोमलकान्त शब्दावलीमा गरिएको प्रतुति नै गीतिकाव्य हो । कविको इच्छा, भाव, विचार र कल्पनाबाट गीतिकाव्यको सिर्जना गरिन्छ । गीतिकाव्यमा अनुभूतिको आरोह अवरोहलाई प्रवाहपूर्ण शैलीमा सङ्गीतात्मक ढङ्गले प्रस्तुत गरिएको हुन्छ । सङ्गीतात्मकता लयात्मक अनुभूतिको एकात्मकता, सङ्क्षिप्तता आदि गीतिकाव्यका विशिष्ट लक्षणहरू हुन् । गीतिकाव्यको रचना गर्दा सरल, कोमल, माधुर्यपूर्ण, संक्षिप्त र स्पष्ट भाषाको प्रगोग गर्नु राम्रो मानिएको छ । एउटा गीतिकाव्य पूर्ण हुन भाव, कल्पना, सङ्गीत, लय आदिजस्ता तत्त्वहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

## ४.४.विभिन्न दृष्टिकोणबाट 'कवि के जनमकुण्डली' गीतिकाव्यको विश्लेषण

### ४.४.१ विषयप्रवेश

कविता वा काव्य र गीत दुवै भाषालाई माध्यम बनाएर कलात्मक रूपमा प्रस्तुत गर्ने साहित्यिक विधागत दुई रूप हुन् र दुवैमा सङ्गीत तत्त्व लय बनेर रहेको हुन्छ । यो सङ्गीत तत्त्वचाहिँ कवितामा छन्दलयको अन्तर्लय र गद्यलयको  बहिर्लयमा अन्तर्चेतका रूपमा अवस्थित हुन्छ भने गीतमा लयात्मकताभित्र सङ्गीत तत्त्व गीतिचेतको प्रबल, प्रमुख चेतको प्राधान्य अँगाल्दै लयमय बनेर अगाडि बढिरहेको हुन्छ ।[६२] गीत तथा काव्य अत्यन्त निकटतम् सम्बन्ध भएका भाषिक कलात्मक साङ्गीतिक अभिव्यक्तिहरू हुन् । यी दुवै भाषिक माध्यम अँगाल्ने गेय आत्मालापी र नेपथ्यगत अप्रत्यक्ष श्रोताद्धरा श्रवण गरिने श्रव्यकला हुन् । गीत र काव्यबीच घनिष्ठ नाता छ । यी दुवैले भषालाई माध्यम तुल्याउने कलाका रूपमा साहित्यक विधा भएर आफ्नो अन्तर-सम्बन्धलाई घनीभूत पारेको पाइन्छ ।

---

६०. ऐजन, पृ. १६ ।

६१. खगेन्दप्रसाद लुइँटेल, *नेपाली कविता* (भोटाहिटी : विद्यार्थी पुस्तक भण्डार, २०५७) पृ.१२ ।

६२. राममणि रिसाल, *नेपाली कवि र काव्य* (ललितपुर : साझा प्रकाशन, २०१३) पृ .२

यस हिसावले अर्न्तसङ्गीतले साङ्गीतिक भावप्रधान विधाका रूपमा गीत रहन्छ भने कविको स्वानुभूतिमय दौरानको अनूभूतिप्रदान विधाका रूपमा कविता काव्य रहेको हुन्छ ।[६३] यिनै गीत र काव्यबीचको अन्योन्याश्रित सम्बन्धलाई आत्मसात् गरी दुवै विधालाई एउटै कृतिमा समावेश गरी गीतिकाव्य रच्ने कतिपय स्रष्टाहरूमध्ये सहित्यकार गोपाल अश्क पनि एक हुन् । कविले जन्मदेखि मृत्युपर्यन्तसम्मको समयावधिमा भोग्नुपरेका सुख, दुःख जीवनका आरोह अवरोह कविलाई समाजले हेर्ने दृष्टिकोण जस्ता कुराहरू व्यक्त गरेर अश्कले प्रस्तुत गीतिकाव्यको रचना गरेको पाइन्छ ।

## ४.४.२ शीर्षक

कुनै पनि कृतिको शीर्षकले नै मूलभूत रूपमा त्यसभित्र समाविष्ट विषयवस्तुको समुच्चयमा प्रतिनिधित्व गर्दछ । भोजपुरी भाषाका निम्ति यो कृति दोस्रो कोसेलीका रूपमा प्रस्तुत छ । यसमा प्रयोग गरिएका हरेक पङ्क्तिहरू आफैंमा पूर्ण रहेका छन् । शीर्षकभित्र राखिएका विभिन्न १८ उपशीर्षकहरू पनि अत्यन्तै सुहाउँदिला रहेका छन् । यसमा कविको जन्मदेखि मृत्युसम्मका सामाजिक, साहित्यिक र आर्थिक यात्राको जीवन्त वर्णन स्वतन्त्र गीतिछन्दका रूपमा गरिएको छ । समाजले कविहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुनुपर्छ भन्ने किसिमको सन्देश प्रवाहित गर्न खोजेको यस गीतिकाव्यका हरेक उपशीर्षकहरू सार्थक र सान्दर्भिक छन् । त्यसैले प्रस्तुत कृतिलाई **कवि के जनमकुण्डली** भनेर नामकरण गरिनु औचित्यपूर्ण नै छ ।

## ४.४.३ संरचना

कवि गोपाल अश्कको  दोस्रो भोजपुरी भाषाको कृति **कवि के जनमकुण्डली** गीतिकाव्य वि. सं २०५१ सालमा स्रष्टास्वयम्‌कै प्रकाशकत्वमा सरस्वती प्रिन्टिङ्ग प्रेसद्धारा ७५० प्रति प्रकाशन भएको हो । कृतिको अग्रभागमा पद्यशैलीमा अश्कले प्रकाशक, प्रकाशन काल, मूल्य, सर्वाधिकार, मुद्रण आदि सूचना राखेका छन् भने त्यसपछि नेपाल भोजपुरी समाजका अध्यक्ष पं . दीपनारायण मिश्रको दु-शब्द शुभकामना, ने. रा.प्र. प्रतिष्ठानका सदस्य सचिव डा. धुवचन्द्र गैतमको सम्मति प्रकट रहेको छ । त्यस्तै साहित्यकार मुकुन्द आचार्यको  **कवि के जनमकुण्डली पढ्ला पर** भन्ने शीर्षकको मन्तव्य, युवा पत्रकार चन्द्रकिशोर झाको **हमर शुभ**

६३. ऐजन, पृ . ३ ।

**कामना** शीर्षकमा दुई शब्द शुभकामना र अन्तमा कवि स्वयम्कै **बात आपना दिल के** शीर्षकको मन्तव्य राखेका छन् । क्रमसँगै पछाडि उपशीर्षकहरू रखिएका छन् । बाह्यावरणको सादा कभर पृष्ठमा **कवि के जनमकुण्डली** शीर्षकमा ठूला अक्षरले लेखेर कविको आफ्नो नाम, नारीको भाषण र श्रोतागणहरूको उपस्थिति दिएर तलतिर गीतिकाव्य लेखिएको छ । पछाडितिरको कभर पृष्ठमा कविको पूर्ण परिचय, प्रकाशित, अप्रकाशित कृतिहरूको परिचय र कविको अवरण तस्बिरसमेत राखिएको छ । विविध उपशीर्षकहरू समेटेर गीतिछन्दमा कूल १८ वटा गीतिकविताहरू समेटिएको प्रस्तुत कृतिको बाह्य संरचना अश्कको पहिलो कृति **कजरी**भन्दा परिष्कृत नै छ । आन्तरिक संरचनाका दृष्टिले चाहिँ समाजको सामाजिक परिवेशदेखि लिएर समाजमा कविहरूलाई हेर्ने दृष्टिकोणप्रति घोचिलो, पेचिलो र आक्रोशमय शैलीमा व्यङ्ग्य गदै विषयवस्तु विन्यास गरिएको छ ।

## ४.४.४ विषयवस्तु/कथानक

वि.सं. २०५१ सालमा प्रकाशित कवि **कवि के जनमकुण्डली** गीतिकाव्य गोपाल अश्कको दोस्रो प्रकाशित कृति हो । अश्कले यसलाई गीतिकाव्य भनेर घोषणा गरे तापनि यसले झण्डै खण्डकाव्यको स्वरूपलाई स्पर्श गरेको देखिन्छ । यसमा कविले कविको जीवनमा जन्मदेखि लिएर मरणोप्रान्तसम्मका सामाजिक, साहित्यिक र आर्थिक यात्रा जीवनको जीवन्त वर्णन स्वतन्त्र गीतिलयमा गरेका छन् । यस गीतिकाव्यमा विविध उपशीर्षकहरू राखेर गीतिखण्डकाव्यलाई पूर्णता दिइएको पाइन्छ । तिनलाई क्रमशः तल चर्चा गरिन्छ :

### ४.४.४.१ कथा सङ्केत

यस उपशीर्षकमा विद्याकी देवी सरस्वतीलाई आफ्नी ममतामयी माताको रूपमा, कविलाई आफ्नी प्रेयसीका रूपमा र पितालाई सारा संसारको सृष्टिकर्ताको रूपमा मानिएको प्रसङ्गलाई यसरी उल्लेख गरेका छन् :

सरस्वती हई हमर महतारी,
कविता हमर प्राण के प्यारी,
बाप हउवे सारा संसार,
कविता हमर जीवन व्यापार

कवि के जनम कुण्डली, पृ. १ ।

### ४.४.४.२ कवि के जनम

यस उपशीर्षकमा शारदा (सरस्वती) को पेटबाट नौ महिनापछि कविको जन्म भएको र नाल नकाटिएको अवस्था रहेको प्रसङ्ग एवम् कवि र कविताको सङ्गम भएको अभिव्यक्तिलाई यसरी पोखेका छन् :

नौ महिना पेट में रह के
शारदा के, कवि जन्म भईल ।
नार ना कटल रहे तबही से,
कवि कविता के संगम भइल ।

कवि के जनम कुण्डली, पृ. ३ ।

### ४.४.४.३ चिन्ता : माई के

यस उपशीर्षकमा एउटी माताले बच्चालाई जन्म दिएपछि दिनरात लालन पालन, पढाइ लेखाई गराई भविष्यको कर्णधार बनाउने चिन्ताले आमालाई पिरोलिरहेको प्रसङ्ग उल्लेख गर्दै चिन्तै चिन्ताले आमालाई कतै चित्तामा नै पुऱ्याउने हो कि भन्ने अभिव्यक्तिहरू यसमा यसरी प्रकट भएका छन् :

चिन्ता के चित्ता पर देखी,
हई महतारी सुधारी लाल हमर ।
कइसे सुधारी लाल हमर ?
हई बेचारी फफक रहल ।

कवि के जनम कुण्डली, पृ. ५ ।

### ४.४.४.४ चिन्ता : बाबु के

यसमा एउटा बाबुले छोरा कवि बनेर नाम अमर राखोस्, सबेरै, साँझ कुनै पनि बेला नरोइकन जीवन सँधै फुलिरहोस् र चुल्हा, चौकादेखि लिएर सारा उसका सपनाहरू सुखसँग बितोस् भन्ने मिठो भविष्यको कामना गरिएको प्रसङ्ग यसरी उल्लेख गरिएको छ :

नाम अमर बेटा होई

बाकिर सुबह शाम रोई
चुल्हा चौकी जरी ना,
मिली सुख के तरी ना ।

कवि के जनम कुण्डली, पृ. ६ ।

### ४.४.४.५ कवि : पत्नी के नजर में

यस उपशीर्षकमा एउटी पत्नीको दृष्टिमा पति सच्चा कविका रूपमा उपनाम प्राप्त गर्न सकोस्, रात-रातभर सुन्दर कविताहरू कोर्न सकोस् र जीवनका हरेक क्षणहरूमा दुःख तड्पनसँग सामना गर्दै सच्चा कविको उपाधि प्राप्त गर्न सकोस् भनी कामना गरिएको प्रसङ्ग यसरी गरिएको छ :

करे कविताई रात रात भर,
सन्तन के उपनाम कवि रे ।
तड्पे हर क्षण जिवन मे उ,
जे कवि के छाँट बन जाला

कवि के जनम कुण्डली, पृ. ९ ।

### ४.४.४.६ कवि : यार के नजर में

एउटा मित्रले समाजमा कविलाई हेर्ने दृष्टिकोण र कविको जीवनमा आइपर्ने सबै दुःख, कष्टहरूलाई हटाएर जीवनको मधुशालामा कविलाई असल मित्र ठानेर अमर व्यक्तिका रूपमा हेर्न चाहेको प्रसङ्गलाई तलका पङक्तिहरूमा यसरी उल्लेख गरिएको छ :

यार हमर कविता वर भइले
जीवन उनकर हो गईल पाला ।
देख नयन उनकर कबहुँ त,
झूमेला ओ मे मधुशालमा ।

कवि के जनम कुण्डली, पृ. ११ ।

### ४.४.४.७ कवि:कवियन के बीच

यस उपशीर्षकमा कवि र कवयित्री (कवियन) का बीच दाँत र जिभ्रोको बीचको जस्तो सम्बन्ध देखाउँदै नयाँ र पुराना कविका बीच तुलना गर्न खोजिएको छ । त्यस्तै नयाँ कविहरू सचेतताका साथ अगाडि बढ्न सकेनन् भने पुराना कविहरूले दानव जस्तो व्यवहार गर्ने कविहरूका बीचको स्थितिलाई यसरी व्यक्त गरेका छन् :

कवि कवियन के बीच में अइसे,
होला दाँत जीभ बीच जइसे ।
सम्हर सम्हर कें जे ना चले उ,
काट चबइहें दानव जइसे ।

कवि के जनम कुण्डली, पृ. १३ ।

### ४.४.४.८ कवि : समाज के नजर मे

यसमा एउटा कविलाई समाजले हेर्ने दृष्टिकोण, दुनियाँले कविलाई पागल सम्झे पनि समाजका खाली पेटहरूलाई कविका कवितात्मक शब्दहरूले भने सक्ने क्षमता रहेको हुन्छ भनी देखाइएको प्रसङगलाई यसरी व्यक्त गरिएको छ :

पुष के पाला नैन मधुशाला,
कहँर कहँर पोर पोर भरेला,
चाह समझो पागल दुनियाँ
भरे कविता के रित गगरिया

कवि के जनम कुण्डली, पृ. १४ ।

### ४.४.४.९ कवि : कविता के सोच में

यसमा एउटा कविले जीवनलाई नदी झैं सल्ल बग्ने कविको मनमा कस्ता कविता लेख्ने विषयवस्तु के राख्ने भनी कविको मन सोचमग्न रहेको र जीवन एउटा नदीको किनारजस्तै रहेको छ भनी युगबोधका मर्मिक कुरालाई यस उपशीर्षकमा यसरी देखाइएको छ :

जीवन के नदीया के किनारे
बईठ कवि मन सोंच रहल बा ।

रे का लिखीत केकरा ला लिखी ,
विषयवस्तु सब सोच रहल बा ।

कवि के जनम कुण्डली, पृ. १८ ।

### ४.४.४.१० कवि कर्म

यस उपशीर्षकमा एउटा कविले समाजमा ऊँच, नीच, जातपात, छुवाछुत, जस्ता कुराहरूलाई हटाएर माहुरी जस्तो कर्मशील बनी कलम चलाउन सक्नुपर्छ र कविले तन,मन वचन दिई कलम चलाउँदा समाजको दर्पण बनी जिउने गर्दछ भन्ने कुराको प्रसङ्गलाई तलका पङ्क्तिहरूमा यसरी देखाइएको छ :

समाज के दर्पण बन के जिअल,
कवि कर्म तर्पण मन के बनल ।
रे निमन बाउर, नीच ऊँच गोर,
करिया माहुर बीच चितचोर ।

कवि के जनम कुण्डली, पृ. १९ ।

### ४.४.४.११ कवि धर्म

यसमा एउटा कविले समाजका रीतिरिवाज, परम्परा, संस्कार जस्ता कुराहरूलाई भुलेर रोई जिन्दगी बिताउनेप्रति कविताका माध्यमबाट निर्वाह गर्नुपर्ने धर्म र जमानाअनुसार परिवर्तित र समायोजित हुन नजान्नेहरूप्रति व्यङ्ग्य गर्दै सामाजिक सन्देश दिन खोजिएको प्रसङ्गलाई यसरी व्यक्त गरिएको छ :

चिरुआ भर पानी ला तरसे परनवा,
आइल बा कइसन देख जमनवा ।
रुठल जिन्दगी का गा के मनाई ?
देख डई हउवे सरकारी चिकनाई

कवि के जनम कुण्डली, पृ. २१ ।

### ४.४.४.१२ कवि : कविता

यस उपशीर्षकमा कविले आफ्ना कविताका माध्यमबाट आफ्नी प्रेयसी कवितालाई सम्बोधन गर्दै तिमीले मलाई चाहे दुश्मन सम्झ, चाहे मोहनीले बाँध, तिमीलाई टिका, पोतेले सिँगारेर चिटिक्क पारे झैं कवितात्मक सिर्जनामा थप सैन्दर्यतत्त्व भर्ने र परिष्कृत रचनाहरू जन्माउने उपक्रममा आफू लागिपरेको भाव यसरी व्यक्त गरेका छन् :

कविता ! तू हमके बना के दिवाना,
आपना बनईल् तू दुश्मन जमाना ।
पहल रात बितेल रात बितले तोहके सिँगारत,
मंजिया सेनुर माथे बिंदिया सजावट ।

कवि के जनम कुण्डली, पृ. २२ ।

### ४.४.४.१३ कवि : राष्ट्रिय फूल

यस उपशिर्षकमा कवि भनेका समाजलाई सही बाटो देखाउने सरस्वती पुत्र या प्रतिमा सम्पन्न स्रष्टा हुन् । संयमतासाथ आत्मरक्षा गर्दै अरुको समेत भलो चिताउने यी स्रष्टा वा कवि जीवनभर सत्य, न्याय र समानताका पक्षमा सर्मपित भई सन्तुष्टि लिन्छन् । सच्चा मानवीय भावनाका धनी स्रष्टाहरू राष्ट्रका निधि वा राष्ट्रपुष्प हुन् भन्ने कुरा यसरी व्यक्त गरिएको छ :

सरस्वती पुत्र ह दिग्दर्शक
रे 'स्व के रक्षक आ' पर के रक्षक ।
जीवनभर करके सधुवाई
समटवेला आपन प्यास ।

कवि के जनम कुण्डली, पृ. २३ ।

### ४.४.४.१४ हमर बाबुजी

यसमा कविले आफ्ना बाबुले बचपन अवस्थामा आफूलाई कुटो, कोदालो गर्दै जीवन प्राण दिएको प्रसङ्गलाई तलका पङक्तिहरूले यसरी अभिव्यक्त गरेका छन् :

छोडी कलम रउवा अब,
उठाईं कुदार ।
कोडी सितम रउवा अब,
उठाईं लुकाइ ।

कवि के जनम कुण्डली, पृ. २८ ।

## ४.४.४.१५ कवि के मौत

यसमा कविले समाजप्रति कवितात्मक कलमहरू चलाउँदा चलाउँदै अब आफूले धर्तीबाट बिदा लिएको र श्रद्धाञ्जलिका पुष्पहरू आफ्नो देहमा अर्पण गर्दै यही धर्तीको माटोमा विलिन भएको प्रसङ्ग यसरी उल्लेख गरेका हुन् :

संवेदना के नाता लागल,
दुःख वेदना क भाभा जागल ।
श्रद्धाञ्जली के फूलन से घन,
आ लागल तोपाई धरती ।

कवि के जनम कुण्डली, पृ. २९ ।

## ४.४.५. परिवेश/वातावरण

कवि गोपाल अश्कको **कवि के जनमकुण्डली** गीतिकाव्य ग्रामीण परिवेश, स्थानीय सेरोफेरो र भोजपुरी समाजको वातावरणलाई आधार बनाई लेखिएको पाइन्छ । पर्सा जिल्लाका ग्रामीण स्तरका कविहरूको नालीबेली खोतल्दै उनीहरूको सम्पूर्ण पक्षको चित्रण गर्नु यसको मुख्य उद्देश्य रहेको छ । हाम्रो समाजमा कविहरूलाई हेर्ने दृष्टिकोणमा सकारात्मक सोच हुनुपर्ने कुरालाई इङ्गित गर्दै उनीहरूले अनुभव र अनुभूति गरेका कुराहरूलाई पस्कन खोज्नु बाह्य वातावरणको मूल पक्ष हो भने आन्तरिक वातावरणको रूपमा हेर्दा कविहरूको जीवनमा समर्पित रहेको प्रस्तुत गीतिकाव्यमा कविको जन्मदेखि मृत्युपर्यन्तसम्मका कुराहरूलाई काव्यदस्तावेजका रूपमा चित्रण गर्न खोज्नु यसको आन्तरिक वातावरणको मूल पक्ष हो ।

### ४.४.६ भाषाशैली

**कवि के जनमकुण्डली** गीतिकाव्यको भाषाशैली सरल र सरस छ । यसमा भोजपुरी भाषाका कतिपय झर्रा र आगन्तुक शब्दहरूको प्रयोग भएको देखिन्छ । भोजपुरी भाषीहरूका लागि सरल वाक्यगठन भए तापनि व्याकरणिक अशुद्धताबाट भने कृति मुक्त हुनसकेको पाइँदैन । प्रत्येक उपशीर्षकभित्रका कविताहरूमा वर्णनात्मक, व्यङ्ग्यात्मक शैली अपनाइएको देखिन्छ । सामान्यतः भोजपुरी बोलीचालीको भाषालाई टपक्क टिपेर काव्यात्मक रङ्गले सिँगारी सहज पाराले मनोभाव प्रकट गर्ने गोपाल अश्कको भाषिक शैलीको विशेषता प्रस्तुत कृतिमा देखिएको छ ।

### ४.४.७ जीवनदृष्टि

वाङ्मयको धर्तीमा कुनै पनि कृति पदार्पण भइसकेपछि त्यसले केही न केही जीवनदृष्टि त बोकेर आएको हुन्छ नै । यही मान्यतालाई अङ्गीकार गर्दै कवि गोपाल अश्कको यस गीतिकाव्यमा पनि कवि व्यक्तित्व, घर-परिवार, समाज, राष्ट्र आदि क्षेत्रमा देखिएका सामाजिक विकृति-विसङ्गतिहरूलाई उधिनेर देखाउनु प्रस्तुत गीतिकाव्यको खास उद्देश्य हो भने कविहरूलाई स्वतन्त्र रूपले जिउन दिनुपर्ने, उनीहरूलाई हेर्ने दृष्टिकोणमा सकारात्मक सोचको भावना राख्नुपर्ने र सभ्य, आदर्श र अनुशासित समाज निर्माणका पक्षमा लाग्नुपर्ने कुराको सङ्केत गर्नु यस गीतिकाव्यको जीवनप्रतिको दृष्टिकोण वा विचार रहेको छ ।

### ४.४.८ लयविधान, भावविधान र दृष्टिबिन्दु

#### ४.४.८.१ छन्द वा लयविधान

कवि गोपाल अश्कको **कवि के जनमकुण्डली** गीतिकाव्य छन्द वा लयविधानका दृष्टिले हेर्दा पूर्णतः गीतिलयमा नै कृतिलाई डोऱ्याइएको पाइन्छ । धेरैजसो शीर्षकहरूमा चारपङ्क्तीय गीतिछन्दको गीतिलयात्मक ढाँचामा यथासम्भव अन्त्यानुप्रास मिलाई लयविधान पालना गर्ने कोसिस देखिन्छ । कतै-कतै गद्याभिव्यक्तिहरूलाई गद्य छन्दको रूप दिइएका केही कवितामा आन्तरिक लय भने त्यति फस्टाएको पाइँदैन । उहाहरण :

चार पङ्क्तीय गीतिलयको नमुना

नेता अभिनेता बनके दिवाना,
कुर्सी के, झुमेले के पैमाना ।
'स्व' से उठल बा कहाँ अरुणाई ?
रुठल जिनगीका गा के मनाई ?

कवि के जनम कुण्डली, पृ. २१ ।

छ पङ्क्तीय गीतिलयको नमुना

सरस्वती हई हमर महतारी,
कविता हमर प्राण के प्यारी
बाप हउवे सारा संसार,
कविता हमर जीवन-व्यापार ।
कवि, कविता आ जीवन के,
हम हाल सुनावे जात बानी ॥

कवि के जनम कुण्डली, पृ. १ ।

यसरी यस गीतिकाव्यमा गीतिछन्दको लयात्मक प्रस्तुति भरेर कृतिलाई लयविधानका दृष्टिले कसिलो पार्ने काम गरेको देखिन्छ ।

## ४.४.८.२ भावविधान

कुनै पनि कृतिको उत्कृष्टता वा लोकप्रियता त्यसमा अभिव्यक्त भावविधानमा निर्भर गर्दछ । यस गीतिकाव्यभित्र व्यक्त विषयवस्तुहरूमाथि दृष्टि दिँदा समाजमा सामाजिक आस्था, विश्वास, परम्परा र कविहरूलाई समाजले हेर्ने परम्परा र कविहरूलाई समाजले हेर्ने सोचमा परिवर्तन, बाबु-आमा, साथीभाई सबैको सद्भाव जस्ता विविध पक्षमाथि प्रकाश पारिएको छ । समाजमा सबैलाई जागृतिको चेतना जगाउँदै विद्यमान सामाजिक विकृति, विसङ्गतिहरूलाई हटाई कविहरूलाई स्वतन्त्र लेखनतर्फ उन्मुख गराउनु नै यसको मूल भाव देखिन्छ ।

### ४.४.८.३ दृष्टिबिन्दु

कृति उपस्थित गर्ने पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । दृष्टिविन्दु मुख्यतः प्रथम पुरुषात्मक र तृतीय पुरुषात्मक हुन्छ ।[६४] **कवि के जनमकुण्डली** गीतिकाव्य प्रथम पुरुषात्मक शैलीमा लेखिएको कृति हो किनभने यसमा कविस्वयम्ले नै एकोहोरो किसिमले काव्यभरि आफ्ना अनुभूति प्रस्तुत गरेको पाइन्छ ।

### ४.४.९ निष्कर्ष

कवि गोपाल अश्कको **कवि के जनमकुण्डली** गीतिकाव्य समाजका यथार्थपरक कुराहरूले भरिपूर्ण रहेको कृति हो । समाजमा कविहरूले भोग्नुपरेको यथार्थ, उनीहरूले भोग्नुपरेका असहज स्थितिहरूको आँकलन गरी सामाजिक-यथार्थवादी दृष्टिकोणलाई यस काव्यले अवलम्बन गरेको पाइन्छ । यसरी कविहरूको सामाजिक यथार्थजन्य अनुभूतिहरूलाई यस गीतिकाव्यमा समेटिएको छ । कवि अश्कका पुस्तकाकार कृतिहरूमध्ये वि.सं २०५१ सालमा प्रस्तुत गीतिकाव्य नेपालीय भोजपुरी भाषाको दोस्रो प्रकाशित कृति हो । यसमा हाम्रा गाउँघर, समाजका सामान्य जनजीवनदेखि राष्ट्रिय तहमा विद्यमान विकृति, विसङ्गतिहरूको चित्रण यथार्थपरक ढङ्गले गरिएको छ । कविहरूका जीवनका विसङ्गत पक्षहरूलाई समेटेर चिरफार गर्ने स्रष्टाको ध्येय भए तापनि मूलहरूमा कविहरूलाई सम्मान गर्नुपर्ने, उनीहरूलाई स्वतन्त्र रूपले कलम चलाउन दिनुपर्ने र कविका कवितात्मक भावनाहरूलाई मौलाउने अवसर दिनुपर्ने कुराहरूको सन्देश प्रवाह गर्न उनी उद्यत रहेको पाइन्छ । कृतिको भाषा सरल  नै भएकाले सामान्य पाठकहरूका निम्ति पनि बोधगम्य देखिन्छ । यसरी काव्यिक तत्त्वका दृष्टिकोणबाट केही कमी-कमजोरी भए पनि स्रष्टाको निरन्तर क्रियाशीलता र आभ्यासिक गतिले प्रस्तुत कृति भोजपुरी भाषीहरूका लागि पठनीय बनेको छ ।

## ४.५. कवि गोपाल अश्कका महाकाव्यगत प्रवृत्ति

महाकाव्यकारका रूपमा गोपाल अश्कलाई चिनाउँदा उनी प्रयोगशील/प्रयोगवर्ती कुशल साहित्यका स्रष्टा भएकाले महाकाव्यको साजसज्जामा उनले कमै ध्यान दिएका छन् । उनका महाकाव्यको भावविधान आफ्नै प्रकारको छ भने बिम्बविधान पनि कम नै छ । यस

६४. मोहनराज शर्मा, *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* (काठमाडौं : ने.रा.प्र.प्र., २०५५), पृ. ५६५ ।

अवस्थामा नेपालीय भोजपुरी साहित्य क्षेत्रका कुशल स्रष्टा अश्कका नेपाली तथा भोजपुरी दुवै क्षेत्रमा कलम दौडेको देखिन्छ । महाकाव्यको क्षेत्रमा गजलमा समेत महाकाव्य लेखेर नौलो आयाम भित्र्याउने प्रथम गजल-महाकाव्यकारको श्रेय समेत उनले प्राप्त गरेका छन् । गजलका विविध नियमहरूमा बद्ध भएर **प्रेमान्तर २०६२** गजल महाकाव्य लेखेका छन् भने भोजपुरी भाषामा **धँधोर** (राँको), २०६६ महाकाव्य लेखेको पाइन्छ । यिनै दुई महाकाव्यका आधारमा उनका महाकाव्यग प्रवृत्तिहरूलाई बुँदागत आधारमा यसरी उल्लेख गरिएको छ :

- विषयवस्तुगत प्रवृत्ति
- रसभावगत प्रवृत्ति
- स्वरगत प्रवृत्ति
- लयगत प्रवृत्ति
- संरचनागत प्रवृत्ति
- भाषाशैलीगत प्रवृत्ति

## ४.६. विभिन्न दृष्टिकोणबाट प्रेमान्तर गजल-महाकाव्यको विश्लेषण

### ४.६.१ पृष्ठभूमि

नेपाली, भोजपुरी र हिन्दी तीनवटै भाषामा आफ्नो कलम चलाइरहेका साहित्यकार गोपाल अश्क सशक्त गजलकार हुन् । नयाँ-नयाँ काम गरेर देखाउन खोज्ने अश्कले **धँधोर** (राँको, महाकाव्य) लेखेर भोजपुरी भाषाका पहिला नेपाली महाकाव्यकारका रूपमा आफ्नो स्थान सुरक्षित राखेका छन् र अहिले **प्रेमान्तर** (२०६२) गजल-महाकाव्य लेखेका छन् । यिनले सिंगो नेपाली साहित्यमा नै गजलमा पहिलो महाकाव्यकारका रूपमा आफूलाई चिनाएका छन् । खण्डकाव्य, गीतिकाव्य, कथा, कविता, उपन्यास, नाटक, एकाङ्की र गजलविधा गरी उनका एक दर्जनभन्दा बढी कृतिहरू प्रकाशित भएका छन् । गोपाल अश्कको **प्रेमान्तर** नेपाली साहित्यकै पहिलो गजलमहाकाव्य बन्न पुगेको छ ।[६५]

**प्रेमान्तर** गजल-महाकाव्यको सिर्जनाले गजलको लय संरचनामा पनि महाकाव्य लेख्न सकिन्छ भन्ने कुरालाई प्रमाणित गरेको छ । प्रेममा आउने उतार-चढाव, प्रेमका नाममा

६५. लक्ष्मणप्रसाद गौतम, *प्रेमान्तरमा एक दृष्टिकोण* (गोरखापत्र, १४ जेठ, २०६२), पृ.३९ ।

भित्रिएका विकृति, विसङ्गतिहरूलाई झटारो हानेर प्रेमको सच्चा, आदर्श पक्षको वकालत गर्नु **प्रेमान्तर** महाकाव्यको खास विशेषता हो । कविले यसलाई गजलको लयसंरचनामा लेखेको हुनाले गजल-महाकाव्य भनेका छन् ।[६६] छ सेरको मङ्गलाचरण र १६ सर्गको आयाममा विस्तारित भएको यस महाकाव्यको बाह्य संरचनालाई अझ व्यवस्थित बनाउन सातौं सर्गसम्मको विषयवस्तु वा कथानकलाई पहिलो खण्डमा र आठौंदेखि सोह्रौं सर्गसम्मलाई दोस्रो खण्डमा विभाजन गरी महाकाव्यलाई पूर्णता दिने प्रयास गरिएको छ । दोस्रो खण्डले कथानकलाई कौतूहलताका साथ संवेदनशील पनि बनाएको छ । पहिलो खण्डलाई नायक नायिकाका बीचको मिलन, विछोड, विद्रोह, द्वन्द्व, प्रलय, उत्सर्ग जस्ता घटनाचक्रहरूमा विकसित गरिएको छ भने दोस्रो खण्डलाई क्रमशः मिलन, द्वन्द्व, विद्रोह, घरपरित्याग, सङ्घर्ष, सम्बन्धविच्छेद, मृत्युवरण र उपसंहारमा लगेर टुङ्ग्याइएको छ । यसरी यस महाकाव्यलाई दुई-दुई पटक मिलन, विछोड, विद्रोह र द्वन्द्व देखाई विषयवस्तु घुमाउन सक्नु अश्कको आफ्नै वैशिष्ट्य हो । गोपाल अश्कको **प्रेमान्तर** नेपाली गजल-महाकाव्य उत्कृष्ट छ । यसमा प्रेम, विरह, सद्भाव, दुर्भाव, सामाजिक यथार्थ, मान्यता र महत्त्वको प्रस्तुति रहेको छ, जुन सशक्तकासाथ अभिव्यक्त गरिएको छ ।[६७] यस **प्रेमान्तर** गजल महाकाव्यका माथिका विषयवस्तुहरूले सर्गलाई पनि सङ्केत गरेका छन् । यो कृति प्रेमरसले भरिएको महाकाव्य हो र प्रेमको सच्चा अनि आदर्शरूपलाई गजलकारले यसमा समाहित गरेका छन् । प्रेममा त्याग, विश्वास र समर्पण चाहिने कुरालाई गजलकारले उठाएका छन् र प्रेमलाई संसारकै उत्कृष्ट अनुभूतिपरक तत्त्वका रूपमा स्वीकार गरेका छन् । यसलाई प्रष्ट पार्न गजल -महाकाव्यका रूपमा यसको विस्तृत विश्लेषण गरिएको छ ।

## ४.६.२ शीर्षकीकरण/शीर्षक सार्थकता

रचित कृतिको शीर्ष स्थानमा रहेको नाम शीर्षक हो ।[६८] प्रत्येक कृतिको माथमा रहने यो अङ्ग ज्यादै महत्त्वपूर्ण हुन्छ । शीर्षकलाई आधार रचना मानिने हुँदा हरेक लेखकले शीर्षकद्वारा आफ्ना कृतिको नामाकरण खुबै सोचविचारका साथ गरेको हुन्छ । गजलकार अश्कले प्रस्तुत गजल-महाकाव्यको शीर्षक **प्रेमान्तर** जुराएका छन् । यस काव्यका दुवै

६६. ऐजन, पृ. ४० ।

६७. अमर त्यागीलाई सोधिएको प्रश्नावलीबाट प्राप्त जानकारी ।

६८. मोहनराज शर्मा, *संरचना वर्ण विन्यास* (काठमाडौं : नवीन प्रकाशन, २०५६), पृ. ३०२ ।

खण्डमा समाहित सोह्रओटै सर्गहरूमा कुनै न कुनै रूपबाट प्रेमको चर्चा-परिचर्चा गरिएको छ । शिष्ट र मर्यादित प्रेमको अपेक्षा गर्दै गोपाल अश्कले यो **प्रेमान्तर** शीर्षकको गजल-महाकाव्य सिर्जना गरेका छन् । हरेक कोणबाट प्रेमप्रतिको दृष्टिकोण राखी प्रेमको अर्थ खोज्ने कोसिस गरिएको छ । प्रेमको उच्च, उदात्त, शाश्वत र हार्दिक पक्षलाई देखाएर साँचो अर्थमा डुबुल्की मार्नेहरूका लागि यो उपयुक्त महाकाव्य भएकाले यसको शीर्षक सार्थक र औचित्यपूर्ण देखिन्छ ।

## ४.६.३ संरचना

नेपाली गजलको क्षेत्रमा आफूलाई स्थापित गराइसकेका गजलकार गोपाल अश्कको प्रथम गजल महाकाव्यका रूपमा **प्रेमान्तर** देखापर्दछ । यो महाकाव्य वि.सं २०६२ मा *बसुन्धरामान प्रज्ञाप्रतिष्ठान* काठमाडौंले प्रकाशन गरेको हो । यस महाकाव्यलाई सोह्र सर्गमा र दुई खण्डमा उभ्याइएको छ । भूमिका खण्डलाई बाह्र पृष्ठमा लम्ब्याइएको छ । प्रथम खण्डको प्रथम सर्गमा मिलन, दोस्रोमा विछोड, तेस्रोमा विद्रोह, चौंथोमा द्वन्द्व, पाँचौंमा प्रलाप, छैंटौंमा उत्सर्ग र सातौंमा निष्कर्ष हुँदै द्वितीय खण्डका आठौं सर्गमा मिलन, नवौंमा द्वन्द्व, दसौंमा विद्रोह, एघारौंमा घर परित्याग, बाह्रौंमा सङ्घर्ष, तेह्रौंमा सम्बन्धविच्छेद, चौंधौंमा मृत्युवरण, पन्ध्रौंमा प्रमान्तर र सोह्रौंमा उपसंहार गरी यसको कलेवर तयार गरिएको छ । सर्ग एकमा पन्ध्र गजल रहेका छन् भने चार र पाँच सेरमा ती गजलहरू संरचित छन् । सर्ग एकमा एकहत्तर सेर रहेका छन् । दोस्रो सर्गमा बाह्रओटा गजल र सन्ताउन्न सेर रहेका छन् । यसमा पनि चार र पाँच सेरका गजल छन् । तेस्रो सर्गका दस गजलमा उनन्पचास सेर छन् । यसमा पनि चारदेखि पाँच सेरका गजल छन् । चौथो सर्गमा चौध गजल, सतसट्ठी सेर छन् । यस सर्गमा गजलकारले चार, पाँच र छ सेरको गजल रचेका छन् । पाँचौं सर्गमा तेह्र गजल छैसट्ठी सेरको गजल चारदेखि सात सेरसम्मका छन् । छैंटौं सर्गमा एघारओटा गजलमा त्रिपन्नओटा सेर चारदेखि छ सेरसम्मका छन् । सातौं सर्गमा तेह्र गजलमा साठीओटा सेर रहेका छन् । आठौं सर्गका बाह्रओटा गजलमा उनान्साठी ओटा सेर छन् । यसमा पनि चारदेखि छ सेरसम्मका गजल छन् । नवौं सर्गमा दसओटा गजलमा एकाउन्नओटा सेर छन् । यसमा पाँच र छ सेरका गजल छन् । दसौं सर्गका उन्नाइसओटा गजलमा अन्ठानब्बेओटा सेर रहेका छन् । यसमा चारदेखि छ सेरसममका गजल छन् । एघारौं सर्गमा पन्ध्रओटा गजलमा अठहत्तरओटा सेर छन् । यसमा पनि चारदेखि छ

सेरसम्मका गजल छन् । बाह्रौं सर्गमा तेह्राओटा गजल बहत्तरओटा सेरमा रहेका छन् । यसमा पाँच र छ सेरका गजल हुन् । सोह्रौं सर्गमा तीनवटा गजलमा सोह्र सेर छन् । यसरी **प्रेमान्तर** महाकाव्यमा एकसय चौरानब्बे गजल र नौसय सतसट्ठी सेर रहेका छन् । गजलकारले यस महाकाव्यभरि नै चारदेखि सात सेरसम्मका गजल रचना गरेका छन् । यस गजल-महाकाव्यको बाह्य र आन्तरिक संरचनालाई तालिकामा यसप्रकार देखाइएको छ :

**गजल-महाकाव्यको बाह्य र आन्तरिक संरचना** [६९]

| क.सं | सर्ग | गजलसङ्ख्या | सेरसङ्ख्या |
|---|---|---|---|
| १ | एक | १५ | ७१ |
| २ | दुई | १२ | ५७ |
| ३ | तीन | १० | ४९ |
| ४ | चार | १४ | ६७ |
| ५ | पाँच | १३ | ६६ |
| ६ | छ | ११ | ५३ |
| ७ | सात | १३ | ६० |
| ८ | आठ | १२ | ५९ |
| ९ | नौ | १० | ५१ |
| १० | दश | १९ | ५८ |
| ११ | एघार | १५ | ७८ |
| १२ | बाह्र | १३ | ७२ |
| १३. | तेह्र | १० | ५८ |
| १४ | चौध | १० | ५२ |
| १५ | पन्ध्र | १४ | ६० |
| १६ | सोह्र | ३ | १५ |
| | जम्मा | १९४ | ९६७ |

६९. विमला भट्ट, *गोपाल अश्कको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन* (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, २०६६), पृ. १०३

### ४.६.४ कथावस्तु/कथानक

नेपाली गजलसाहित्यको पहिलो महाकाव्य **प्रेमान्तर**ले एउटा इतिहास रचेको सन्दर्भमा नारी र पुरुषबीच जन्मने प्रणयबोधलाई छन्द र बहरका माध्यमबाट कथावस्तुलाई प्रस्तुत गरिएको छ । प्रेमका विभिन्न अर्थ, परिभाषा, त्याग, बलिदानजस्ता विशेषताहरूलाई कथानक सूत्रमा बाँधी कथानक रूपमा चित्रण गरिएको छ । कथानक रूपमै गजलमा प्रवाहित हुन सक्ने वैशिष्ट्य प्रेमान्तरमा अनुभूति गर्न सकिन्छ । मिलन, विछोड, विद्रोह, द्वन्द्व प्रलाप, उत्सर्ग, निष्कर्ष, घरपरित्याग, सङ्घर्ष, सम्बन्धविच्छेद, मृत्युवरण, प्रेमान्तर र उपसंहारजस्ता उपशीर्षकहरू खडा गरेर गजलकारले कथावस्तुलाई प्रेममय परिवेशमै समाहित गरेका छन् । गजलकार अश्कले पहिलो खण्डको 'मिलन' उपशीर्षकमा प्रेमको सुखमय मिलनका लागि प्रेमिकालाई अनुनय विनय गरेका छन् :

प्रिया तिम्रो प्रतीक्षामा आँखा खोली बसेछु
आऊ प्रिया आफ्नो प्रेमीको अंसुवनमा

प्रेमान्तर, पृ. ५ ।

माथिको गजलमा प्रियतमाको प्रतीक्षामा आँखा खोली बसिरहेको र आफ्नो नजिकमा, अँगालोमा वा अंसुवनमा आउनको लागि आग्रह गरिएको छ ।

त्यसो भए बिर्सिहाल माया मेरो प्रीत
बिर्सिहाल भेटे थियौ तिमी कोही मीत

प्रेमान्तर, पृ. २४ ।

प्रस्तुत गजलांशमा विछोडको वेदनाले भावविभोर भएर आफ्नी प्रेयसीलाई लगाएको मायाप्रीति बिर्सिदिन आग्रह गरेको र कतै कुनै मित भेटिएको, त्यसलाई इतिहास सम्झन आग्रह गरिएको प्रसङ्ग उल्लेख छ ।

गजलकारले तेस्रो सर्गमा विद्रोहजन्य कथावस्तुमा आफ्नो **प्रेमान्तर**लाई अगाडि बढाएका छन् । प्रेममा उतार चढावको स्थिति सिर्जना भएर विद्रोह गर्नुपरेका भावनाहरू यस गजलमा पोखिएका छन् । पारिवारिक बाध्यता एवम् चौघेरामा परेर प्रेमका लागि विद्रोहको पाटो

अपनाउनु परेको प्रसङ्ग उल्लेख गर्दै आफ्नो जीवनलाई पिँजडामा कैद गरिएको र मायासँग मिलन कहिले हुन्छ, त्यो थाहा नभएको गुनासो यसरी पोखेका छन् :

पिँजडामा कैद गरिएको जीवन मेरो
थाहा छैन कहिले हुन्छ मायासँग मेल ।

प्रेमान्तर, पृ. ३४ ।

चौंथो सर्गमा द्वन्द्वमय परिवेशको कथावस्तु सिर्जना गरेर अश्कले काव्यलाई अगाडि बढाएका छन् । तल दिइएको गजलांशमा प्रेयसीलाई भेटेर भूल गरेको र कुबाटोमा पिरतीको फूल छरेको भावना व्यक्त गरेका छन् । यो प्रेममा द्वन्द्वमय परिवेश सिर्जना गरिएको प्रसङ्ग यसरी उल्लेख छ :

तिमीलाई भेटेर भूल गरेजस्तो लाग्छ ।
कुबाटोमा पिरतीको फूल छरेँजस्तो लाग्छ ।

प्रेमान्तर, पृ. ५६ ।

पाँचौं सर्गका गजलांशहरूमा प्रेम पाउनका लागि अनेक प्रलाप गरी कथानकको सिर्जना गरिएको छ । प्रेममा हार पनि जीत हुन्छ भन्दै प्रेममा सफल हुनका लागि सागरको गहिराइमा डुबेर मोती टिप्न सक्नुपर्ने धारणा यसरी व्यक्त गर्दछन् :

हार पनि जीत हुन्छ प्रेममा साथी सुन
सागरको गहिराइमा डुबेर मोती चुन ।

प्रेमान्तर, पृ. ५९ ।

छैंटौं सर्गका गजलांशहरूमा उत्सर्गजन्य कथावस्तुको सिर्जना गरेर कथानकलाई अगाडि बढाएइको छ । मृत्युसँग बेलाबखत संवाद हुनेगरेकोमा अब त्यस्तो नभई इच्छा र चाहनाहरू खनिएर उत्सर्गतिर बढी प्रेमको अर्थ अथवा रूप विस्तार भएको वा फराकिलो भएको प्रसङ्गलाई यसरी उल्लेख गरेका छन् :

हुन छाड्यो मृत्युसँग बेला-कुबेलाको संवाद
चाहनानिम्ति उत्सर्ग हुने प्रेम अर्थविस्तार भयो ।

प्रेमान्तर, पृ. ८२ ।

सातौं सर्गका गजलांशमा गजलकारले निष्कर्ष खडा गरेर प्रेममय परिवेशलाई घुमाउँदै कथानक सिर्जना गरेका छन् । माया गर्ने श्रीमान् पाएर प्रियतमा अथवा श्रीमतीले आफूलाई भाग्यमानी ठानेको र भगवान्को दर्शन पाएको शृङ्गारिक अभिव्यक्तिहरू उत्सर्गस्वरूप यसरी प्रस्तुत भएका छन् :

म भाग्यमानी हुँ किनभने माया गर्ने श्रीमान् पाएँ

श्रीमान्को यस रूपमा लाग्छ मैले भगवान् पाएँ

प्रेमान्तर, पृ. ८६ ।

आठौं सर्गका गजलांशमा गजलकारका गजलहरू मिलनका निम्ति आतुर भएका देखिन्छन् । प्रेयसीसँग मायाप्रीतिको जीवन सुरु भएको र प्रेयसीसँग मृत्युवरण गर्ने उत्कट इच्छा एवम् अभिलाषाहरू यसरी प्रस्तुत भएका देखिन्छन् :

तिमीसँग सुरु भएछ प्रीतको जिन्दगानी
तिमीसँगै यसले गर्छ आफ्नो मृत्युवरण

प्रेमान्तर, पृ. १०९ ।

गजलकार अश्कले दोस्रो खण्डमा प्रेमान्तरको रूप देखाई कथानकलाई अगाडि बढाएका छन् । यसमा पनि विभिन्न उपशीर्षकहरू राखिएका छन् । प्रेम मिलनपछि पनि द्वन्द्व सिर्जना गरिएको प्रसङ्ग उल्लेख गरिएको छ :

देहमिलनको सम्झना हुँदा समर्पणको नाउँमा
नेहाको अङ्गप्रत्यङ्ग थरथर थर्किरहेथ्यो ।

प्रेमान्तर, पृ. १११ ।

प्रस्तुत गजल नवौं सर्गको गजल हो । यसमा समर्पण अथवा त्यागको नाममा शरीर मिलनको सम्झना गर्दा प्रियसीका अङ्गप्रत्यङ्गहरू कतै विछोड हुने हो कि भनी थर्थर् काँपिरहेको प्रसङ्ग उल्लेख गरिएको छ ।

मान्नुहुन्न हजुरहरू त छाड्छु म यो घर
पार्दिन म हजुरहरूमाथि अलिक भर ।
प्रेमान्तर, पृ. १२९ ।

यस दसौं सर्गको गजलांशमा गजलकारले फेरि विद्रोहको कथानक सिर्जना गरेका छन् । आफूले गरेको प्रेम पाउनलाई परिवारमा विद्रोह गरेको प्रसङ्गलाई उनले प्रस्तुत गरेको देखिन्छ । जति बिन्तिभाउ गर्दा पनि बाबुआमाले नमानेकोमा घर छोडेर बाबुआमाको भर नपर्ने भावनाहरू माथि प्रस्तुत भएको देखिन्छ ।

घर त्याग गर्दा खेरि मन पनि रसाएको छ
बिरोध गर्ने इच्छाशक्तिले पाइलाहरू पाएको छ ।
प्रेमान्तर, पृ. १४२ ।

माथिको एघारौं सर्गको गजलांशमा गजलकारले घर त्यागको सेरोफेरोमा कथानक प्रस्तुत गरेका छन् । प्रेमीप्रेमिकाहरू आफूले भनेबमोजिम घरमा लागू नभएपछि घर परित्याग गर्न पनि पछि पर्दैनन् भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । घर परित्याग गर्दा मन पनि रसाएको र विद्रोह गर्ने क्षमता अझ बढेर गएको कथानकले एघारौं सर्गलाई सुन्दर तुल्याएको छ ।

मनमानी गर्ने, विद्रोह गर्ने विजय हुने जसरी पनि
हाम्रो होइन, उनीहरूको हो यो समय र उमेर
प्रेमान्तर, पृ. १६३ ।

माथिको बाह्रौं सर्गको गजलांशमा सङ्घर्षजन्य कथावस्तु सिर्जना गरिएको छ । यो प्रेममय सङ्घर्षको स्थिति हो । मनमानी अथवा आफू खुसी गर्ने, जसरी भए पनि विजयी बन्ने महत्त्वाकाङ्क्षालाई देखेर बाबुआमाहरू अब हाम्रो समय गयो, खेल्ने, खाने, रमाउने, प्रेममा जितको अभिलाषा राख्ने यो समय उनीहरूको हो भनी छोराछोरीप्रति इङ्गित गरिएको माथिको प्रसङ्ग अत्यन्त सान्दर्भिक छ ।

आफ्नो-आफ्नो जीवनको भार बोकेर हिँड्न थाले
बेदना  विरहको संसार बोकेर हिँड्न थाले ।
प्रेमान्तर, पृ. १८१ ।

माथिको गजलांश तेह्रौं सर्गको हो । यसमा सम्बन्धविच्छेदको घटनालाई प्रमुखता दिइएको छ । सम्बन्धविच्छेदपछि प्रेमीप्रेमिकाहरू आफ्नो जीवनको छुट्टाछुट्टै अभिभारा बोकेर हिँडेको, वेदना र विरहको संसार बोकेर हिँडेको प्रसङ्गले कथानकलाई उत्कर्षता प्रदान गरेको देखिन्छ ।

जिन्दगीले धोका दियो मृत्युसँग के गुनासो
नभन केही मसँग कोही अब भनसुन बेकार छ ।
प्रेमान्तर, पृ. १९१ ।

माथिको पङ्क्ति चौधौं सर्गको हो । यस सर्गमा गजलकार अश्कले मृत्युवरणको घटनालाई गजलको विषयवस्तु बनाएका छन् । जिन्दगीले त धोका दिएपछि मृत्युसँग कुनै गुनासो नभएको अब मलाई कसैले केही नभन भनसुन बेकार छ । म मृत्युशैयामा चढिसकेँ भनी मृत्युको प्रसङ्गमा कथानकलाई प्रस्तुति दिएको कुरा अत्यन्त मार्मिक छ ।

अशिष्ट अमर्यादित भएर गरिन्छ रङ्गमञ्चमा
प्रेमको नाटक र त्यसमा स्वयम् परिन्छ साथी ।
प्रेमान्तर, पृ. २०४ ।

माथिको गजलांश पन्ध्रौं सर्गको हो । यस गजलमा गजलकारले प्रेममा आएको अन्तरलाई गजलको विषयवस्तु बनाएका छन् । पहिलेको प्रेम र अहिलेको प्रेममा आएको अन्तरलाई लिएर गजलकार चिन्तित भएको प्रसङ्ग यहाँ उल्लेख छ । अशिष्ट एवम् अमर्यादित प्रेमको गुनासो माथिका अंशमा भेट्न सकिन्छ ।

हिजो प्रेम हुन्थ्यो त्याग र तपस्याको
आज प्रेम तन मिलनको रीत नै भएको छ ।
प्रेमान्तर, पृ. २११ ।

माथिका अंश अन्तिम सोह्रौं सर्गका हुन् । अश्कले प्रेममा आएको अन्तर, असभ्य बन्दै गएको प्रेमप्रतिको दृष्टिकोणलाई कथानक सिर्जना गरी गजलको समापन गरेका छन् । हिजो त्याग र तपस्यामा प्रेम रहने गरेको तर आज शारीरिक मिलनको परिचायक नै प्रेम हुनेगरेको दुःखद प्रसङ्ग माथिका गजलमा पाउन सकिन्छ । यसरी गजलकारले प्रस्तुत **प्रेमान्तर**

महाकाव्यमा कथानकको प्रारम्भ विकास, सङ्कटावस्था, द्वन्द्व, प्रतिद्वन्द्व, चरमोत्कर्ष हुँदै ह्रासोन्मुख स्थितिमा लगेर कथावस्तुलाई अन्त्य गरेका छन् । प्रेममा आएका विभिन्न उतारचढावहरूलाई कल्पनाको सूत्रमा बाँधेर कथानकको सिर्जना गरी मिलन, विछोड, सङ्घर्ष, द्वन्द्व, प्रलाप, उत्कर्ष आदि कुराहरू समेटी कथानकलाई आदिभाग, मध्यभाग र अन्त्यभागको अवस्थाबाट अगाडि बढाएको देखिन्छ ।

### ४.६.५ पात्रविधान/चरित्रवर्णन

कवि गोपाल अश्कको **प्रेमान्तर** महाकाव्यमा प्रमुख तथा सहायक पात्रहरू रहेका छन् । ती पात्रहरूका चरित्रवर्णन पनि आ-आफ्नै प्रकारका छन् । तिनीहरूलाई छुट्टाछुट्टै रूपमा यसरी देखाउन सकिन्छ :

#### ४.६.५.१ प्रमुख पात्रहरू

यस **प्रेमान्तर** महाकाव्यका प्रमुख पात्रका रूपमा उमङ्ग, नेहा, माया र अविनाश रहेका छन् । उनीहरू निम्न, मध्यम तथा मध्यमवर्गीय परिवारमा हुर्किएका पात्रहरू हुन् । कथित उच्च जात र निम्न जातका यी पात्रहरूले महाकाव्यमा केन्द्रीय भूमिका निभाएका छन् । दुई खण्डमा विभाजित १६ सर्गमा आवद्ध यस महाकाव्यमा यी पात्रहरूले सफलता साथ आ-आफ्नो भूमिका निर्वाह गरेका छन् । प्रेम, मिलन, द्वन्द्व, विद्रोह, विछोड, सङ्घर्ष, उत्कर्ष, सम्बन्धविच्छेद, घर परित्याग, मृत्युवरणजस्ता पक्षहरूमा यी वर्गीय पात्रहरूलाई प्रष्ट्याइएको छ । यिनीहरूले आफ्नो धर्म निर्वाह गरेका छन् । जात ढाँटेर भए पनि, घरपरिवारमा झुटो बोलेर अथवा तर्साएर पनि आफ्नो स्थानमा अडिग रहेका देखिन्छन् । प्रेम पाउनका लागि त्याग, तपस्या र बलिदान दिन पनि पछि नपरेका यी प्रमुख पात्रहरू क्रियाशील, प्रभावशाली र जीवन्त बन्न सकेका छन् ।

#### ४.६.५.२ सहायक पात्रहरू

यस महाकाव्यमा उमङ्ग, नेहा, माया र अविनाशका बाबुआमा, उनीहरूका छिमेकी तथा नातेदारहरू र साथीसँगीहरू सहायक पात्रका रूपमा रहेका छन् जसले काव्यलाई अगाडि बढाउन अथवा पूर्णता दिन आ-आफ्नो भूमिका निभाएका छन् । प्रस्तुत **प्रेमान्तर** महाकाव्यमा यी पात्रहरूको क्रियाव्यापारको स्थिति हेर्दा प्रेमलाई अन्तर्द्वन्द्वको विषयवस्तु

लिएर सशक्तका साथ कथावस्तुको सिर्जना गरेका छन् । आजका युवाहरूको प्रतिनिधित्व गर्ने यी पात्रहरूले आफ्नो इच्छामा नै प्रेमप्रति आकृष्ट हुने र आमाबाबुले प्रेम प्रसङ्गलाई नकार्ने जस्ता कुराहरूको नाटकीय द्वन्द्व एवम् चरमको स्थिति सिर्जना गरेका छन् ।

### ४.६.६ परिवेश/देशकाल परिस्थिति

प्रस्तुत **प्रेमान्तर** महाकाव्यको परिवेश वीरगञ्जको रहेको छ । त्यहीँको स्थानीय सामाजिक परिवेशमा रहेर यो गजल-महाकाव्यले पूर्णता पाएको छ । यहाँको बिग्रेको आर्थिक, सामाजिक, राजनीतिक परिवेशका साथै अन्धप्रेमको रूपलाई परिभाषित गर्ने काम गरिएको छ । वीरगञ्जको परिवेश झल्काउने गजलका केही अंशहरू यसरी प्रस्तुत भएका छन् :

त्यसलाई आर्थिक राजधानी भन्थे पढेलेखेकाहरू
कहलाउँथ्यो देशभरिमा वीरगञ्ज भनी सहर ।
प्रेमान्तर, पृ. ९९ ।

अरुजस्तो नभएर आफैंजस्तो छ
वीरगञ्जमा पानीभन्दा रगत सस्तो छ ।
प्रेमान्तर, पृ. १०१ ।

पढेलेखेकाहरूले वीरगञ्जलाई आर्थिक राजधानी भन्ने गरेको र देशभरिमा त्यही रूपबाट वीरगञ्ज सहर कहलाउने गरेकोमा अहिले आएर वीरगञ्ज अरुजस्तो नभएर छुट्टै प्रकृति बोकेको र त्यहाँ पानीभन्दा रगत सस्तो भएको पीडादायी तथ्य एवम् परिवेश झल्काएको प्रसङ्ग गजलका उक्त सेरहरूले व्यक्त गरेका छन् ।

### ४.६.७ द्वन्द्व

प्रेमको परिप्रेक्ष्यमा लेखिएको **प्रेमान्तर** गजल महाकाव्य द्वन्द्वको दृष्टिले अत्यन्त सफल छ । यसमा द्वन्द्वका विभिन्न पक्षहरू रहेका छन् । पात्रपात्रवीचको आफ्नै बैचारिक द्वन्द्व, पात्रपात्रवीचको बाहिरी द्वन्द्व, पारिवारिक द्वन्द्व, जातीय द्वन्द्व, जीवन र मृत्युबीचको द्वन्द्व, ग्रामीण परिवेश र सहरिया परिवेशवीचको द्वन्द्व आदि द्वन्द्वात्मक पक्षलाई यसमा देखाइएको छ । यी विभिन्न पक्षबीचका द्वन्द्वले **प्रेमान्तर**को सौन्दर्य पक्षलाई बलियो र कसिलो तुल्याएको छ । द्वन्द्वमय परिवेशका केही गजलांशहरू यहाँ प्रस्तुत छन् :

मिलन नै भो सजाय धराप जिन्दगी
नबोलाऊ आउँदिन भो प्रलाप जिन्दगी

प्रेमान्तर, पृ. ४३ ।

प्रस्तुत गजलांशमा मिलन नै धराप जिन्दगीको सजाय भएको र यो प्रलाप जिन्दगीमा मलाई नबोलाऊ म आउँदिन भन्ने भाव व्यक्त भएको छ । उक्त अंशहरूले एकआपसमा द्वन्द्वजन्य परिवेश खडा गरेको देखिन्छन् ।

जीवनलाई मृत्युजालमा पारुँपारुँजस्तो लाग्छ
खुसीलाई परिबन्धमा सारुँसारुँजस्तो लाग्छ ।

प्रेमान्तर, पृ. १५४ ।

जीवनलाई मृत्युजालमा पार्न मन लाग्ने अथवा मर्न मन लाग्ने खुसीको क्षणलाई पनि दुःख अथवा परिबन्दमा पार्न मन लाग्ने कुराहरू गजलकारले यी गजलहरूमा प्रस्तुत गरेका छन् । जीवन र मृत्युबीचको अनि मिलन र बिछोडबीचको द्वन्द्वलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

### ४.६.८ भाषाशैली

कवि/गजलकार अश्कले यस गजल-महाकाव्यमा सरल, सहज र तरल भाषाशैलीको प्रयोग गरेका छन् । यस महाकाव्यमा तत्सम्, तद्भव र आगन्तुक स्रोतका शब्दहरू प्रयोग भएका छन् । 'जहर' आगन्तुक शब्द र 'ओस्' जस्ता प्राकृत वा भोजपुरी तत्सम् शब्दहरू यस महाकाव्यमा प्रयोग भएका छन् । जेहोस्, जुनसुकै भाषाभाषीका शब्दलाई समेटिएको भए पनि उनको यो महाकाव्य भाषाका दृष्टिले सरल र बोधगम्य रहेको छ । विभिन्न आगन्तुक शब्दहरू प्रयोग गरिएका गजलका केही उहाहरणहरू यहाँ प्रस्तुत गरिएका छन् :

हरेक मनको कुनै न कुनै यौटा रहर हुन्छ
इच्छाविना खाएको अमृत पनि जहर हुन्छ ।

प्रेमान्तर, पृ. ३९ ।

तिम्रो दोष छ न मेरो दोष छ
जीवनमाथि मृत्युको खसेको ओस छ ।

प्रेमान्तर, पृ. ५४ ।

गजलकारले प्रस्तुत गजलमा हरेक मानिसको मनको कुनै न कुनै एउटा रहर हुन्छ, इच्छा विपरीत खाएको अमृत पनि जहर हुन्छ भनी सङ्केत गरेका छन् । 'जहर' शब्द यहाँ 'फारसी' आगन्तुक शब्दको रूपमा प्रयोग भएको छ । न तिम्रो दोष छ, न मेरो दोष छ अथवा दोष कसैको पनि छैन तर जीवनमाथि चाहिँ मृत्युको खसेको ओस छ भनी ओस्लाई यहाँ प्राकृत शब्दको रूपमा प्रयोग गरिएको छ ।

## ४.६.९ लयविधान, भावविधान र बिम्बविधान

### ४.६.९.१ लयविधान

गजलको गेयात्मक पक्षलाई महत्त्वपूर्ण रूपमा लिइन्छ । यसले गजललाई उत्कर्षता प्रदान गर्दछ । विभिन्न स्वरवर्ण, व्यञ्जन वर्णको समान वितरण, पुनरावृत्ति, अन्त्यानुप्रासजस्ता अति कलात्मक पक्षले लयविधानको स्वरूपलाई पालना गरेको हुन्छ । साङ्गीतिकता र लयबद्धताको दायरामा **प्रेमान्तर** महाकाव्यका गजललाई राख्दा एकसय चौरानब्बे गजलमा प्रायः सबैजसो गजलहरू गाउन मिल्ने खालका रहेका छन् । गजलको महत्त्वपूर्ण पक्ष गेयात्मकतालाई यसरी स्थान दिँदै गएमा यो विधा फस्टाउन धैरै समय लाग्दैन । **प्रेमान्तर** महाकाव्यका प्रत्येक गजलका शब्दको अध्ययन गर्दा सैद्धान्तिक मान्यतालाई उनले पालना गरेको पाइन्छ । गजलकारले यस महाकाव्यमा रदिफ र काफियासम्बन्धी नियमको पालना गरी प्रत्येक गजललाई लयको सैद्धान्तिक नियममा बाँधिएको छ । उदाहरणः

> हर गल्लीमा हुँदैछ वासनाको खेल,
> नसोध साथी अब वीरगञ्ज कस्तो छ ।
>
> कुन्नि कता हरायो त्यो वीरगञ्ज आज,
> कसरी भनूँ त्यस्तो होइन वीरगञ्ज यस्तो छ ।
>
> प्रेमान्तर, पृ. १०१ ।

मथिका पङ्क्तिमा शान्त, सुशोभित, मनोरम वीरगञ्ज हरेक गल्लीमा अहिले वासनाको खेल हुँदै गएको र साथीलाई वीरगञ्ज कस्तो छ भनी नसोध्न आग्रह गरिएको छ । पहिलेको वीरगञ्जको वास्तविक पहिचान कता हरायो भन्दै वीरगञ्ज यस्तो किन र कसरी भनी व्यक्त

गर्न नसक्ने भन्ने भाव बोकेका उक्त पङ्क्तिहरूमा लयात्मकता र गेयात्मकताको राम्रो निर्वाह भएको पाइन्छ ।

## ४.६.९.२ भावविधान

गोपाल अश्कको **प्रेमान्तर** महाकाव्यमा विभिन्न विषय भावका गजलहरूको प्रयोग गरिएको छ । प्रेमका कुराहरूदेखि प्रकृतिचित्रण, जीवनका उतारचढावका पक्षलाई कल्पनाको डोरीमा बाँधी गजलकारले गजल रचना गरेका छन् । यस महाकाव्यले प्रेम गर्ने गरेका र गरिरहेकालाई सही चेतना दिने काम गरेको छ । समाज र समाजका मानिसलाई सही चेतना प्रदान गर्दै अगाडि बढ्ने सन्देश दिएको छ । विभिन्न भावले युक्त गजलहरूको प्रस्तुति यसरी दिइएको छ :

हिमालको काखमा यौटा सुन्दर गाउँ
रहेछ प्रेमनगर साथी त्यसको नाउँ ।
प्रेमान्तर, पृ. १ ।

प्रस्तुत गजलांशमा हिमालको काखमा अवस्थित एउटा सुन्दर गाउँको चित्रण गरिएको छ । त्यस गाउँको नाम प्रेमनगर रहेको आशय एवम् भाव पनि प्रकट भएको छ ।

के सोच्छौ तिमी नसोध मेरो कुनै परिचय नै छैन
मेरो जीवन र मृत्युको तिमी त पुल रहेछौ ।
प्रेमान्तर, पृ. ९ ।

तिमी भनेको मेरो जीवन र मृत्यु दुवै हौ
तिमीबिनाको हात राम्रो लाग्दैन ।
प्रेमान्तर, पृ. १० ।

प्रस्तुत गजलहरूमा गजलकारले प्रेमविनाको जीवन ठान्दै जीवन जिउने असली खुराक प्रेमलाई लिएका छन् । जीवन र मृत्यु दुवैलाई सहजता दिन सक्ने एक अलौकिक शक्ति प्रेम हो भन्दै यो दुवै बीचको पुलको उपमा प्रेमलाई दिइएको छ । जीवन र मृत्यु दुवै क्षणमा प्रेमको आवश्यकता पर्ने भावना राख्दै प्रेमविनाको हात राम्रो नलाग्ने भाव पनि प्रकट गरेका छन् ।

तिमीविनाको कुनै रात राम्रो लाग्दैन
तिमीविनाको कुनै प्रातः राम्रो लाग्दैन ।
प्रेमान्तर, पृ. १० ।

प्रस्तुत गजलांशमा प्रेमविनाको कुनै रात राम्रो नलाग्ने र प्रेमविनाको बिहानी पनि राम्रो नलाग्ने भाव व्यक्त गरिएको छ । नारी र पुरुषका बीच जन्मने प्रणयबोधलाई विभिन्न द्वन्द्व र बहरका माध्यमद्धारा यस काव्यमा परिचय दिइएको छ । प्रेमका विभिन्न अर्थ, परिभाषा, त्याग, बलिदान आदि पक्षलाई कथानकले फेरो मारेको छ । यो महाकाव्य पढ्दा प्रेमप्रतिको समर्पण भाव जागृत हुन्छ । यस महाकाव्यका गजलहरूमा अनुभूतिको प्रवाहमयता भेटिन्छ । माया वा प्रेमविनाको संसार रित्तो एवम् शून्य लाग्ने ठहर यस महाकाव्यमा व्यक्त गरिएको छ ।

तिम्रो मीठो बोली सुन्नासाथ आँखा खुल्थयो
कहाँ गयो त्यो बोली किन रात्री जाग्दैन ।
प्रेमान्तर, पृ. १५ ।

प्रस्तुत गजलांशमा गजलकारको प्रेमलाई दुई विपरीत लिङ्गीहरूप्रति मात्र सीमित नराखेर फराकिलो आकाशमा प्रेमलाई परिभाषित गर्न खोजेका छन् । आफ्ना सन्तानको माया,ममतालाई काव्यमा प्रष्ट पार्दै सन्तानको हेरचाह र माया एवम् उनीहरूप्रति गर्नुपर्ने कर्तव्यलाई परिवारले, विशेषत : बाबुआमाले ध्यानपूर्वक लिनुपर्ने कुरातर्फ पनि उनी सजक देखिन्छन् । सन्तानको मिठो बोली सुन्न नपाएर राती पनि नजागेको भाव व्यक्त भएको सन्दर्भ यसमा देखाइएको छ ।

प्रेम अन्धो होइन हजुर त्यो त दिव्यज्योति हो
हेर्दैनन् प्रेमी प्रेमीकाहरूले जात गाउँ सहर ।
प्रेमान्तर, पृ. १२९ ।

जातपात उँचनीचको धनी र गरिबको
कुरा गरी सारा गाउँ सत्य ढाँट्न थाल्यो ।
प्रेमान्तर, पृ. १९ ।

प्रस्तुत गजलहरूमा प्रेम अन्धो नभई दिव्यज्योति भएको र प्रेमी प्रेमिकाहरू कुनै जात, गाउँ सहर नभनी नहेरी प्रेमलाई सफल बनाउन लागिपर्दछन् । प्रेमलाई कुनै जातपातले छेक्दैन । जातपातका नाममा जतिसुकै आदर्श छाँटे पनि, नारा लगाए पनि प्रेमले त्यो कुनै साँध सिमाना मान्दैन । प्रेम भावनात्मक चीज हो । यसले भावानामा रमाउन जानेको हुन्छ । सत्य ढाँटेरै भए पनि प्रेम सफल बनाउन प्रेमी प्रेमिकाहरू उद्यत हुन्छन् भन्ने भावको अभिव्यञ्जना यसमा गरिएको छ ।

> प्रेम एउटा आगो हो तर यसले जलाउँदैन
> दिन्छ शीतलता मनलाई कहिल्यै रुवाउँदैन ।
>
> प्रेमान्तर, पृ. १९७ ।

प्रस्तुत अंशमा गजलकारले प्रेमलाई आगोको रूपमा मान्दै यसले साँच्चैको आगोले जस्तै नजलाउने बरु मनलाई शीतलता दिने कुरा व्यक्त गरेका छन् । प्रेमको आभास जुनेली रातको जस्तै हुने हुँदा यसबाट आनन्द प्राप्त गर्न सक्नुपर्दछ भन्ने धारणालाई उनले अगाडि सारेका छन् । प्रेमलाई मित्रको रूपमा स्वीकार गर्न सके यसले हामीलाई सत्मार्गमा लैजान्छ भन्ने भावाभिव्यक्ति यस **प्रेमान्तर** महाकाव्यमा पाउन सकिन्छ ।

> अलाप जिन्दगी
> विलाप जिन्दगी
> भइहाल्यो मेरो
> अभिशाप जिन्दगी ।
>
> प्रेमान्तर, पृ. ४३ ।

छरछिमेक र घरपरिवारबिच हुने वैमनस्य, खिँचातानी, जिन्दगीका आरोह र अवरोहलाई व्यक्त गर्ने क्रममा जिन्दगी आलाप, विलाप, अभिशाप, सन्ताप, मिलन, धराप, प्रताप हो भन्दै जिन्दगी जिउन निकै सङ्घर्ष गर्नुपर्ने कुरालाई गजलकारले माथिका सेर मार्फत प्रस्तुत गरेका छन् ।

> जीवनले जति राम्रो चिठी लेखे पनि
> मृत्युले नै शिरमाथि मिति हाल्छ ।
>
> प्रेमान्तर, पृ. ६३ ।

प्रस्तुत अंशका माध्यमबाट गजलकारले मानिस चेतनशील प्राणी हो । उसले जीवन जिउने क्रममा विभिन्न अवस्थाहरू पार गर्नुपर्ने हुन्छ, समय बित्दै जान्छ, जतिसुकै र जे गरे पनि एकदिन जीवनको अन्त्य हुन्छ । समयलाई सदुपयोग गरी सञ्चालन गर्नुपर्छ भन्ने भाव व्यक्त गरेका छन् ।

छोरा हुँ भन्दैमा मनपरी नगर्नु नि
सहरको फेसनमा तिमीचाहिँ नपर्नु नि ।

प्रेमान्तर, पृ. ९६ ।

प्रस्तुत गजलांशमा अहिले समय संवेदनशील भएकाले आफ्ना सन्तान नराम्रो बाटोतर्फ नलागून् भन्ने सबै बमबुआमाको चाहाना हुन्छ भन्ने भाव व्यक्त गर्न खोजिएको छ । सहरको नक्कलीपन र रवाफले आज अनेक युवायुवती बिग्रिरहेको सन्दर्भमा आफ्ना छोरालाई सहरको फेसनमा नफस्न आग्रह गरि्एको छ । मानिस भएर जन्मिएपछि सुकर्म गरेर मर्नुपर्छ भन्ने भावपूर्ण सोचको प्रस्तुतीकरण यसमा व्यक्त भएको छ ।

कुन्नि कता हरायो त्यो वीरगञ्ज आज
कसरी भनूँ त्यस्तो होइन वीरगञ्ज यस्तो छ ।

प्रेमान्तर, पृ. १०१ ।

आफू जन्मी हुर्किएको सहर वीरगञ्ज आज जताततै दुर्गन्धित, विकृत र संवेदनशून्य हुँदै गएकोमा गजलकार चिन्तित छन् । त्यहाँ व्याप्त विसङ्गतिहरूप्रति लक्ष्यित गदै उनी पहिलाको समय र अहिलेको समयमा वीरगञ्जको परिवर्तनलाई नकारात्मक परिवर्तन ठान्दछन् ।

बितेका कुरा सम्झीसम्झी हरदम रुनु हुन्न
सास छँदाछँदै जीवनबाट निराश हुनुहुन्न ।

यो सत्य हो कि जीवनसँग मृत्यु हिँडिरहन्छ
तर त्यसको भयले जीवनको बन्धन फुनु हुन्न ।

प्रेमान्तर, पृ. १८९ ।

विगतका बितेका कुराहरू सम्झेर रुनु हुँदैन, सास छउन्जेल जीवनको जन्जालबाट निराश भई अमूल्य समयलाई त्यसै खेर फाल्नुहुन्न अनि जीवन र मृत्युसँगसँगै हिँडिरहेका हुन्छन्, त्यो सत्यलाई आत्मसात् गरी मृत्युको भयले जीवनका हरेक बन्धन फुकाएर हरेस खानु हुँदैन भन्ने भाव यी अंशहरूमा व्यक्त गरिएको छ ।

हिजो र आज प्रेममा अन्तर आएको छ
प्रेमको आकाशमा वासना बादल छाएको छ ।

प्रेमान्तर, पृ. २११ ।

पहिले प्रेम हुने गर्थ्यो शिष्ट र मर्यादित
अहिले अमर्यादित मितेरी लाएको छ ।

प्रेमान्तर, पृ. २११ ।

अन्तिम यी गजलहरूमा अश्कले प्रेममा आएको अन्तरले प्रेमको आकाशमा वासनाको बादल छाएको कुरालाई व्यक्त गरेका छन् । आफ्नो हृदयमा हुने गरेको प्रेम अहिले प्रेमको रोगले कतै गएको र पहिले पहिले मानिसले शिष्ट प्रेम गर्ने गरेको तर अहिले त्यो शिष्ट प्रेम अमर्यादित भएकोले कसैले यसलाई नकारात्मक दृष्टिले हेर्ने गरेको कुरालाई **प्रेमान्तर**मा प्रष्ट्याएका छन् । अन्त्यमा विछोड, रोदन, रात, अँध्यारोले आफूलाई टाढा भगाएको भाव पनि गजलकारले व्यक्त गरेका छन् । यसरी विभिन्न भावाभिव्यक्तिहरू प्रस्तुत गरेर गजलकारले यस महाकाव्यमा भाव सौन्दर्यको सृष्टि गरेका छन् ।

### ४.६.१० बिम्बविधान

क्रियाशील साहित्यकार गोपाल अश्कद्वारा लिखित **प्रेमान्तर** गजल महाकाव्यमा बिम्बका धेरै रूपहरूको प्रयोग भएको पाइन्छ । **प्रेमान्तर** बिम्बबहुल कृति होइन तापनि यो कविताकै एउटा रचनाविधान भएकोले यसमा बिम्बको अनुपातिक प्रयोग देखिन्छ ।[७०] गोपाल अश्कले यस **प्रेमान्तर** महाकाव्यमा विभिन्न बिम्बहरूको प्रयोगस्वरूप गजलहरू रचेका छन् । मिश्रितबिम्ब, समसामयिक यथार्थबिम्ब, प्रणयबिम्ब, कल्पनाबिम्ब एवम् अनुभूतिपरक बिम्बको कुशल प्रयोग गरेका छन् । त्यस्तै चाक्षुषबिम्ब, अमूर्तबिम्ब, बिम्बविपर्यास पनि

७०. लक्ष्मणप्रसाद गौतम, *प्रेमान्तरमा बिम्बविधान,* (जनमत, साहित्यिक मासिक, वर्ष २४, अङ्क १०, २०६४), पृ. ३४ ।

उनका गजलमा प्रयोग भएका छन् । प्रकृतिबिम्ब, भावबिम्ब, ऐन्द्रिकबिम्ब, स्पृश्यबिम्ब जस्ता बिम्बहरू पनि प्रेमान्तरमा प्रयोग भएका छन् । बिम्ब प्रयोगका विभिन्न रूपहरू प्रस्तुत गजलहरूबाट बुझ्न सकिन्छ :

जातपात उँचनीचको धनी र गरिबको
कुरा गरी सारा गाउँ सत्य ढाँट्न थाल्यो ।

प्रेमान्तर, पृ. १९ ।

यस गजलांशमा समसामयिक यथार्थबिम्बको प्रयोग भएको पाइन्छ । समाजमा सानो जात र ठूलो जात, उच्चवर्ग र निम्नवर्गबीचको असमानताहरू अझै पनि व्याप्त रहेको अवस्थामा समसामयिक यथार्थबिम्बको प्रयोग छ भने दोस्रो पङ्क्तिमा भावबिम्बको प्रयोग भएको छ ।

जीवनको लेक र बेंसीमा हिँडदा पाएको आँसु
मायासँग तर्र बगाउने तिम्रो त्यो वाचा के भयो ?

प्रेमान्तर, पृ. २६ ।

प्रस्तुत गजलांशमा प्रणयबिम्ब, कल्पनाबिम्ब र अनुभूतिपरक बिम्बको सफल प्रयोग भएको छ । लेकबेंसीमा हिँड्दा पाएको आँसु र तर्र बगाउने वाचा जस्ता अंशहरूले कल्पनाबिम्ब र प्रणयबिम्बको भावलाई झल्काएको पाइन्छ ।

डुबिरहेछ सूर्य छाइरहेछ अँध्यारो
उच्छ्वास हिँडिरहेछ बिस्तारै-बिस्तारै

प्रेमान्तर, पृ. २९ ।

प्रस्तुत गजलको डुविरहेछ सूर्य र छाइरहेछ अंशमा दृश्य वा चाक्षुषबिम्बको प्रयोग पाइन्छ । यस प्रकार **प्रेमान्तर** गजल-महाकाव्यमा विविध बिम्बका स्वरूपहरू पाइन्छन् । हुरी, गोरेटो, काँडा, खोला, आकास, पिँजडा, बादल, वाण, तारा, हिमाल, पर्वत, जून, अँध्यारो आदि थुपै बिम्बहरूको प्रयोगले यस महाकाव्यलाई निकै उत्कर्षमा पुऱ्याएको छ ।

## ४.६.११ उद्देश्य

हरेका काव्य वा कृतिले फरकफरक उद्देश्य बोकेर आएको हुन्छ । त्यस्तै, यस **प्रेमान्तर** महाकाव्यले पनि छुट्टै महत्ता र उद्देश्य राखेको छ । प्रेममा आधारित रहेको हुनाले प्रेममा हुर्किएको विकृति एवं विसङ्गतिलाई हटाएर एउटा सफल र सभ्य जीवन अनि नैतिक समाजको स्थापना गर्ने उद्देश्य यसले लिएको छ । प्रेमलाई वासनामा होइन त्याग र बलिदानमा समर्पण गर्नुपर्छ भन्ने यसको उद्देश्य रहेको छ। प्रेमबिनाको संसार नचल्ने हुनाले प्रेममय वातावरणमा समाज अगाडि बढ्नुपर्ने धारणासहितको उद्देश्य यस गजल-महाकाव्यले राखेको छ। प्रेमलाई भावनात्मक सम्वन्ध मान्नेहरूका लागि असली साँचो बन्नसक्ने उद्देश्य राखेको छ भने वासनामा रम्न चाहनेहरूका लागि शिवको त्रिशूलजस्तै बन्ने उद्देश्य पनि यस महाकाव्यले लिएको छ । जे भए पनि सुसंस्कृत र सभ्य समाजको निर्माण गर्नु यसको उद्देश्य रहेको छ। जस्तैः

> प्रेमबिनाको संसार चल्दैन
> एकअर्कोबीच व्यवहार चल्दैन ।
>
> प्रेमान्तर, पृ. २१ ।

प्रस्तुत अंशमा प्रेमविनाको कुनै संसार नै नचल्ने र एकअर्काबीचको व्यवहार पनि नचल्ने भन्दै प्रेमलाई मुख्य उद्देश्यको रूपमा लिइएको छ। अर्को उदाहरण :

> हो यो सुन्दर उपहार प्रेमीहरूको तर,
> दुष्टहरूका लागि शिवको त्रिशूल हो ।
>
> प्रेमान्तर, पृ. २१ ।

प्रेमीहरूको उपहारस्वरूपको यो प्रेमलाई दुष्टहरूले कुदृष्टि लगाएमा वा भत्काउन खोजेमा शिवको त्रिशूलजस्तै धारिलो वा तिखो हतियारले घोचिने आशय यसमा व्यक्त गरिएको छ।

## ४.६.१२ रदिफको प्रयोग

काफिया र रदिफ दुवैको मन्जुल समन्वितिले गजललाई आकर्षक र सुमधुर तुल्याएको हुन्छ ।[७१] यस प्रेमान्तर महाकाव्यमा पनि विभिन्न ठाउँमा विभिन्न खाले रदिफको प्रयोग भएको छ । यो रदिफ प्रयोगले गजललाई श्रुतिमधुरता प्रदान गरेको छ । विभिन्न ठाउँमा प्रयोग भएका रदिफका केही नमुना यहाँ प्रस्तुत छन्:

चन्दा ! उसको रूपको वर्णन गर्न सकिँदैन,
नगरी रूप वर्णन पनि मर्न सकिँदैन ।

प्रेमान्तर, पृ. ६ ।

प्रस्तुत गजलांशमा चन्दा ! उसको रूपको वर्णन गर्न सकिँदैनमा सकिँदैन र नगरी रूप वर्णन पनि मर्न सकिँदैनमा सकिँदैन शब्दहरू रदिफका रूपमा प्रयोग भएको देखिन्छ ।

आफैं सुन्नुहोला, आफैं गाउनुहोला,
आफ्नो संसार आफैं रमाउनुहोला ।

प्रेमान्तर, पृ. १५९ ।

प्रस्तुत गजलांशको आफैं सुन्नुहोला, आफैं गाउनुहोला अंशमा होला र आफ्नो संसारमा आफैं रमाउनुहोलामा होला एकल रदिफका रूपमा प्रयोग भएका देखिन्छन् ।

प्रेमबिनाको संसार चल्दैन,
एकअर्कोबीच व्यवहार चल्दैन ।

प्रेमान्तर, पृ. २०९ ।

प्रस्तुत अंशको प्रेमविनाको संसार चल्दैनमा चल्दैन र एकअर्कोबीच व्यवहार चल्दैन अंशमा चल्दैन शब्द एकल रदिफका रूपमा प्रयुक्त भएका छन् ।

यसप्रकार प्रेमान्तर महाकाव्यमा रदिफको प्रयोगले महाकाव्यको गरिमा बढाएको छ ।

---

७१. नरेन्द्र चापागाई, *काव्य समालोचना* (विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान २०५२), पृ. ८ ।

### ४.६.१३ काफियाको प्रयोग

काफिया गजलको अनिवार्य तत्त्व भएकोले यस गजल महाकाव्यलाई प्रशस्त काफियाको प्रयोगले सुन्दर बनाएको छ। जसका केही उदाहरण यहाँ प्रस्तुत भएका छन् :

कसले भन्छ काँडा साथी तिमी त फूल रहेछ्यौ
बासना छर्ने पिरतीको तिमी त कुल रहेछ्यौ ।
प्रेमान्तर, पृ. ९ ।

प्रस्तुत गजलको कसले भन्छ काँडा साथी तिमी त फूल रहेछ्यौ अशंमा फूल र वासना छर्ने पिरतीको तिमी त कुल रहेछ्यौ अशंमा कुल शब्द काफियाको रूपमा प्रयुक्त भएका छन् ।

खोई किन आफ्नै घरमा डर लागिरहेछ
सँधै दिने सम्बल मनले भर मागिरहेछ ।
प्रेमान्तर, पृ. ११४ ।

प्रस्तुत गजलांशको खोई किन आफ्नै घरमा डर लागिरहेछ अंशमा डर र सँधै दिने सम्बल मनले भर मागिरहेछमा भर शब्द काफियाका रूपमा आएका देखिन्छन् ।

हिजो र आज प्रेममा अन्तर आएको छ
प्रेमको आकाशमा वासना बादल छाएको छ ।
प्रेमान्तर, पृ. २११ ।

उक्त गजलको हिजो र आज प्रेममा अन्तर आएको छ अंशमा आएको र प्रेमको आकाशमा वासना बादल छाएको छ अंशमा छाएको शब्द काफियाका रूपमा प्रस्तुत भएका छन् । यसप्रकार **प्रेमान्तर** महाकाव्यमा फूल, कुल,  नाम, धाम, काट्न, फाट्न, डर, भर, आएको, छाएकोजस्ता धेरै शब्दहरू काफियाका रूपमा प्रयोग भएका देखिन्छन् । यिनै काफियाहरूको कुशल संयोजन तथा प्रयोगले महाकाव्यलाई स्तरीय बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

## ४.६.१४ तखल्लुसको प्रयोग

गजलविधामा प्रचलित तखल्लुसको प्रयोग पनि गजलकारले यस महाकाव्यमा कतैकतै गरेको देखिन्छ । यो तखल्लुसको प्रयोगले गजलांश पढ्दा गजलकारको पहिचान एवम् चिनारी पाउन सकिन्छ। तखल्लुस प्रयुक्त भएका गजलका केही अंशहरू यहाँ प्रस्तुत छन् :

राख्नु सदा करुणादृष्टि गर्नु रक्षा गोपालको
अश्कको नदीमा डुबेको पुल चढाउन आँए ।

प्रेमान्तर, पृ. २ ।

मर्दैन कहिल्यै पनि प्रेम हुन्छ यदि 'अश्क'
विश्वास अटुट् त्यसमाथि भने कुनै कारणले ।

प्रेमान्तर, पृ. १९९ ।

विछोड, रोदन, रात, अँध्यारो र अश्कलाई
अहिले प्रेमले टाढा भगाएको छ ।

प्रेमान्तर, पृ. २११ ।

माथिका प्रयुक्त गजलहरूमा 'अश्क' शब्द तखल्लुसको सफल प्रयोगका रूपमा आएको देख्न सकिन्छ । यस्तै गजलकारले पृ.१८५, १९६, १९७, २०२, २०३, २०५, २०७, २०९, र २१० का गजलहरूमा तखल्लुसको प्रयोग गरेको देखिन्छ ।

## ४.६.१५ गेयात्मकता

गजलकार गोपाल अश्क आफैं गायक हुन्, त्यसैले उनले यस **प्रेमान्तर** महाकाव्यका गजलहरूलाई गेयात्मक बनाउनका लागि हरदम प्रयास गरेका छन् । गजलको सृजना गर्दा गाएर लयात्मक बनाउने अश्कको प्रेमान्तर महाकाव्य पूर्ण गेय गजलहरूको सङ्कलन हो । उनका गजलहरू अधिकांशतः लय र छन्दयुक्त छन् ।उनका लयबद्ध केही गजलांशलाई तल प्रस्तुत गरिएको छ :

कथा बन्न चाहन्न
व्यथा बन्न चाहन्न ।

तर देऊ भूत तर
तथा बन्न चाहन्न ।

आफैंलाई धोका दिने
प्रथा बन्न चाहन्न ।

प्रेमान्तर, पृ. ५१ ।

यी माथिका गजलहरू पूर्ण गेयात्मक छन् । लयबद्ध छन्, सङ्गीत भर्न सक्दा सङ्गीतबद्ध छन् । यस्तै लय वा छन्दमा रचिएका गजलहरूले **प्रेमान्तर** महाकाव्यको महत्ता अझ बढेर गएको देख्न सकिन्छ ।

## ४.६.१६ रसविधान

महाकाव्यका निम्ति रस अनिवार्य तत्त्व हो भन्ने कुरा शास्त्रमा उल्लेख छ ।[७२] पूर्वीय आचार्यहरूले त रसलाई साहित्यकै प्राण मानेका छन् । साथै उनीहरूले महाकाव्यमा सबै रसको प्रस्तुति हुनु आवश्यक ठानेका छन् । पाठकलाई काव्यमा केन्द्रित गरी रसानुभूति गराउने रसतत्त्व महाकाव्यका निम्ति महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको छ, पूर्वीय साहित्यमा झैं पाश्चात्य साहित्यमा रसको चर्चा भेटिँदैन । महाकाव्यको लेखनमा शान्त, वीर, शृङ्गार, करुण रसहरूमध्ये एक अङ्गीरस हुनुपर्ने कुरा पूर्वीय साहित्यमा उल्लेख छ । प्रस्तुत महाकाव्यको सन्दर्भमा हेर्दा प्रेम, मिलन, विछोड आदि कुराहरूलाई चर्चा परिचर्चा गरी तयार गरिएको हुँदा प्रेमरस, शृङ्गार र करुण रसहरूको प्रधान्य रहेको देखिन्छ । जस्तैः

फूलको पत्रजस्तै उसका रहेछन् अधर कोमल
एकपटक रसपान गर्दा कतै सर्न सकिँदैन ।

प्रेमान्तर, पृ. ६ ।

---

७२. कृष्णप्रसाद पराजुली, *राम्रो रचनाः मीठो नेपाली* (काठमाडौंः सहयोगी प्रेस, बीसौं सं., २०५४), पृ. २७६ ।

म त भइसकेछु, तिम्रो प्रेममा पागल
मेरो निम्ति बदनाम हुन अब तिमी नआउनु ।

प्रेमान्तर, पृ. ४६ ।

## ४.६.१७ सामाजिक चेतनाको प्रवाह

प्रेमान्तर मूलतः प्रेमकाव्य हो । यसमा प्रेमको चित्रण गर्ने सन्दर्भमा जीवन जगत्बाट विविध बिम्ब टिपिएकाले सामाजिक जीवनजगत्का पक्षहरूलाई पनि यसले ग्रहण गरेको छ । यसबाट दार्शनिक समाज, नीति र सांस्कृतिक चेतनाको अभिव्यक्ति पनि प्रस्तुत भएको छ । समाज चित्रणका दृष्टिले यसमा समसामयिक युगीन सामाजिक चेतनाको अभिव्यक्ति भएको पाइन्छ । समाजमा प्रेमका सबन्धमा हुर्किएको नकारात्मक दृष्टिकोणको चित्रण गर्दै समसामयिक यथार्थको प्रस्तुति, सामाजिक विसङ्गतिहरूप्रति व्यङ्ग्यका साथै नैतिक सन्देश पनि प्रस्तुत गरिएको छ । समाजचित्रणका दृष्टिले भर्खर मौलाएको सहरिया जीवनको बिम्ब पनि प्रस्तुत गरिएको छ । सामाजिक चेतनाको अभिव्यक्ति र भौगोलिक अवस्थितिको झलक दिने केही सेरहरूलाई यहाँ प्रस्तुत गरिएको छ :

हिमालको काखमा यौटा सुन्दर गाउँ
रहेछ प्रेमनगर साथी त्यसको नाउँ

उत्तरपट्टि हिमालय वन हाँसिरहेछन्
बसिदिउँ कि म पनि कि कतै जाउँ

प्रेमान्तर, पृ. ३ ।

प्रस्तुत गजलांशमा हिमालको काखमा एउटा सुन्दर गाउँ रहेको जसको नामचाहिँ प्रेमनगर रहेको सामाजिक परिवेश सिर्जना गरिएको छ । त्यस्तै उत्तरपट्टि हिमाल तथा सुन्दर वन हाँसिरहेको र आफू पनि त्यही सुन्दरतामा बसूँ कि कतै जाऊँ भन्ने दोधार भएको प्रसङ्ग पनि यसमा उल्लेख भएको पाइन्छ ।

### ४.६.१८ प्रेमान्तर महाकाव्यको समग्र मूल्याङ्कन

कवि/गजलकार गोपाल अश्कको **प्रेमान्तर** महाकाव्य पूर्णतः प्रेम तथा जीवनसम्बन्धी उतारचढावहरूलाई आधार बनाई लेखिएको गजल महाकाव्य हो । जीवनभोगाइका क्रममा प्रेमका विभिन्न रूप तथा पक्षहरू यहाँ उद्घाटित भएका छन् । प्रेममा त्याग, बलिदान जस्ता पक्षहरू हुन्छन् नै, प्रेमका नाममा हुर्किएका नकारात्मक सोचाइ एवम् धारणाहरूमाथि पनि प्रकाश पारिएको छ । जीवनलाई सार्थक तुल्याउन अथवा सफल बनाउन प्रेमको अपरिहार्यतालाई पनि महत्त्वपूर्ण रूपमा लिइएको छ । प्रेममा असफल भएकाहरूको जीवन सार्थक एवम् सफल नहुने पक्षमाथि पनि प्रकाश पारिएको छ । त्यसैले प्रेम र जीवन एक अर्काका पूरक हुन भन्ने कुरा **प्रेमान्तर** महाकाव्यले अघि सारेको छ । एउटा उदाहरण हेरौं :

तिमी हौ मेरो जीवन तर अहिले तिमी टाढा छौ
अब तिमी नै भन प्रिय तिमीविना जीवन जिऊँ किन
प्रेमान्तर, पृ. १९४ ।

प्रस्तुत गजलांशमा आफ्नी प्रेयसी टाढा भएको अवस्थामा उनीलाई नै आफ्नो जीवन मान्दै उनीबिना अब कसरी जिउने, किन जिउने, भनेर आत्तिएको, हतासिएको अथवा प्रेममा असफल भएको प्रसङ्ग उल्लेख छ । यसरी **प्रेमान्तर** महाकाव्यमा प्रेम तथा जीवनसम्वन्धी कुराहरूको सशक्त अभिव्यक्ति चित्रण भएको पाइन्छ । खास गरेर **प्रेमान्तर** महाकाव्यलाई सैद्धान्तिक कसीमा राखेर हेर्दा गजल-महाकाव्यको आधारशीलालाई यसले समातेको छ । किनभने स्वयम् कवि/गजलकार अश्कले गजलका पूर्णतः सैद्धान्तिक नियमहरूको परिपालन गरेर यो काव्य सिर्जना गरेकाले यसलाई गजल-महाकाव्य नै मानेका छन् । महाकाव्यभरि नै गजलका रदिफ, काफिया, मक्ता, सेर, तखल्लुस आदि गजलका प्रचलित नियमहरूलाई पालना गरिएको छ । यस हिसाबले हेर्दा **प्रेमान्तर** महाकाव्य नेपाली गजल साहित्यको प्रथम गजल-महाकाव्य हो । यसले इतिहासमा कायम गरेको यो मानक सदा सर्वदा रहने छ भने भविष्यमा गजलबाटै अन्य गजल-महाकाव्य लेखन यात्राको सहजताका लागि पनि मार्ग निर्देशन गरेको छ । नारी पुरुषबीच जन्मने प्रणयबोधलाई विभिन्न छन्दका माध्यमबाट यस महाकाव्यले परिचय दिएको छ । यस काव्यमा दुई खण्ड रहेका छन् । सबै गजलहरू छन्दबद्ध पद्यात्मक र लयात्मक भावमा समेटिएका छन् । प्रेमका विभिन्न अर्थ, परिभाषा, त्याग, बलिदान जस्ता विशेषताहरूको कथानक रूपमा सहज चित्रण गरिएको छ । गजलको

परम्परित मान्यताअनुसार प्रेमको मूल्य प्रतिबिम्बित छ । यो कृति प्रेमरसले पूर्णतया भरिएको महाकाव्य हो र प्रेमको सच्चा एवम् आदर्श रूपको चित्रण यसमा पाइन्छ । प्रेममा त्याग, विश्वास र समर्पण चाहिन्छ भन्दै प्रेमलाई संसारकै सर्वोत्कृष्ट अनुभूतिपरक तत्त्वका रूपमा स्वीकारिएको छ । गजलको शिल्प र शैलीलाई अङ्गीकार गर्दै महाकाव्य रचना भएको हुँदा बिम्बविधान, लय, उद्देश्य र विषयवस्तुलाई यस महाकाव्यमा यथाशक्य समावेश गर्ने कोसिस भएकोले **प्रेमान्तर** गजल-महाकाव्यको रूपमा नै रहेको देखिन्छ ।

## ४.७. विभिन्न दृष्टिकोणबाट 'धँधोर (राँको)' महाकाव्यको विश्लेषण

### ४.७.१ विषयप्रवेश

बहुमुखी प्रतिभा सम्पन्न गोपाल अश्क आधुनिक नेपाली साहित्यका चर्चित व्यक्तित्व हुन् । राष्ट्रभाषा र राष्ट्रिय भाषा दुवैमा यिनले सम्प्रेषणीय एवम् सन्तुलित ढङ्गमा कलम चलाएको पाइन्छ ।[७३] वास्तवमा गोपाल अश्क भोजपुरी साहित्य जगत्का एक विशिष्ट प्रतिभा हुन् । खासगरी नेपालीय भोजपुरी भाषा साहित्यमा यिनको योगदान उल्लेखनीय एवम् प्रशंसनीय रहेको छ । यिनले आफ्नो मातृभाषा भोजपुरीको श्रीवृद्धिमा साहित्यका माध्यमबाट गरेको सेवा विविध विधामा विस्तृत छ । यसरी समर्पित साहित्यकारका रूपमा परिचित अश्कको हरेक विधामा विधागत चर्चा अपरिहार्य रहेको देखिन्छ । उनी भोजपुरी साहित्यिक फाँटमा छोटो अवधिमै अत्यधिक लोकप्रिय तथा स्थापित भएका देखिन्छन् । साहित्यमा नयाँ नयाँ काम गरेर देखाउन खोज्ने अश्कले **धँधोर** (२०५५) महाकाव्य लेखेर भोजपुरी भाषा साहित्यको पहिलो नेपाली महाकाव्यकार हुने श्रेय प्राप्त गरेको देखिन्छ । उनीभन्दा पहिले भोजपुरी भाषामा महाकाव्य लेखनले गति लिन सकेको देखिँदैन तर अश्कले **धँधोर** महाकाव्य लेखेपछि भने भोजपुरी साहित्य विधाका अन्य स्रष्टाहरू पनि महाकाव्य लेखनतर्फ अग्रसर भएको पाइन्छ । अश्कले **धँधोर** महाकाव्यमा वि.सं. २०४६ सालको जन-आन्दोलन र त्यस वरिपरिका समसामयिक राजनैतिक परिस्थितिलाई काव्यात्मक रूप दिएका छन् । अश्कका कृतिहरूको एउटा युग परिवर्तनको सन्देश वाहक **धँधोर** महाकाव्य तत्कालीन समय र परिस्थितिको एउटा उद्घोषका रूपमा स्थापित भएको छ । सङ्गति, विसङ्गति, मानवीय मूल्य र मान्यता, नारी पीडा र वेदना आदि यस महाकाव्यका विषयवस्तु बनेका

---

७३. रमेश गोर्खाली, *तराई रत्न गोपाल अश्कको भाषिक साधना* (जनमत, साहित्यिक मासिक, वर्ष २४, अङ्क १०, २०६४), पृ.३४ ।

छन् । यसरी गोपाल अश्कको **धँधोर** भोजपुरी साहित्य जगत्कै प्रथम महाकाव्यको रूपमा आफूलाई स्थापित गराउन सफल देखिएको छ ।

## ४.७.२ शीर्षक विधान

कुनै पनि कृतिको शीर्षकले नै मूलभूत रूपमा त्यसभित्र समाविष्ट विषयवस्तुहरूको समुच्चयमा प्रतिनिधित्व गर्दछ ।[७४] अश्कद्वारा सिर्जित प्रस्तुत कृतिको शीर्षक **धँधोर (राँको)** शब्दकोशीय दृष्टिले एक शब्दको छ । भोजपुरी शाब्दिक अर्थको रूपमा रहेको **धँधोर**ले हातमा मसाल वा राँको लिएर समाजमा क्रान्तिचेतको उद्घोष गर्नु भन्ने अर्थ सङ्केत गर्दछ । खासगरी निर्दलीय व्यवस्थाको अन्त्यसँगै वि.सं. २०४६ सालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको प्रारम्भ, उक्त व्यवस्था स्थापनाका लागि क्रान्तिमा आहुति वा बलिदान दिने महान् वीर सहिदहरूको महिमागान गाउँदै देशको आमूल परिवर्तनको शङ्खघोष गर्दै जनमानसलाई जागरुक बनाउने जस्ता कुराहरूलाई **धँधोर** महाकाव्यले विषयबद्ध गरेको छ । काव्यको शीर्षकले पाठकका मनमा विभिन्न जिज्ञासा उत्पन्न गराई कृति पूर्ण रूपमा पढ्न र मनन गर्न पाठकलाई अभिप्रेरित गरेको छ । कवि अश्कको प्रस्तुत महाकाव्य शीर्षकीकरणका दृष्टिले सार्थक र उपयुक्त देखिएको छ । खासगरी वि.सं. २०४६ सालको जनक्रान्तिलाई नै विषयवस्तु बनाई लेखिएको यो महाकाव्य भोजपुरी साहित्यको प्रथम महाकाव्य मात्र नभइकन यो महाकाव्यजगत्कै बलियो स्थान ओगट्न सफल भएको छ । यसरी महाकाव्यको सम्पूर्ण विषयवस्तुलाई नै वहन गरेअनुसार अगाडि बढ्न सफल महाकाव्य भएकाले प्रस्तुत महाकाव्यको शीर्षक सार्थक र औचित्यपूर्ण रहेको छ ।

## ४.७.३ संरचना

गोपाल अश्कको **धँधोर** महाकाव्य वि.सं. २०५५ सालमा ने.प्र.प्र.को प्रकाशकत्वमा वीरगञ्जद्वारा प्रकाशन भएको हो । कृतिको अग्रभागमा पद्यशैलीमा प्रकाशक, मिति, संस्करण, मूल्य, आवरण तस्विर आदि कुराहरू राखिएको छ भने बाह्य आवरणको कभर पृष्ठमा हातमा राँको लिएर जनक्रान्तिमा होमिएका मानिसहरूको उपस्थिति देखाइएको छ । भित्रपट्टि दोस्रो पानामा नै ने.प्र.प्र. ले प्रकाशकीय भनेर आफ्नो शुभकामना मन्तव्य दिइएको

---

७४. कृष्णविलास पौड्याल, *आधुनिक नेपाली कविता-काव्य* (भोटाहिटी : नवीन प्रकाशन, २०६६), पृ. १४ ।

छ भने **हम आ हमार धँधोर** शीर्षकमा कविको मन्तव्य दिइएको छ । विविध विषयवस्तु समेटेर वि.सं. २०४६ सालको जन-आन्दोलन र त्यसबाट प्राप्त उपलब्धिलाई गद्यलय र मुक्तलय (गीतिलय)मा आबद्ध गरी जम्मा आठ सर्गहरूमा विभाजन गरेर लेखिएको प्रस्तुत कृतिको संरचना अश्कको अघिल्लो कृति **प्रेमान्तर** भन्दा परिष्कृत नै छ । जम्मा १३९ पृष्ठको यो कृति कतै चार-चार हरफसम्मको दुई श्लोकीय ढाँचा र कतै पन्ध्रदेखि बीस हरफसम्मका गद्यलयात्मक ढाँचामा संरचित रहेको देखिन्छ । आन्तरिक संरचना दृष्टिले चाहिँ समाजभित्रको सामाजिक परिवेशदेखि लिएर राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशसम्मको क्रान्तिमय ज्वाराभाटालाई घोचिलो, पेचिलो र व्यङ्ग्यात्मक शैलीमा व्यक्त गरिएको छ । संरचनात्मक दृष्टिले हेर्दा यस महाकाव्यलाई आठ सर्गमा विभाजन गरिएको छ । प्रथम सर्गमा एकसय सात, दोस्रो सर्गमा एकसय पैंतालीस, तेस्रो सर्गमा एकसय पन्ध्र, चौंथो सर्गमा एकसय पचपन्न, पाँचौं सर्गमा एकसय उन्नाइस, छैटौं सर्गमा एकसय तेइस, सातौं सर्गमा त्रियासी र आठौं सर्गमा एकसय बाह्र गरी जम्मा नौसय पचास पद्यहरूमा यस महाकाव्यको संरचना तयार भएको छ ।

### ४.७.४ कथानक

भोजपुरी भाषामा लेखिएको प्रथम महाकाव्य **धँधोर (२०५५)** हो । यस दृष्टिले नेपालमा प्रथम भोजपुरी महाकाव्यकार बन्ने श्रेय गोपाल अश्कलाई प्राप्त छ । खासगरी वि.सं. २०४६ सालको जनआन्दोलन र त्यस वरिपरिका समसामयिक राजनैतिक परिस्थितिहरूलाई विषयवद्ध गरी अश्कले काव्यात्मक स्वरूप दिएका छन् । यस महाकाव्यको नायक माधवले तत्कालीन जनआन्दोलनमा नेतृत्वदायी व्यक्तित्वको भूमिका निर्वाह गरेको छ । माधवको साथी विजय (सह-नायक) र माधवकी श्रीमती माधवीले तत्कालीन जनआन्दोलनका प्रहरी प्रशासनबाट कुदृष्टिमा परेकाहरूलाई शरण दिने अभिभावकको भूमिका निर्वाह गरेका छन् । सहरमा बस्न सक्ने वातावरण नभएपछि गाउँ प्रवेश गरी क्रान्तिका नाममा विद्यालय खोलिएको प्रसङ्ग, स्वतन्त्रताका लागि एकजुट भई आन्दोलनमा सहभागी हुन गरिएको आव्हान, गाउँका मुखिया एवम् सामन्ती संस्कार बोकेकासँगको वैचारिक द्वन्द्व अत्यन्तै हृदयस्पर्शी छन् । विधवा नारी नैनासँगको भेट र नारीअस्मिता एवम् स्वतन्त्रताका खातिर ऊ पनि आन्दोलनको मोर्चामा सहभागी हुने धारणा प्रगतिशील छन् । आन्दोलनका क्रममा क्रान्तिमा होमिँदा माधव/माधवीका छोरा गोपालले वीरगति प्राप्त गरेको स्थिति अत्यन्तै

पीडादायी छ । सयौं व्यक्ति सहिद भई देशमा प्रजातन्त्र आएपछि पनि देशले मुहार भने फेर्न नसकेको स्थिति यसमा देखापर्दछ । बेरोजगारी समस्या, उद्दण्डता, भ्रष्टाचारी प्रवृत्ति, भ्रष्ट नेताहरूको सत्तालिप्सा एवम् कुर्चीमोह, सामाजिक आर्थिक परिस्थिति आदि प्रसङ्गहरूलाई अत्यन्तै सहजताका साथ प्रस्तुत गरिएको छ । अश्कले सरकारी चालामालाको प्रसङ्गलाई यसरी प्रस्तुत गरेका छन् :

सरकार मिलन एतन आन्हर,
आन्हर चान्हर बागर बानर ।
विरोध विरोध ला करे खाली
चुन चुन के जेल भरे खाली ॥

धँधोर, पृ. २१ ।

नेपाली जनताले यस्तो बेइमानी, चुतिया र बाँदर स्वभावको सरकार पाए जसले आफ्नो विरुद्धमा नारा,जुलुस, विरोध गर्नेहरूलाई छानी छानीकन जेलमा लगेर कोच्ने गर्दथ्यो भन्ने भाव माथिका पङ्क्तिहरूमा व्यक्त छ ।

यसरी वि. सं. २०४६ सालको जनक्रान्तिलाई नै प्रमुख कथानक बनाई लेखिएको यो महाकाव्य भोजपुरी जतग्कै उत्कृष्ट महाकाव्यको रूपमा स्थापित छ । अश्कको यस महाकाव्यमा जीवनजगत्का भोगाइ, सञ्चेतना र मनोगत विकृतिका साथै सामाजिक सङ्गति-विसङ्गति तथा मूल्य र मान्यताको यथार्थवादी चित्रण गरिएको छ ।

### ४.७.५ पात्रविधान

पात्र भनेको चरित्र हो । महाकाव्यमा प्रयुक्त पुरुष, नारी आदिलाई नै चरित्र वा पात्र भनिन्छ ।[७५] कवि गोपाल अश्कको **धँधोर** महाकाव्यमा पनि विभिन्न पुरुष र नारी पात्रहरूको उपस्थिति रहेको पाइन्छ । ती पात्रहरूले महाकाव्यको कथावस्तुलाई अगाडि बढाउन आ-आफ्नै किसिमले भूमिका निर्वाह गरेका छन् । त्यस्ता पात्रहरूलाई प्रमुख र सहायक गरी दुई वर्गमा विभाजन गरिएको छ :

---

७५. हिमांशु थापा, *साहित्य परिचय* (ललितपुरः साझा प्रकाशन, दो.सं., २०४५), पृ.५२ ।

### ४.७.५.१ प्रमुख पात्रहरू

गोपाल अश्कको प्रस्तुत **धँधोर** महाकाव्यका प्रमुख पात्रहरूका रूपमा माधव र माधवी रहेका छन् । उनीहरू मध्यमवर्गीय परिवारमा हुर्किएका पात्रहरू हुन् । शोषकवर्गको वैचारिक द्वन्द्वका बारेमा चर्को रूपमा आवाज उठाउने र शोषितवर्गहरूको पक्षमा वकालत गर्नु, उनीहरूलाई देशको अन्याय, अत्याचार, शोषकवर्गको दमनका विरुद्धमा आन्दोलनमा लाग्न आव्हान गर्नु यी पात्रहरूको खास भूमिका रहेको छ । जम्मा आठ सर्गमा विभाजित रहेको यस महाकाव्यमा यी पात्रहरूले आ-आफ्नै तवरले भूमिका निभाएका छन् । सहरमा शोषकवर्गको अन्याय, अत्याचारले बस्न नसक्ने वातावरण भएपछि गाउँ प्रवेश गरेर क्रान्तिको शङ्खघोष गर्दै विद्यालयको स्थापना गर्नु, स्वतन्त्रताका लागि सबैजनालाई एकजुट भई आन्दोलनमा सहभागी हुन आवाज उठाउनु र गाउँका मुखिया भनाउँदा एवम् सामन्ती संस्कार बोकेका मानिसहरूसँगको वैचारिक द्वन्द्व आदि पक्षमा होमिई डटेर तिनको सामना गर्दै यी पात्रहरूले कुशलतापूर्वक भूमिका निर्वाह गरेको देखिन्छ ।

### ४.७.५.२ सहायक पात्रहरू

माधवको साथी विजय (सहनायक), विधवा नारी नैना, आन्दोलनमा वीरगति प्राप्त गर्ने गोपाल, गाउँको मुखिया, पुलिस, प्रशासन र अन्य छिमेकी गाउँका आन्दोलनमा सरिक गाउँलेहरू सहायक पात्रका रूपमा रहेका छन् जसले काव्यलाई अगाडि बढाउन र मुख्य चरित्रको भूमिकालाई थप टेवा दिई पूर्णता प्रदान गर्न आ-आफ्नो भूमिका निभाएका छन् ।

### ४.७.६ परिवेश/वातावरण

कवि गोपाल अश्कको **धँधोर** महाकाव्यमा समस्त नेपाल र नेपालीको उन्मुक्तिको चाहना, स्वतन्त्रताको हक, अधिकार, जनक्रान्तिमार्फत् देशको आमूल परिवर्तन जस्ता कुराहरूलाई विषयबद्ध गरिएको हुनाले यसको परिवेश तथा वातावरण केवल एउटा वीरगञ्ज नगरीको मात्र नभई सम्पूर्ण देशभरिकै परिवेशलाई अँगाल्न पुगेको देखिन्छ । कवि अश्क स्वंयम् वीरगञ्जका बासिन्दा भएकाले र भोजपुरी भाषाकै महाकाव्यात्मक कृति भएको हुँदा यसैको सेरोफेरोलाई बढी केन्द्रित गरी जनआन्दोलनका कुराहरूलाई यसमा उठाइएको छ । यस

काव्यले नेपालकै धार्मिक, सांस्कृतिक तथा सामाजिक मूल्य-मान्यता र परम्परालाई आफूमा समेटेको हुनाले नेपालकै परिवेश यहाँ चित्रित छ ।

## ४.७.७ भाषाशैली

महाकाव्यमा प्रयोग गरिने भाषा सरल, सहज र सरस हुनुपर्ने पूर्वीय परम्परा रहेको छ । त्यसैले महाकाव्यको आफ्नो सीमा र परिवेश सुहाउँदो भाषाशैली प्रयोग हुनुपर्दछ ।[७६] भाषाशैली काव्यको प्राण हो भन्न सकिन्छ भने यसविना काव्यले जन्मने अवसर नै प्राप्त गर्दैन । कवि अश्कको **धँधोर** महाकाव्यको भाषाशैली हेर्दा सरल, सहज र बोधगम्य भाषाशैली प्रयोग भएको पाइन्छ । खासगरी भोजपुरी भाषाको महाकाव्य भएकोले भोजपुरी जनजिव्रोमा प्रचलित बोलीचालीका शब्दहरूलाई सङ्गठित गरी लेखिएको यस महाकाव्यमा भोजपुरी भाषाका झर्रा शब्दहरू र कतै-कतै हिन्दी आगन्तुक शब्दहरूको प्रयोग गरिएको पाइन्छ । एउटा उदाहरण हेरौं:

समाज सुधारक के आव्हान पर,
निकलले प्रण ले के प्राण पर,
मरलें रउवा के लाठी के चोट,
बा कि ना छोड्ले अपन अठोट ॥

धँधोर, पृ. ३६ ।

माथिका पङ्क्तिहरूमा समाज सुधारको आव्हान गर्दै आफ्नो प्राण त्याग गर्दा लाठीको कुनै पर्वाह नगरी जति चुटाइ खाएपनि आफ्नो अठोटका साथ निरन्तर लागिरहने सपूतप्रति हार्दिक शुभकामना व्यक्त गरिएको छ । यसरी यस **धँधोर** महाकाव्यमा सरल, सहज र बोधगम्य भोजपुरी भाषाका शब्दहरूको अत्यधिक प्रयोग गरिएको छ । कतै-कतै नेपाली तथा हिन्दी भाषाका शब्दहरूको प्रयोग पनि गरिएको पाइन्छ ।

---

७६. वासुदेव त्रिपाठी र अन्य (सम्पा.), *नेपाली कविता, भाग-४,* (ललितपुर : साझा प्रकाशन, दो.सं., २०५३), पृ. २७ ।

## ४.७.८ जीवनदृष्टि

साहित्य जीवनकै अभिव्यक्ति हो । अभिव्यक्तिका विभिन्न प्रकार र माध्यमबाट साहित्यका विभिन्न विधा सिर्जना हुन्छ । महाकाव्यमा पनि जीवनको कुनै एक पक्षको समुद्‌घाटन हुन्छ । कथा, पात्र र वातावरणको माध्यमबाट रचनाकारले जीवन र जगत्‌लाई हेरेका हुन्छन् । त्यस हेराइकै धरातलमा महाकाव्यको संरचना हुन्छ ।[७७] जीवनदृष्टिको अर्को नाम उद्देश्य हो, यसकारण कुनै पनि विषयवस्तुमा आधारित भावमय, अनुभूतिप्रधान कलात्मक, व्यञ्जना, अभिव्यञ्जनात्मक प्रकटीकरण नै कविताको उद्देश्य वा जीवनदृष्टि हो ।[७८] **धँधोर** महाकाव्यको जीवनदृष्टि वा उद्देश्य पनि वि.सं. २०४६ सालको जनक्रान्तिमा आधारित रहेको हुनाले गाउँ अथवा सहरमा शोषक, सामन्ती दलालहरूले निमुखा, गरिबहरूमाथि गरेको अन्याय, अत्याचारका बिरुद्ध लागेर स्वतन्त्रता एवम् समानताको हक प्रदान गर्नु र जनक्रान्तिमार्फत देशको आमूल परिवर्तन गर्न चाहनु यसको खास उद्देश्य हो । जहाँ धेरै दमन हुन्छ, त्यसले विस्फोटको रूप लिन्छ । त्यसैले निमुखा, सोझा, इमान्दार मानिसहरूले पनि समाजमा ठूलाबडाजत्तिकै समान अधिकार पाउनुपर्दछ नत्र उनीहरूले त्यस्ता गाउँका फटाहाहरूलाई देशनिकाला गर्न पनि पछि पर्दैनन् भन्ने यसको खास उद्देश्य रहेको छ । एउटा उदाहरण हेरौं:

उहे शहर बा, बा उहे देश,
रे बदल गइल बा परिवेश ।
बदल गइल बाटे रे चादर,
देह के भइल बा मान आदर ॥

धँधोर, पृ. १०० ।

अर्थात् उही सहर, उही गाउँ, उही देश पहिलाभन्दा परिस्थिति धेरै बद्‌लिएको छ र एउटा युग नै परिवर्तन भएर सबैको मान, आदर, सत्कार समान भएको छ भन्ने कुरा माथिका पङ्क्तिले देखाउन खोजेको भावार्थले पनि यस महाकाव्यको जीवनदृष्टि स्पष्ट पारेको छ ।

७७. हिमाशुं थापा, *साहित्य परिचय* (ललितपुर : साझा प्रकाशन, दो.सं., २०४५), पृ.५७ ।
७८. खगेन्द्रप्रसाद लुइँटेल, *कविताको संरचनात्मक विश्लेषण* (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ.२३५ ।

## ४.७.९ लयविधान र दृष्टिबिन्दु

### ४.७.९.१ लयविधान

लयविधानका दृष्टिले हेर्दा गोपाल अश्कले यस महाकाव्यलाई दुईवटा लयमा उतारेको पाइन्छ । यस दृष्टिले **धँधोर** महाकाव्य त्यति सबल देखिँदैन । यद्यपि विविधखाले भोजपुरी लोकलय (गीतिलय) र गद्यलयको गोरेटोमा कृतिलाई डोऱ्याइएको पाइन्छ । धेरैजसो शीर्षकमा चारपङ्क्तीय गीतिलयात्मक ढाँचामा अन्त्यानुप्रयास मिलाई लयविधानको पालना गरिएको पाइन्छ । गद्याभिव्यक्तिहरूमा रचित कवितात्मक हरफहरूलाई गद्यछन्दको रूप दिइएका कविताहरूमा भने आन्तरिक लय त्यति फस्टाएको पाइँदैन । गद्य कविताको सङ्गीतात्मक अनुशासनलाई पनि भावनियन्त्रणका तरेलीमा बहाइदिएका छन् । उनी आफैँ काव्यलाई गीतिलयमा सङ्गीत भर्दै गाउन खप्पिस गायक पनि हुन् । त्यसैले आफ्ना भावनाका ज्वारहरूलाई छन्दलयको तारतम्यले साङ्गीतिक धुनका साथ बजाउन, गाउन र नचाउन सक्ने क्षमता अश्कमा विद्यमान छ । लयविधानका दृष्टिले उनको यो महाकाव्यमा दुई लयको प्रयोग गरिएको छ :

गीतिलयको नमुनाः

नाम भगवान के राखी सजना,
तरल जाई अब हमनी सहना ।
ओहू में सुनर सोची कृपाल,
हमर त विचार रहो गोपाल ॥

धँधोर, पृ. ६ ।

गद्यलयको नमुना :

नारी जीवन का जरत रही,
बन के लौडी जिअला मे, मरला पर कोप भजन,
रही तड्पत लहकत नारी जाति के का ई जीवन ।
का दियरी के बाती अइसन नारी जरत रही,
जीवन में जीए के खातिर का ई मरत रही ॥
का नारी के त्याग तपस्या के फल दुत्कार होई,
गाई जइसन सुधा बागड पर हरदम अत्याचार होई ।

धँधोर, पृ. ३० ।

## ४.७.९.२ दृष्टिबिन्दु

कृति उपस्थित गर्ने पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । दृष्टिबिन्दु मुख्यतः प्रथम पुरुषात्मक र तृतीय पुरुषात्मक हुन्छ ।[७९] कवि अश्कको **धँधोर** महाकाव्य तृतीय पुरुषात्मक दृष्टिबिन्दुको शैलीमा लेखिएको कृति हो । यस महाकाव्यमा कविले सम्पूर्ण काव्यभरि नै माधव, माधवी, गोपाल, नैना आदि तृतीय पुरुषात्मक पात्रहरूको उठान गरेका छन् । कवि स्वंयम्को भूमिका काव्यभरि कतै पनि देखिँदैन । त्यसले यो काव्य तृतीय पुरुषात्मक दृष्टिबिन्दुमा लेखिएको काव्य हो ।

## ४.७.१० भावविधान

आत्मालापी, कविकथनात्मक, आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवनजगत्को कथन गरिए पनि त्यसको चुरोस्वरूप केन्द्रीय कथ्य वा विषयवस्तुचाहिँ कुनै न कुनै भावविधानमा भावविचार हुन्छ र परिणाममा चाहिँ कविता त्यो अनुभव वा सूक्ष्म विचार भावमय-रागमय रूपमा कलात्मक रूपान्तरण हुनुपर्ने हुन्छ ।[८०] मानवीय जीवनजगत्का यावत् वस्तुहरूलाई मानव चेतनाभित्र अनुभव तथा अनुभूतिको लयात्मक, रागात्मक र कलात्मक  निष्कर्षका रूपमा  विशेष प्रकारको भावार्थ प्रदान गर्नु नै यथार्थतः काव्यको भावविधान हो ।[८१] कवि गोपाल अश्कको **धँधोर** महाकाव्यमा अभिव्यक्त विचारहरूलाई सरासर अध्ययन गर्दा प्रायः एउटै भावाभिव्यक्ति छचल्किएको पाइन्छ । समकालीन समाजमा विद्यमान शोषक र शोषित वर्गकावीच रहेको असमानताको खाडललाई हटाई सबैलाई एउटै स्वतन्त्रता र समानताको अधिकार प्राप्त हुनुपर्ने साथै स्वच्छ समाज निर्माणका खातिर जनक्रान्तिका माध्यमबाट मात्र सम्भव हुने भन्ने मूलभाव यहाँ व्यक्त भएको छ । ग्रामीण र सहरी दुवै परिवेश अँगालेको यस महाकाव्यले देशमा प्रजातन्त्रको स्थापनार्थपश्चात् मात्र जनताको हक, अधिकार प्राप्त हुने र देशको मुहार नै फिर्ने सकारात्मक भावलाई पनि पर्दाफास गर्न खोजेका छन् । त्यस्तै, देशमा रहेको बेरोजगारी समस्या, उद्दण्डता, भ्रष्टाचार, अन्याय, अत्याचार, भ्रष्ट नेताहरूको कुर्चीप्रतिको मोह, सामाजिक, आर्थिक विषमता जस्ता कुराहरूलाई पनि कवि अश्कले

७९. वासुदेव त्रिपाठी र अन्य (सम्पा.), *नेपाली कविता (भाग-४)* (ललितपुर : साझा प्रकाशन, ते.सं., २०५४), पृ.२० ।

८०. मोहनराज शर्मा, *समकालीन समालोचना सिद्धान्त र प्रयोग* (काठमाडौं : ने.रा.प्र.प्र., २०५५), पृ. ५६५ ।

८१. ऐजन, पृ. ५६६ ।

काव्यमा उठाएर यी कुराहरूको निराकरण गर्नुपर्ने भन्ने आशयका भावहरू यस काव्यमा समेटिएका छन् । तलका पङ्क्तिहरूले पनि यस कुराको पुष्टि गर्दछन् :

रे रोजी रोटी के ना चिन्ता,
ना चिन्ता रहे के जिन्दा बा ।
चिन्ता बा जनता जनार्धन के,
सरकारी दमन के चिन्ता बा ॥

धँधोर, पृ. ११ ।

बा दिल देशभक्तन के ईहाँ,
कुहकत बा जी संतन के इहाँ ।
कब ले मिली आजादी देश,
के आ ना खुली द्रौपदी-केश ॥

धँधोर, पृ. १२ ।

देशका जनता नै जनार्धन हुन् । उनीहरूलाई रोजीरोटीको चिन्ता, सरकारी क्रूर दमनको चिन्ता लागेपनि देशका जनताहरूप्रति नै बढी चिन्ता छ । त्यस्तै, देशको एउटा सपूत देशभक्त छोरोले स्वतन्त्रताका लागि लड्दै समाजका दानवीय चरित्रका राक्षसहरूलाई निर्मूल गरी द्रौपद्रीको केश फिंजिएजस्तै व्यवहार देखाउनु पर्ने भावार्थका कुराहरूलाई माथिका पङ्क्तिले देखाएका छन् ।

### ४.७.११ रसविधान र अलङ्कारविधान

कवि गोपाल अश्कको **धँधोर** महाकाव्य रसविधान र अलङ्कारविधानका दृष्टिले सबल रहेको देखिन्छ । तिनीहरूको यहाँ छुट्टाछुट्टै चर्चा गर्नु समीचीन ठहर्छ :

#### ४.७.११.१ रसविधान

पूर्वीय साहित्यमा रसवादीहरू रस नै काव्यको आत्मा हो भन्ने ठान्दछन् । भरतमुनि नै रस सम्प्रदायका अधिष्ठाता हुन ।[८२] महाकाव्यको सन्दर्भमा हेर्ने हो भने वीर, शृङ्गार र शान्त रसमध्ये कुनै एक रसको पूर्णपाक हुनुपर्छ र सबै रसको प्रस्तुति आवश्यक छ भन्ने देखिन्छ ।

---

८२. कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. २७९ ।

कवि गोपाल अश्कको **धँधोर** महाकाव्य पनि पूर्वीय परम्परा अनुसार नै लेखिएको हुनाले यसमा वीर, शृङ्गार र करुण रसहरूको प्रधानता रहेको छ । वि.सं. २०४६ सालको जनक्रान्तिमा होमिएका जनताहरूको साहसी कार्यको कथनमा वीररस घनीभूत छ भने नारीहरूप्रतिको चित्कार, रोदन जस्ता कुराहरूमा मल्हमपट्टी लगाई उनीहरूको आवाज बुलन्द गरिएको हुनाले काव्यमा करुण रसको उपस्थिति गराएका छन् । त्यस्तै नारीका नयन, सिन्दुर, विधवा नारीको विवाह प्रसङ्ग जस्ता कुराहरूको बखान गरिएका पङ्क्तिहरूमा शृङ्गार रसको प्रयोग भएको कुरा देखाएका छन् ।

शृङ्गार रसको उदाहरण :

देखना गोरी लोचन एकर,
केतना बडा मनमोहक बा ।
गोर कपीर बा बदन सुनर,
अउँठिया केश बड मोहक बा ॥
धँधोर, पृ. ६ ।

माथिका पङ्क्तिहरूमा एउटी गोरी आइमाईको आँखा, केश, चुल्ठो, हातका औंलामा लगाइएको औंठी जस्ता कुराहरूको वर्णन गर्दै शारीरिक रूपको प्रशंसा गरिएकोले शृङ्गार रसको प्रयोग भएको देखाएका छन् ।

करुण रसको उदाहरणः

अब छोड ई अँखिया रोवावल,
बीतल बतिया के दोहरावल ।
छोड कर तु घर में आराम,
बइठ चुपचाप छोड ई काम ॥
धँधोर, पृ. २५ ।

माथिका पङ्क्तिहरूमा एउटी नारीलाई बितेका कुराहरूलाई दोहोऱ्याउँदै आँखाबाट अश्रुधारा बगाएर नरुन आग्रह गर्दै चुपचाप घरमा बसी आराम गर्ने भनिएको प्रसङ्गले करुण रसको प्रयोग भएको देखाएका छन् ।

वीर रसको उदाहरण :

कहल में का बा देख लेहेम,
देह में गोली के दाग भरेम ।
अपनेही अब देह प्यार,
तनिको ना सहेला जी अत्याचार ॥

धँधोर, पृ. १०९ ।

माथिका पङ्क्तिहरूमा एउटा साहसी क्रान्तिमा होमिएको युवकले शरिरमा गोली लागेर दागैदाग भए पनि अब आफूलाई सबैको माया, ममता साथ रहेको हुँदा एकरत्ति पनि अत्याचार नसहने साहसी भाव व्यक्त गरेकाले यसमा वीररसको प्रयोग भएको कुरा देखाएका छन् ।

## ४.७.११.२ अलङ्कारविधान

कविता/काव्यलाई सजाउने, सुन्दर पार्ने र थप चमत्कारिता प्रदान गर्ने तत्त्वलाई अलङ्कार भनिन्छ ।[८३] 'अलम्' को अर्थ भूषण गर्ने वस्तु भन्ने बुझिन्छ । अर्को अर्थमा 'अलम्' भन्नाले 'पर्याप्त' भन्ने पनि बुझिन्छ । यसप्रकार प्रशस्त सीप कुँदेर वा साह्रै राम्रो बनाएर भनिएको कथनलाई अलङ्कार भनिन्छ ।[८४] रमाइला शब्दयोजना र अर्थ चमत्कारद्वारा काव्यलाई सजाउने तथा आकर्षक पारी भाषामा लालित्य झल्काउने काम अलङ्कारले गर्दछ । कवि गोपाल अश्कको **धँधोर** महाकाव्य अलङ्कारको दृष्टिकोणबाट पनि त्यति सशक्त कृतिका रूपमा स्थापित भएको चाहिँ पाइँदैन तथापि कतैकतै आलङ्कारिक झिल्काझिल्की यसमा पाइएको देखिन्छ । केही उदाहरणहरू हेरौँ :

उत्प्रेक्षा अलङ्कार

बेटा ! आपन दुःख कहे <u>में</u>,
भूल गइनी, कष्ट रह <u>में</u> ।
बडी भइल होई जेल <u>में</u>,
पूछ के, ई खेल–खेल <u>में</u> ॥

धँधोर, पृ. १०३ ।

---

८३. विष्णुप्रसाद पौडेल, *संस्कृत काव्यशास्त्र* (काठमाडौं : भूँडीपुराण प्रकाशन, २०५७), पृ. ७० ।

८४. ऐजन, पृ. ७० ।

रेखाङ्कित पदहरूमा उत्प्रेक्षा अलङ्कार परेको छ ।

अन्त्यानुप्रास अलङ्कार

> उहे शहर बा, बा उहे देश,
> रे बदल गइल बा परिवेश ।
> बदल गइल बाटे रे चादर,
> देह के भइल बा मा आदर ॥
>
> धँधोर, पृ. १०० ।

रेखाङ्कित पदहरूमा अन्त्यनुप्रास अलङ्कार परेको छ ।

## ४.७.१२ नारी संवेदनाको अभिव्यक्ति

गोपाल अश्कका काव्यकृतिहरूमा कुनै न कुनै रूपबाट नारी संवेदनाले स्थान पाएको हुन्छ । उनका काव्यहरूमा नारीलाई कतै आमाको रूपमा, कतै सासूको रूपमा र कतै सृष्टिका रूपमा हेरिएको छ । नारीहरूले पुरुषबाट हुनुपरेको यौनसिकार, दुराचार आदि जस्ता कुराहरूलाई पनि उनका काव्यहरूमा अभिव्यक्त गरिएको पाइन्छ । उनको यस **धँधोर** महाकाव्यहरूमा पनि नारी व्यथालाई नै कविले काव्यको मूल स्वर बनाएको पाइन्छ । हाम्रो समाजमा नारी जातिलाई उचित स्थान दिइएको पाइँदैन । नारीलाई एक भोग्या र खेलौना वस्तुको रूपमा सम्भिइन्छ । बाल विवाहको कारण असमयमै नारीहरू विधवा जीवन बिताउन बाध्य हुन्छन् । बाल विवाहको विपक्ष र विधवा विवाहको पक्षमा कवि अश्क रहेका छन् । एउटी विधवाको कारुणिक वर्णन प्रस्तुत गीतमा यसरी गरिएको छ :

> हे भगवान ! कहि पोछल सेनुरवा
> तोड देल चुडिया, फोड ल सिन्हरवा ।
> इहे करे के रहे त काहे मँगिया सजवल
> गोरे गोरे हथवा मे चुडिया बजवल ।
> रतिया देखा के सपना तोड देल भोरवा
> हे भगवान् ………………………………
> लाल चुनरिया छुटल, चढल उजर साडिया

जिनगी के नाम पर मिलल जरल रोटिया
मेवा मिष्टान छिन के देल जहर कटोरवा ।
हे भगवान् ....................................

धँधोर, पृ. २९ ।

नेपालीय भोजपुरी साहित्यका प्रथम महाकवि गोपाल अश्कको नारी चिन्तन उनको **धँधोर** महाकाव्यमा सजगता र इमान्दारीपूर्वक अभिव्यक्त भएको छ । गोपाल अश्कका कृतिहरूको एउटा युग परिवर्तनको संवाहक यो महाकाव्य तत्कालीन समय र परिस्थितिको उद्घोषकका रूपमा स्थापित भएको छ । नारी जीवनका सङ्गति, विसङ्गति, मूल्य र मान्यता, पीडा, व्यथा आदि कुराहरू यस महाकाव्यमा प्रस्तुत भएका छन् । आजको समाजमा नारी र पुरुषका बीच समानताका कुरा भएका पाइन्छन् । मञ्चमा अवसर पाउनासाथ नारी जातिको उत्थान, विकास, संरक्षण, अवसर आदिको कुरा बडो आलङ्कारिकतापूर्वक गर्ने गरिन्छ तर त्यही पुरुष कहिले नारीको यौन शोषण गर्दछ त कहिले मानसिक शोषण गर्दछ । वास्तवमा भन्ने हो भने आजको समाजमा नारी यदि आफ्नो अस्मिता जोगाउन स्वंयम् अग्रसर नहुने हो भने पुरुषले त्यसको गलत फाइदा उठाई सर्वस्व लुट्न पनि पछि पर्दैनन् भन्ने कुरा अश्कको यस महाकाव्यमा नारीप्रति सकारात्मक र सहानुभूतिशील दृष्टिकोण प्रस्तुत गर्दै उनीहरूका व्यथा, वेदना र विलौनालाई अत्यन्तै मार्मिक तरिकाले अभिव्यक्त गरिएको छ ।

### ४.७.१३ धँधोर महाकाव्यको समग्र मूल्याङ्कन

कवि गोपाल अश्कको पुस्तकाकार कृतिहरूमध्ये वि.सं. २०५५ सालमा प्रकाशित **धँधोर** महाकाव्य भोजपुरी भाषासाहित्यको प्रथम कृति हो । यो महाकाव्य वि.सं. २०४६ सालको आन्दोलनका सेरोफेरोमा घटित घटनाहरूलाई मुख्य विषयवस्तु बनाएर लेखिएको कृति हो । अश्कको प्रस्तुत महाकाव्य पूर्णतः सामाजिक यथार्थमा आधारित रहेको छ । यस महाकाव्यमा घटित घटनाहरू हाम्रै देश, समाजबाट टपक्क टिपिएका छन् । यस महाकाव्यमा रहेका पात्रहरू पनि समाजकै ग्रामीण र सहरी क्षेत्रबाट लिइएका छन् । समाजको जल्दोबल्दो अवस्था, अन्याय, अत्याचारले पिल्सिएर देशमा क्रान्तिको आगो सल्किनु र देशमा प्रजातन्त्रको स्थापना हुनु युगीन सामाजिक यथार्थ हुन । यस महाकाव्यले समाजको परिवर्तनगामी वास्तविक तस्विरलाई कोरेको छ । आन्दोलन जनताको रहर नभएर बाध्यता हो । यसले देशको मुहार फेर्न, देशको सामन्ती, शोषकवर्गको अमानवीय प्रवृत्तिलाई जरैदेखि

उखेलेर फाल्न र समाजमा समानताको हक प्रदान गर्न सघाउ पुऱ्याएको देखिन्छ । हाम्रो समाजमा व्याप्त विकृति एवम् विसङ्गति, शोषण, अन्याय, अत्याचार आदि कुराहरूले निमुखा वर्गलाई जनक्रान्तिमा होमिन बाध्य पारेको छ । आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने गोपालले गर्दा माधव/माधवीको बेहाल भएको स्थितिलाई मार्मिक रूपमा देखाइएको छ । समाजमा बढ्दै गइरहेको बेरोजगार समस्या, उद्दण्डता, भ्रष्टाचारी प्रवृत्ति, नेताहरूको कुर्चीमोह जस्ता कुराहरूको अत्यन्तै सहजताका साथ पर्दाफास गरिएको पाइन्छ । ग्रामीण र सहरी दुवै परिवेशलाई अँगाली लेखिएको यो महाकाव्यको भाषाशैली सरल र सुबोध्य छ । स्रष्टाका आँखामा मात्र नभई पाठकका आँखामा पनि काव्य अत्यन्तै सुन्दर र मनमोहक बनेको छ । सङ्गति,विसङ्गति, मानवीय मूल्य र मान्यता, नारी पीडा र वेदना जस्ता कुराहरूको उठान यस महाकाव्यका विषयवस्तु बनेका छन् । गीतिछन्द र गद्यछन्दको रूपमा रहेको यस महाकाव्यमा कतैकतै रस र अलङ्कारहरूसमेत आएकाले कृतिको शिल्पपक्ष ठीकठीकै देखिन्छ । कृतिमा यथाशक्य रूपमा भोजपुरीका शब्दहरू प्रयुक्त छन् । अन्त्यानुप्रास मिलाई लयविधानलाई गति दिने प्रयास देखिन्छ । जे होस्, गोपाल अश्कको प्रथम प्रकाशित भोजपुरी महाकाव्य भएकाले कमी–कमजोरी हुनु स्वाभाविकै मान्नुपर्छ तथापि उनले आफ्नो कलमलाई तिखार्न कृतिहरूमा परिष्कार र परिमार्जन गर्दै जानुपर्ने देखिएको छ ।

# अध्याय : पाँच

# शैलीशिल्प पक्षका दृष्टिकोणले गोपाल अश्कका समग्र काव्यकृतिहरूको अध्ययन

## ५.१. शैलीशिल्पको परिचय

भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय र भाषा एवम् विषयका दृष्टिकोणबाट रचनाकारको विशिष्ट रचनाप्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ ।[८५] शैली अंग्रेजी शब्द 'स्टाइल' को नेपाली रूपान्तर हो । यसलाई अर्को शब्दमा रचनाकारको रचना गर्ने तरिका भन्ने बुझिन्छ । हरेक रचनाकारको प्रस्तुतीकरणका आ-आफ्नै शैली हुन्छन् । वैयक्तिक शैली, युगीन शैली, परिस्थितिगत शैली, प्रचार शैली, वैज्ञानिक शैली, कथ्य शैली, वार्तालापीय शैली जस्ता शैलीहरूको अवलम्बन गरेर रचनाकारले रचनाको अध्ययन गरेका हुन्छन् । यिनै रचनाकारले रचेका रचनाहरूको सुन्दर संयोजन वा सजावटलाई नै शिल्प भनिन्छ ।[८६] यसरी रचनाकारले सजिसजावट तरिकाले रचेका रचनाकृतिको आकृतिलाई शैलीशिल्प भन्ने खास अर्थ बुझिएको छ ।[८७] साहित्यका क्षेत्रमा शैलीको अध्ययनका लागि भाषावैज्ञानिक पद्धतिले सम्पूर्ण कविता, काव्य, नाटक वा उपन्यास वा कथामा भएको अर्थको विश्लेषण/व्याख्या गर्नको लागि खास शैलीका छनौटहरू महत्त्वपूर्ण रहेका हुन्छन् । शैलीका बारेमा पूर्वेली र पश्चिमेली दुवैथरी अध्येताहरूले यसरी आ-आफ्नो धारणा दिएका छन् :

### ५.१.१ शैलीसम्बन्धी पाश्चात्य धारणा

पाश्चात्य साहित्यशास्त्रमा शैलीको सम्बन्धमा सामान्य चर्चाहरू त अरस्तुपूर्वका साहित्यशास्त्रीले गरेका थिए । तर शैलीको सर्वप्रथम व्यापक विवेचना अरस्तुले नै गरेका छन् । उनको रीतिशास्त्रले प्रत्येक विषयमा भएका प्रभावक साधनहरूको खोजमा कुनै कार्य प्रभावित गर्नमा भन्दा बढी जोड दिएको देखिन्छ । अरस्तुले कथानक, रङ्ग-विधान, चरित्र, कार्य, शैली आदि काव्यतत्त्वहरूको संरचनाको विश्लेषण **पोयटिक्स** ग्रन्थमा प्रस्तुत गरेका

---

८५. मोहनराज शर्मा, *शैलीविज्ञान* (काठमाडौं : ने.रा.प्र.प्र., २०४८), पृ. १०५ ।
८६. ऐजन, पृ. १०५ ।
८७. ऐजन, पृ. १०६ ।

छन् । यसका अतिरिक्त उनले **रेट्रेटिक** ग्रन्थमा अलङ्कारको भाषा आदिका सम्बन्धमा आफ्ना विचारहरू पनि प्रकट गरे । अरस्तुले साहित्यशास्त्रलाई केवल विस्तृत र व्यवस्थित ढङ्गबाट प्रस्तुत गरेनन् बरु त्यसको विवेचना प्रक्रियालाई पनि वस्तुपरकता प्रदान गरे । त्यसपछि ग्रिक, ल्याटिन तथा अन्य केही युरोपेली भाषामा सर्वप्रथम शैलीले उम्रने अवसर पाएको हो । अरस्तुपछि शैली सम्बन्धी चर्चा गर्ने पश्चिमेली विद्वानमा डिमिट्रियस पर्दछन् । उनले **अन स्टाइल** शीर्षकको पुस्तकमा शैलीका माध्यमबाट शब्द प्रयोग र शब्द विन्यासको साथै भाषा लाघव सम्बन्धी चर्चा गरेका छन् । नव शास्त्रीयतावादीहरूले शैली पक्षलाई कवितामा प्रमुख स्थान दिएर लेखेपनि स्वच्छन्दतावादीहरूले शैली पक्षलाई भन्दा भाव पक्षलाई बढी महत्त्व दिएको पाइन्छ । शैलीसम्बन्धी चर्चा गर्ने अङ्ग्रेजी विद्वान्हरूमा टि.एस.इलियड र आइ.ए.रिर्चडस आदि विद्वानहरू चर्चित छन् ।

## ५.१.२ शैलीसम्बन्धी पूर्वीय धारणा

पूर्वीय साहित्यशास्त्रमा रचनाकार, सहृदय वा कृतिको संरचना तीनवटै कुरालाई प्रमुख मानेर शैलीको चर्चा **ऋग्वेद**मा भएको देखिन्छ । संस्कृत काव्यका प्रथम आचार्य भरतमुनिले आफ्नो प्रसिद्ध ग्रन्थ **नाट्यशास्त्रमा** वृत्तिका रूपमा शैलीको चर्चा गरेका छन् । यसमा अन्य कलाहरूको साथै काव्यभाषाको शिल्पपक्ष संरचनाको अवधारणा पनि प्रस्तुत गरिएको छ । भामहले काव्यको परिभाषा नै 'शब्दार्थौ सहितौं काव्य' भन्ने वाक्यको प्रयोग गरी काव्य ( साहित्य) को आत्माको रूपमा शैलीलाई स्वीकार गरेको देखिन्छ । भामहले प्रतिपादन गरेको अलङ्कारको प्रमुख योगदान नै शैली पक्षलाई साहित्यमा प्राथमिकता दिनु हो । उनीपछि यस सम्बन्धमा चर्चा गर्ने वाणभट्ट, दण्डी, वामन, आनन्दवर्धन, राजशेखर आदि रहेका छन् । यिनमा पनि वामनको रीतिवाद शैलीपक्षको ज्यादै नजिक रहेको छ । वामनले **काव्यालङ्कारसूत्रवृत्ति'** ग्रन्थमा काव्यको अलङ्कार (सौन्दर्य) लाई नै दोष, गुण, अलङ्कार र काव्य गुणहरूको रचनालाई पददेखि वर्णसम्म लिएर काव्यमा रीति वा शैलीसम्मका संरचनालाई एक सूत्रमा वर्णन गरेका छन् । वामन नै यस्ता प्रथम आचार्य हुन् जसले काव्यमा रीति वा शैलीलाई 'काव्यको आत्मा' ठानी आफ्नो अवधारणा स्थापित गरे र पदरचना विशिष्टताको भाषावैज्ञानिक र व्यवस्थित विवेचना प्रस्तुत गरे । वामनको प्रस्तुत **काव्यालंकार सूत्रवृत्ति** पूर्वीय शैली विश्लेषणको व्यापक भाषावैज्ञानिक विवेचनाको प्रथम आधारभूत ग्रन्थ हो, जसले गर्दा पछि अन्य ग्रन्थहरू निर्मित हुने पृष्ठभूमि तयार भयो ।

यसरी प्राचीन संस्कृतको अलङ्कारवाद, रीतिवाद, औचित्यवाद, वक्रोक्तिवाद आदि वादहरूमार्फत शैलीसम्बन्धी खोजी, चर्चा र सूक्ष्म विश्लेषण गरिएको पाइन्छ ।

जे होस्, रचनाकारहरूले सजिसजावट तरिकाबाट रचिएका रचनाकृतिको आकृति वा ऐना नै शैलीसज्जा वा शैलीशिल्प भनेर बुझिएको छ । यिनै विशेष शैलीका कारणले रचनाकारहरूको एक अलग पहिचान स्थापित भएको हुन्छ ।

## ५.२. गोपाल अश्कको काव्यशिल्प

ऋग्वैदिक कालदेखि नै काव्यमा शिल्प सिर्जनाले मान्यता पाएको देखिन्छ । एउटा ऋषि परिवारको शिल्पपरम्परा त्यसका अनुयायीहरूले पनि पालना गर्थे । भरतको **नाट्यशास्त्र** त कृति केन्द्रित समीक्षाको आधारभूत र व्यापक ग्रन्थ हो । त्यसमा शिल्पपक्षको पद्धति पूर्णतः वस्तुनिष्ठ छ । शैलीशिल्पको सुन्दर योजनाले काव्यलाई मिठासपूर्ण र प्रभावकारी बनाउँछ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो ।[८८] कृतिगत सन्दर्भमा लेखकीय अभिव्यक्तिको तरिका वा ढाँचालाई शैली भनिन्छ ।[८९] कवि गोपाल अश्कले आफ्ना काव्यकृतिहरूमा स्वच्छन्दतावादी र सामाजिक यथार्थवादी भावधाराका शैलीशिल्प पक्षको प्रयोग गरेका छन् । उनका काव्यकृतिहरू नवीन अभिव्यक्तिका नमुना बनेका छन् । पूर्वीय साहित्यशास्त्रलाई आफ्नो काव्यशैलीको प्रेरणास्रोत बनाएका छन् । अश्कका काव्यकृतिहरू अत्यन्त सुन्दर, सङ्क्षिप्त, सरल, श्रुतिरम्य र मिठासपूर्ण बन्न पुगेका छन् । उनका काव्यकृतिहरूमा न त भावको गुजुल्टो भेटिन्छ न त शैलीको क्लिष्टता नै । उनका प्रत्येक गजल/काव्यकृतिहरू शैलीका दृष्टिले सुन्दर, स्पष्ट र प्राञ्जल छन् । सरल, श्रुतिरम्य, लोकलय एवम् गद्यलयका कर्णप्रिय शब्दहरूको चयन गरी भावलाई तिख्खर रूपमा स्पष्ट अभिव्यक्ति दिएको पाइन्छ । कवि अश्कका प्रत्येक गजल/काव्यकृतिहरूमा स्वच्छन्दतावादी चेतसँगै मानवतावाद, राष्ट्रवाद, नेपाल र नेपालीप्रतिको आगाध स्नेह, सामाजिक विकृति एवम् विसङ्गतिप्रति व्यङ्ग्य, युगवोध आदि भावहरू अभिव्यञ्जित भएको पाइन्छ । शब्द, भाव र अभिप्राय एकसाथ बगेको अनुभव हुने उनका काव्यकृतिहरू सुन्दर शैलीशिल्पका उपज भएको देखिन्छ । नेपालीय भोजपुरी साहित्यका कुशल स्रष्टा अश्कले नेपाली तथा

---

८८. कृष्णविलास पौड्याल, *साहित्य सिद्धान्त* (काठमाडौं, श्रीकृष्ण प्रकाशन, २०५९), पृ. ५४ ।

८९. ऐजन, पृ. ५४ ।

भोजपुरी शब्दहरूलाई आफ्ना कृतिहरूमा परिष्कृत रूपले यथार्थवादी शैलीमा सरलता र सुस्पष्टता भावाभिव्यक्ति दिनु उनको मौलिक निजी विशेषता हो । आफ्ना काव्यकृतिहरूमा काव्यशैलीको प्रतिष्ठापन गर्दै उनले गजलमा नै नवीनतम प्रयोग भित्र्याएर गजलमा नै महाकाव्य लेखेका छन् । साहित्यलाई शिष्ट शैलीमा कसरी उतार्ने भन्ने पूर्णचेत गोपाल अश्कमा रहेको देखिन्छ । वर्ण र मात्रा तथा ध्वनिको तारतम्यबाट नै शैलीको र छन्दको माधुर्य निर्माण हुने गर्दछ । त्यसैले त एउटै छन्दमा लेखिएका कविताहरू कुनै मिठा र कुनै नमिठा हुनुमा शैलीकै महत्त्वपूर्ण भूमिका देखापर्दछ । कवि अश्कका काव्यकृतिहरूमा कतै सरल, सहज शैलीको समायोजन भएको देखिन्छ भने कतै आलङ्कारिक शैलीको प्रयोग पनि भएको पाइन्छ । उनका गजल/काव्यहरूमा बिम्ब र प्रतीकले पनि यथोचित स्थान पाएको देखिन्छ । कवि अश्क गजल/काव्यहरूको शैली, स्वरूप, शिल्पप्रति अधिक सजग देखिन्छन् । गजल/काव्य एउटा कठोर अनुशासनमा रचिने स्वतन्त्र काव्यविधा हो भन्ने कुरा उनले स्वीकारेका पनि छन् ।[९०] उनका गजल/काव्यहरू स्वनिर्मित लोकलयमा रचिएका र आफ्नै प्रकारका शैली अँगालेका छन् । उनले सरल वाक्य विन्यासमा गम्भीर भाव झल्किने खालको यथार्थ शैली अपनाएका देखिन्छन् । उनी अभिधात्मक शैलीलाई होइन अपितु व्यञ्जनात्मक वा लाक्षणिक शैलीलाई अपनाउँछन् । केही सेरहरू हेरौं :

जीवनले जति राम्रो चिठी लेखे पनि,
मृत्युले नै शिरमाथि मिति हाल्छ ।

प्रेमान्तर, पृ. ६३ ।

झरेको पात हुँ मेरो कहानी के सुनाऊँ,
बितेको रात हुँ मेरो कहानी के सुनाऊँ ।

प्रतिनिधि नेपाली गजलहरू (सं.ललिजन रावल), पृ. ५८ ।

यसरी शैलीशिल्पका दृष्टिले निकै सचेत कवि/गजलकार गोपाल अश्क आफ्नै शब्दमा यसो भन्दछन्:

'मैले मन बहलाउन गजल-काव्य लेखेको होइन वा आफ्नो प्रियतमाको बारेमा बयान दिलाउन लेखेको पनि होइन । मैले गजल/काव्य विधा (गीतिकाव्य) को रूपमा स्वीकार गरी काव्यात्मक साधना स्वरूप लेखेको हुँ । म यो पनि भन्दिँन कि मैले गजलको शास्त्रीय

९०. शोधनायकसँगको प्रत्यक्ष कुराकानीमा आधारित ।

पद्धतिलाई पूर्ण सपेण आत्मसात् गरी गजल सम्बन्धी काव्य (प्रेमान्तर) लेखेको छु तर के चाहिँ भन्दिन भने मलाई गजलको शैली एवम् स्वरूपगत ज्ञान नै रहेको छैन ।'[९१] यी सम्पूर्ण दृष्टिकोणबाट हेर्दा आलङ्कारिक संयोजन, छन्दयोजना, रस संयोजन, सङ्क्षिप्तता र पूर्णता आदि गोपाल अश्कका शैलीगत वैशिष्ट्य हुन ।

## ५.३. शैलीशिल्प पक्षका दृष्टिकोणबाट गोपाल अश्कका काव्यकृतिहरू

कवि/गजलकार गोपाल अश्कका प्रारम्भिक चरणका गजल/काव्यहरू शिल्पगत दृष्टिले अपेक्षाकृत रूपमा सबल हुन नसके पनि पछिल्ला चरणहरूमा आएर यी दोषहरू हराउँदै गएर तिनमा क्रमशः परिमार्जनको स्थिति देखापर्दछ । अर्थात् गोपाल अश्कका पछिल्ला चरणका गजल एवम् काव्यकृतिहरू संरचनाको हिसाबले सबल र उत्कृष्ट रहेका देखिन्छन् । शैलीशिल्पगत रूपबाट काव्यलाई मिठास एवम् सङ्गीतात्मकता दिएर सुमधुर लयको संयोजनले सिँगार्न खप्पिस अश्कले गजल एवम् काव्यहरूमा समयसापेक्ष नयाँ नयाँ प्रयोगहरू भित्र्याएको देखिन्छ । कतै नारीपीडाले च्वास्स देश दुखेको कुरा, कतै शासकीय व्यवस्थाको अन्त्यसँगै क्रान्तिकारी परिवर्तनको कुरा, कतै प्रेममा रमाउने जोडीहरूका मार्मिक कुरा आदि प्रसङ्गहरूलाई उठाएर आफ्ना काव्यकृतिहरूमा पूर्णता दिएको पाइन्छ । यसरी कवि अश्कका गजल/काव्यकृतिहरूलाई शैलीशिल्प पक्षका दृष्टिकोणबाट दुई किसिमले हेर्न सक्छौं :

### ५.३.१ अश्कका काव्यकृतिहरूमा बाह्य संरचनात्मक पक्ष

कवि गोपाल अश्कका गजल/काव्यकृतिहरू बाह्य संरचनात्मक पक्षका दृष्टिबाट हेर्दा उनी आफ्ना कृतिहरूको स्वरूप र शिल्पप्रति अधिक सजग देखिन्छन् र उनले यो पनि स्वीकार गरेका छन् गजल एउटा कठोर अनुशासनमा रचिने काव्यविधा भएकाले गजलमा काव्य लेख्नु ज्यादै कठिन  साधनाको फल हो । उनी गजलका नियमहरूमा बद्ध भएर गजलात्मक काव्य (**प्रेमान्तर,** २०६२) लेखी नेपाली काव्य जगत्को इतिहासमा प्रथम गजल-काव्यकार समेत हुन पुगेका छन् । डा. घनश्याम न्यौपाने 'परिश्रमी' को भनाइअनुसार "गोपाल अश्क शास्त्रीय बहरहरूमा सहजतापूर्वक गजल/काव्य लेख्न अभ्यस्त भइसकेका छन् । सबै गजल

---

९१. शोधनायकसँगको प्रत्यक्ष कुराकानीमा आधारित ।

एवम् काव्य शास्त्रीय बहरमा रचिएकाले यिनका गेयता गुणमा कुनै त्रुटि वा कमी छैन ।"[९२] तर यो भनाइको सार्थकता अश्कका पछिल्ला चरणमा लेखिएका गजल/काव्यहरूबाट मात्रै सिद्ध हुन्छ किनभने यिनका प्रारम्भिक चरणमा प्रकाशित गजलकृति **अभी बाँकी बा** र **जीवनको लेक र बेंसी** मा सङ्कलित रहेका गजलहरू स्वनिर्मित लय र मात्रामा लेखिएका छन् । यिनका गजलहरूमा प्रायः पाँचवटा सेरको संयोजन रहेको हुन्छ । यद्यपि केही गजलमा तीन सेर पनि संरचित देखिन्छन् । समालोचक रमेश गोर्खालीको भनाइअनुसार अश्कका प्रायः गजलहरू चार र पाँचवटा सेरहरू पुञ्ज बनेका छन् तथा अश्कले आफ्नो समुपस्थिति प्रभावकारी ढङ्गमा गर्न सकेका छन् । यिनको गजलात्मक संरचना काव्यिक दृष्टिले मक्ताभन्दा मत्लाले प्रस्तुतीकरणमा आफूलाई सन्तुलित र वजनदार तुल्याइएको पाइन्छ ।[९३]

यसरी गोपाल अश्क गजल-काव्य लेखनको शिल्पपक्ष अर्थात् व्याकरणको निर्वाहप्रति अधिक सचेत रहेको पाइन्छ । यिनको गजल-काव्यमा गजलका आवश्यक तत्त्वहरू काफिया र रदिफको प्रयोगप्रति निकै सजग भएर गजल-काव्य **प्रेमान्तर** लेखेको पाइन्छ । काफिया र रदिफ दुवैको समन्वितिले यिनको गजल-काव्यलाई थप आकर्षक र सुमधुर तुल्याएको छ । जस्तै, रदिफ प्रयोगको एक गजलांशको नमुना :

चन्दा ! उसको रूपको वर्णन सकिँदैन,
नगरी रूप वर्णन पनि मर्न सकिँदैन ।

प्रेमान्तर, पृ. ६ ।

प्रस्तुत गजलांशको चन्दा ! उसको रूपको वर्णन गर्न सकिदैन मा 'सकिँदैन' र नगरी रूप वर्णन पनि मर्न सकिदैन मा 'सकिँदैं' शब्दहरू रदिफको रूपमा प्रयोग भएको देखिन्छ ।

गजल/काव्यकार अश्क मत्लाको संरचनामा पनि अलि बढी नै सचेत रहेको पाइन्छ । आफ्ना काव्यकृतिहरूको संरचनामा यिनले बहर (लोकछन्द) लाई प्राथमिकता दिएको देखिन्छ र काव्यकृतिहरूलाई सतही बनाउनुभन्दा संरचनात्मक सरलता, भावगाम्भीर्यलाई आत्मसात्

९२. डा. घनश्याम न्यौपाने 'परिश्रमी', *गोपाल अश्कको 'बेकहल जिन्दगी'* (गजलसङ्ग्रह), पृष्ठ भूमिकामा व्यक्त विचार ।
९३. रमेश गोर्खाली, गोपाल अश्कको '*जीवनको लेक र बेंसी*' (गजलसंग्रह) मा व्यक्त विचार ।

गरेका छन् । उनले गजल/काव्यकृतिहरूको संरचनामा तखल्लुस वा मक्ताको सेरमा आफ्नो नाम वा उपनाम राखेर आफ्नो पहिचान एवम् चिनारी दिएको पाइन्छ । जस्तैः

लोरा गइल जिन्दगी भोरा गइल जिन्दगी
गावे कथी 'अश्क' अब मोरा गइल जिन्दगी

कजरी, पृ. ३९ ।

माथि प्रयुक्त पङ्क्तिमा 'अश्क' शब्द तखल्लुस प्रयोगका रूपमा आएको छ । त्यस्तै, कवि अश्कका **कवि के जनमकुण्डली** (गीतिकाव्य) र **धँधोर** (महाकाव्य) मा पनि कतै कतै तखल्लुसको प्रयोग भएको देखिन्छ । अर्को उदाहरण हेरौं :

अश्क ! अश्क !! सब लोग कहेंलें,
अश्क ! अश्क के रोग धरेलें ।
कहीं केहु कवि 'अश्क' होई,
माफ करी हमके सभ कोई ॥

कवि के जनमकुण्डली, पृ. २ ।

यसरी कवि गोपाल अश्कका बाह्य संरचनात्मक दृष्टिकोणबाट हेर्दा गजलका नियमहरू ( मक्ताको सेर, तखल्लुस, रदिफ, काफिया) आदिमा बद्ध भएर गजलमा महाकाव्य समेत रचना गर्ने अश्कले पछिल्ला चरणहरूमा आएर आफूलाई निकै सशक्त रूपमा उभ्याएको देखिन्छ ।

## ५.३.२ अश्कका काव्यकृतिहरूमा आन्तरिक संरचनात्मक पक्ष

कवि गोपाल अश्कका काव्यकृतिहरूका सार पक्ष भन्नाले यसका आन्तरिक तत्त्वहरू वा भित्री गुणहरू हुन् । उर्दूका महाकवि मिर्जा गालिबको भनाइमा एउटा सशक्त र उत्कृष्ट गजल/काव्यमा इवारत (शैली), इशारत (प्रतीक) र अदा (भावसघनता) अनिवार्य मानिन्छ ।[९४] यी तत्त्वहरूको उचित र अर्थपूर्ण समायोजनसँगै शैलीशिल्प, रूप तथा पक्षको सफल निर्वाह, बिम्ब र प्रतीकको उचित र अर्थपूर्ण प्रयोग तथा कलात्मक प्रस्तुति, प्रभावकारी भावसम्प्रेषण जस्ता आन्तरिक संरचनात्मक पक्षका गुणहरू उनका काव्यकृतिहरूमा पाइन्छन्

९४. बालचन्द्र शर्मा (सम्पा.), *नेपाली शब्दकोश* (काठमाडौं : सृष्टि प्रकाशन, २०५७), पृ.७८ ।

। कवि अश्कका काव्यकृतिहरू शिल्प, शैली, बिम्ब, प्रतीक, व्यङ्ग्यात्मक आदि दृष्टिकोणले पनि बढी प्रभावकारी देखिएका छन् । यिनै आन्तरिक संरचनात्मक पक्षलाई तल बुँदागत रूपमा यसरी उल्लेख गरिएको छ :

### ५.३.२.१ अश्कका गजल/काव्यमा शैली

कवि/गजलकार गोपाल अश्कका काव्यकृतिहरूमा आ-आफ्नै प्रकारका शैली रहेका छन् । जसरी रचनाकारहरूको हरेक रचनाको प्रस्तुतीकरणमा आ-आफ्नै शैली रहेका हुन्छन्, त्यसैगरी कवि/गजलकार अश्कका पनि आफ्नै अलग शैली रहेका छन् । उनले हरेक गजल/काव्यहरूमा गम्भीर भाव झल्किने खालको शैली अपनाएका देखिन्छन् । उनी विशेष गरेर अभिधात्मक शैलीलाई होइन अपितु व्यञ्जनात्मक वा लाक्षणिक शैलीलाई अपनाएको देखिन्छ । केही पङ्क्तिहरू हेरौँ :

जिन्दगी के बहुत हम मनावत रहीं
ऊ लुटावत रहे हम लुकावत रंही

बेकह्ल जिन्दगी (गजलसङ्ग्रह), पृ. ५

सरक गइल साडी चोली भइल उधार,
धडक गईल छाती मन भई बेकरार ।

कजरी, पृ. ३६ ।

जीवनले जति राम्रो चिठी लेखे पनि,
मृत्युले नै शिरमाथि मिति हाल्छ ।

प्रेमान्तर, पृ. ६३ ।

यसरी कवि अश्कले आफ्ना गजल र काव्यकृतिहरूमा यथेष्ठ रूपमा व्यञ्जनात्मक वा लाक्षणिक शैलीलाई अपनाएर लेखेको देखिन्छ ।

### ५.३.२.२ अश्कका गजल/काव्यमा प्रतीक

प्रतीकले कुनै पनि कुरालाई अन्य वस्तु तथा सन्दर्भद्वारा प्रष्ट्याउने काम गर्दछ । अर्थात् कुनै कुरालाई अर्थ्याउन वा प्रष्ट्याउन अन्य सन्दर्भविषय वा कथाको सहायता लिइन्छ भने त्यो

प्रतीक हो ।[९५] गजल/काव्यका लागि प्रतीकले ठूलो महत्त्व राखेको हुन्छ । कवि/गजलकार अश्कले पनि आफ्ना काव्यकृतिहरूमा प्रतीकको प्रयोग गरेका छन् । उनले काव्यकृतिहरूमा प्रतीकको प्रयोगद्वारा समाजको व्यवस्था, अव्यवस्था, राष्ट्रको निरङ्कुशता, दमन, अमानवीय व्यवहार, विकृत राजनीति, जीवनदृष्टि, प्रेमका विविध आयाम, आशा, निराशा, तृष्णा जस्ता कुराहरूलाई कुशलतापूर्वक अभिव्यक्त गर्न सफल रहेको पाइन्छ । केही उदाहरणहरू हेरौं :

फंस गइल देखइ खुशिया जाँत में,
धंस गइल देखइ हँसिया दाँत में ।

कवि के जनमकुण्डली, पृ. २० ।

धरतीको धूल हूँ म,
पिरतीको फूल हूँ म ।

जीवनको लेक र बेसीं (गजलसङ्ग्रह), पृ. ३८ ।

गर्छौं के जिन्दगी यस्तै हुँदो रहेछ,
हाँस्दो रहेछ कैले, कैले रुँदो रहेछ ।

प्रेमान्तर, पृ. ७३ ।

## ५.३.२.३ अश्कका गजल/काव्यमा व्यङ्ग्य

कवि/गजलकार गोपाल अश्कका हरेक काव्यकृतिहरूमा सामाजिक विकृति, विसङ्गति, मानवताको विघटन तथा स्वार्थी प्रवृत्तिको स्वाभाविक चित्राङ्कनको आन्तरिक संरचनात्मक पक्षलाई समेटिएको पाइन्छ । भोजपुरी गजल/काव्यलाई उर्दू र नेपाली गजल/काव्यकै सेरोफेरोमा उभ्याउन अश्क कस्सिएरै लागेका छन् । वर्तमान युगको मानवीय जीवनलाई जटिलता, बाधा, अभाव र समस्याका चुनौतीहरूले सताउने र तर्साउने गर्दछन् । यो स्वार्थी दुनियाँमा छुवाछुत, सानो, ठूलो, उँच, नीच, धनी, गरिब आदिका विभेदहरू व्याप्त रहेका छन् । मानवले आफ्नो इमान बचाएर बाँच्न नसक्ने अवस्थामा पुगेको छ । यस्ता मानवीय जटिलताप्रति व्यङ्ग्य गर्दै अश्कले आफ्ना गजल/काव्यका सेरहरूमार्फत यसरी उद्घाटित गरेका छन् :

---

९५. लक्ष्मणप्रसाद गौतम, *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण* (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. १ ।

गाँव त रीतिरिवाज के खवार,
इहँवा छुवाछुत, रुढीवाद जोगावेला निकाले कटार ।
नीच-उँच जाति-पाति से माने,
धन दौलत से आदमी पहिचाने ।

कजरी, पृ. १ ।

यसरी कवि अश्कले हाम्रो समाजमा छुवाछुत, सानो, ठूलो, गरिबी र अमिरीको भेदभाव व्याप्त रहेको कुरालाई **कजरी** खण्डकाव्य मार्फत व्यङ्ग्य गरेका छन् । त्यसैगरी सहरको नक्कलीपन र रवाफले आज अनेक युवा-युवती बिग्रिरहेको सन्दर्भमा आफ्नो छोरालाई सहरको फेसनमा नफस्न आग्रह गरेको प्रसङ्गलाई **प्रेमान्तर** महाकाव्यमा यसरी अभिव्यक्त गरेका छन् :

छोरा हुँ भन्दैमा मनपरी नगर्नु नि ।
सहरको फेसनमा तिमी चाहिँ नपर्नु नि॥

प्रेमान्तर, पृ.९६

कवि अश्कले **कवि के जनमकुण्डली** गीतकाव्य मार्फत कविले समाजमा आफ्नो आत्माको पीडा कहिले सबैलाई सुनाएर कहिले सबैलाई लुकाएर बाँच्नुपरेको तीतो यथार्थको कुरालाई यसरी व्यङ्ग्यात्मक पारामा पोखेका छन् :

कभी दर्द दिल के सभ के सुना के,
कभी दर्द दिल मे सभ के छूपा के ।

कवि के जनमकुण्डली, पृ.१९

यसैगरी कवि अश्कले एउटा साहसी क्रान्तिमा होमिएको युवकले शरीरमा गोली नै लागे पनि र शरीर दागैदाग भए पनि आफू हरेक परिवर्तनका कुरालाई देखेर नै मर्न चाहेको प्रसङ्गलाई **धँधोर** महाकाव्यमार्फत् व्यङ्ग्यात्मक रूपमा यसरी व्यक्त गरेका छन् :

कहल मे का बा देख लेहेम,
देह मे गोली के दाग भरेम ।

धँधोर, पृ. १०९

यसरी कवि/गजलकार गोपाल अश्कले आफ्ना काव्यकृतिहरूमा समाजमा व्याप्त सङ्गति, विसङ्गति, विपन्नता,शोषण,मिलन,विछोड, भोक, तिर्खा, संस्कृति, चालचलन आदि कुराहरूप्रति व्यङ्ग्य गरेका छन् ।

## ५.४ समग्रमा गोपाल अश्कका काव्यप्रवृत्ति

नेपालीय भोजपुरी साहित्यका कुशल साहित्यकार गोपाल अश्क वाल्य अवस्थादेखिनै साहित्यप्रति अभिरुचि राखेको देखिन्छ । उनले साहित्यका अधिकांश विधामा आफ्नो लेखनी क्षमतालाई उजागर गरेका छन् । लाल-गोरैया नामक कविताबाट आफ्नो कवितायात्रा प्रारम्भ गरेका उनका हालसम्म चारवटा काव्यकृतिहरू प्रकाशित छन् । उपन्यास, कथा, नाटक, कविता, गजल आदि विभिन्न विधामा कलम चलाएका उनको कवि व्यक्तित्व अत्यन्तै खारिन पुगेको देखिन्छ । भावमा गहनता, विचारमा उच्चता, स्वभाविकता र अभिव्यक्तिमा सरलता उनका काव्यगत विशेषता हुन् । उनको आजसम्मको सम्पूर्ण काव्ययात्रालाई हेर्दा पूर्वार्ध (वि.सं २०५५ पूर्व) र उत्तरार्ध वि.सं २०५६ देखि हालसम्म गरी प्रमुख दुई चरणहरूमा विभाजन गर्न सकिन्छ ।

मूलतः प्रयोगवादी/प्रयोगधर्मी जीवनदृष्टिका कवि अश्कका सम्पूर्ण काव्ययात्रालाई पुस्तकाकार काव्यकृति प्रकाशनका आधारमा दुई चरणमा विभाजन गरिए पनि उनका सम्पूर्ण काव्यकृतिहरूमा देखिएका मूल प्रवृत्तिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ५.४.१ प्रयोगशीलता

समकालीन यथास्थितिवादी सामाजिक तथा राजनीतिक संरचनामा परिवर्तन हुनुपर्छ भन्ने आशयले कवि अश्कले आफ्ना काव्यकृतिहरूमा परम्परित लेखनप्रति विद्रोह गर्दै प्रयोगवादी धाराको आमन्त्रण गरेका हुन् । विशेषगरी **कजरी** (२०४७) खण्डकाव्यमा त्रिकोणात्मक प्रेमकथालाई मुख्य विषयवस्तु बनाएर नौलो प्रयोग ल्याए । त्यस्तै, गजलका नियमहरूमा बद्ध भएर गजल महाकाव्य (**प्रेमान्तर**, २०६२) लेखेर महाकाव्य जगत्मा नयाँ प्रयोग भित्र्याएको देखिन्छ ।

### ५.४.२ व्यङ्ग्य-विद्रोहात्मकता

कवि गोपाल अश्कले जहिले जहिले पनि आफ्नो समय र समाजका अनेक रुढिवादी विचारहरू, कुरीति, कु-परम्परा आदिको खुलेर विरोध गर्दछन् । उनी यस्ता प्रवृत्तिहरूप्रति तीखो व्यङ्ग्य गर्न पनि पछि पर्दैनन् । उनले आफ्ना कविताका माध्यमबाट समाजमा व्याप्त अन्याय, अत्याचार, हत्या, हिंसा, राजनैतिक, सामाजिक बेथिति आदिका विरुद्ध व्यङ्ग्य गर्दै विद्रोहको भावसमेत प्रकट गरेको पाइन्छ ।

### ५.४.३ नारी संवेदनाको चित्रण

कवि गोपाल अश्कका काव्यकृतिहरूमा नारी संवेदनाको सशक्त रूपमा चित्रण भएको पाइन्छ । उनका यस्ता काव्यकृतिहरू नारीप्रति सहानुभूतिशील छन् । उनका काव्यहरूले नारीका चित्कार, वेदना, पीडालाई बुझेर मल्हमपट्टीसमेत लगाएको पाइन्छ ।

### ५.४.४ राष्ट्रियता

कवि गोपाल अश्कका काव्यकृतिहरू राष्ट्रियता र देशप्रेमको भावभूमिले ओतप्रोत भएका पाइन्छन् । उनका धेरैजसो काव्यहरूमा राष्ट्रको संरक्षण, सम्बर्द्धनतर्फ नै बढी मुखरित भएका पाइन्छन् ।

## ५.५ निष्कर्ष

कवि/गजलकार गोपाल अश्कका काव्यकृतिहरू शिल्पपक्ष र शैलीका दृष्टिले पूर्णतः सफल देखिएका छन् भने विषयवस्तुको दृष्टिले पनि विभिन्न भाव मिलाई विशिष्ट रचना गरेको देखिन्छ । समाजमा व्याप्त अन्याय, अत्याचार, विकृत राजनीति, दमन, शोषण, आशा, निराशा आदि अश्कका गजल/काव्यका कच्चा पदार्थ हुन् । अश्कका गजल एवम् काव्यहरूमा जीवनका आरोह-अवरोह, सामाजिक सङ्गति विसङ्गति,युगबोध तथा वैयक्तिक अनुभूतिका स्वरहरू मुखरित भएका छन् । कवि अश्कले आफ्ना गजल काव्यमा मत्लाको सेर, रदिफ, काफियाको पूर्णतः पालना गरेर गजल-काव्यमा हुनुपर्ने बाहिरी संरचनात्मक पक्षलाई उद्घाटित गरेका छन् । उनका गजल काव्यहरू गजलको शिल्प विधानमा पूर्णतः सही ढङ्गले रचिएका छन् भने अर्कोतिर काव्यकृतिहरूमा विषयगत विविधता पनि रहेका

छन् । त्यसैगरी गजल काव्यमा तखल्लुसको प्रयोगमा पनि यिनको ठूलो भूमिका रहेको देखिन्छ । यिनका **प्रेमान्तर** गजल महाकाव्य र **कवि के जनमकुण्डली** गीतिकाव्यमा आफ्नो नाम वा उपनाम राखेर तखल्लुसको प्रशस्त प्रयोग गरिएको देखिन्छ ।

कवि/गजलकार गोपाल अश्कले आफ्ना गजल/काव्यहरूमा आन्तरिक संरचनात्मक पक्षहरूको प्रयोगमा पनि अधिक मात्रामा ध्यान दिएको पाइन्छ । उनले आफ्ना गजल/काव्यमा आन्तरिक तत्त्वहरू (शैली, प्रतीक, बिम्ब, व्यङ्ग्य, विद्रोह) आदिजस्ता कुराहरूलाई समेटेर गजल/काव्यहरू रचना गरेका छन् । उनका गजल काव्यमा प्रेमप्रसङ्गका कुरा, कतै जातपातका कुरा, कतै नारी संवेदनाका कुरा, कतै सामाजिक विकृति एवम् विसङ्गतिका कुरा आदि विविध प्रसङ्गलाई उठाएर आफ्ना रचनाहरूमा पोखेका छन् । प्रणयवस्तुलाई शिष्ट र स्वाभाविक रूपमा चित्रण गर्ने कलामा पनि अश्क सफल देखिन्छन् । यी माथि व्यक्त विभिन्न विषयवस्तु र प्रसङ्गबाट हेर्दा कवि/गजलकार गोपाल अश्कले आफ्ना काव्यकृतिहरूमा बाह्य संरचनात्मक पक्ष र आन्तरिक संरचनात्मक पक्षलाई शैलीशिल्पका दृष्टिले निकै ध्यान दिएको पाइन्छ ।

# अध्याय : छ

# उपसंहार

## ६.१ परिचय

यस अध्यायमा **साहित्यकार गोपाल अश्कका काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** को सन्दर्भमा विगतका परिच्छेदहरूमा गरिएका अध्ययन विश्लेषणको अध्यायगत सारांश, उनका प्रवृत्तिगत विशेषताका आधारमा समग्र निष्कर्ष दिई मूल्याङ्कनसमेत गरिएको छ ।

## ६.२ अध्याय : एकको निष्कर्ष

यस अध्यायमा **साहित्यकार गोपाल अश्कका काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** शीर्षक शोधपत्रको परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । उक्त रूपरेखामा शोधशीर्षक, शोधप्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य र महत्व, शोधकार्यको सीमा र क्षेत्र, सामग्रीसङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधपत्रको रूपरेखासमेत उल्लेख गरिएको छ ।

## ६.३ अध्याय : दुईको निष्कर्ष

यस अध्यायमा **साहित्यकार गोपाल अश्कका काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** अर्न्तगत काव्य परिचय, उनको कवि व्यक्तित्व, साहित्यिक व्यक्तित्व, फुटकर कविता कृतिहरू, उनका विविध काव्यगत प्रवृत्तिहरू, काव्ययात्रा एवम् चरणहरू र समग्र काव्य प्रवृत्तिको मूल्याङ्कनसमेत उल्लेख गरिएको छ ।

## ६.४ अध्याय : तीनको निष्कर्ष

यस अध्यायमा **साहित्यकार गोपाल अश्कका काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** अन्तर्गत पूर्वीय आचार्यहरूको दृष्टिकोणमा काव्यकृतिहरूको वर्गीकरण, नेपाली कविहरू र स्वयम् गोपाल अश्कका दृष्टिकोणमा काव्यकृतिहरूको वर्गीकरणका साथै खण्डकाव्यगत तथा महाकाव्यगत तत्वहरूका बारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

## ६.५ अध्याय : चारको निष्कर्ष

यस अध्यायमा **साहित्यकार गोपाल अश्कका काव्यकृतिहरू** उनका खण्डकाव्य, गीतिकाव्य र महाकाव्यसमेतको अध्ययन विश्लेषण समालोचकीय पद्धतिअनुसार गरिएको छ । कविताको सैद्धान्तिक मान्यता अनुरूप काव्यका तत्वगत आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## ६.६ अध्याय : पाँचको निष्कर्ष

यस अध्यायमा **साहित्यकार गोपाल अश्कका काव्यकृतिहरू** अन्तर्गत शैलीशिल्प सम्बन्धी उनका काव्यशिल्पलाई प्रष्ट्याउँदै समग्र काव्यकृतिहरूको बाह्य र आन्तरिक संरचनाका आधारमा काव्यकृतिहरूको विश्लेषण गरी निष्कर्ष समेत गरिएको छ ।

## ६.७ समग्र निष्कर्ष

पर्सा जिल्लाको भेडियारी गा.वि.स., वडा नं १ मा पिता सुरज साह र माता पतियादेवीको कोखबाट वि.सं २०१८ सालमा जन्मिएका गोपालप्रसाद सर्राफको साहित्यिक नाम गोपाल अश्क हो । निम्न मध्यम-वर्गीय परिवारमा जन्मिएका अश्कले जीवनमा धेरै सुखदुःख एवम् उतारचढावहरू पार गरेर आएको कुरा उनको जीवनी इतिहासले बताउँछ ।

नेपालीय भोजपुरी साहित्यका कुशल स्रष्टा अश्कले साहित्यका अधिकांश विधामा आफ्नो लेखन क्षमतालाई प्रस्तुत गरेका छन् । साहित्यका उपन्यास, कथा, नाटक, कविता, गजल आदि विभिन्न विधामा कलम चलाउन खप्पिस अश्कले साहित्यका कविता, गीत र गजलका क्षेत्रमा बढी मात्रामा आफूलाई चिनाएका छन् । सामाजिकता, आञ्चलिकता वा स्थानीयता, प्रकृतिप्रेम, रतिरागात्मक प्रेम, देशप्रेम, नारी संवेदनाप्रति सहानुभूति जस्ता विविध काव्यका विषयवस्तुहरू उठान गरेर काव्यकृतिहरू लेखेका छन् । सामाजिक यथार्थवाद, मानवतावाद, विसङ्गतिवाद, स्वच्छन्दतावाद र स्वमूल्य मान्यताको खोज अश्कका खण्डकाव्य र महाकाव्यगत प्रवृत्तिहरू हुन् ।

नेपाली, हिन्दी तथा भोजपुरी तिनै भाषामा सरल हरूमा गीतहरू लेख्न सक्ने खुबी भएका गोपाल अश्क आफ्ना गीतहरूमार्फत गीतकार व्यक्तित्वका हरूमा प्रस्तुत भएका छन् । त्यस्तै, गजलका हरूमा त्यति खारिन नसके पनि गजलकार अश्क आफ्ना कृतिमा सीप,

शैलीमा इमान्दारिताका साथै लोकजीवन र सामाजिक यथार्थका कुराहरूलाई, मानवीय जिजीविषाका भावनाहरूलाई यथार्थपरक रूपबाट प्रस्तुति दिएको पाइन्छ । नेपाली काव्यसाहित्यको इतिहासमा गजलमा समेत महाकाव्य (**प्रेमान्तर**, २०६२) लेखेर पहिलो गजल-महाकाव्यकार बन्ने श्रेय समेत उनले प्राप्त गरेका छन् ।

साहित्य यिनको प्रिय वस्तु भएकै कारणले विद्यालय जीवनदेखि नै कविता कोर्न थालेका अश्कले लाल-गोरैया कवितासङ्ग्रहबाट साहित्ययात्रा आरम्भ गरेको देखिन्छ । त्यसपछि भने उनी एक सच्चा कविका हरूमा आफूलाई स्थापित गर्न सफल भएको देखिन्छ । विविध विधामा साहित्य सिर्जना गरेर भोजपुरी भाषालाई धनी र समृद्ध बनाउन लागिरहेका गोपाल अश्क सबै आ-आफ्नो राष्ट्रिय भाषाको उत्थानमा लाग्नुपर्छ भन्ने मान्यता एवम् दृष्टि राख्छन् । त्यसैले उनी विभिन्न सङ्घसंस्थाबाट पुरस्कृत तथा सम्मानित भएका छन् । राष्टिय् प्रतिभा पुरस्कार (२०५५), गंकी वसुन्धरा पुरस्कार (२०५४), महाकवि देवकोटा पुरस्कार ( २०५६), लोकसाहित्य पुरस्कार (२०६१) जस्ता पुरस्कारबाट पुरस्कृत हुनुका साथै वीरगञ्ज उद्योग वाणिज्य सङ्घ, देवकोटा स्मृति सभा, वीरगञ्ज महानगरपालिका, नेपाल प्रज्ञाप्रतिष्ठान, जनकपुर बौद्धिक समाज र अङ्कुश दैनिकबाट समेत साहित्यकार तथा कुशल स्रष्टा गोपाल अश्क सम्मानित भएका छन् ।

## सन्दर्भग्रन्थ-सूची


आचार्य, कृष्णप्रसाद, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, काठमाडौं : क्षितिज प्रकाशन, २०६४ ।

आचार्य, बाबुराम, **पुराना कवि र कविता**, ते.सं, काठमाडौं : साझा प्रकाशन, २०३५ ।

उपाध्याय, केशवप्रसाद, **प्राथमिककालीन कवि र काव्यप्रवृत्ति**, ते.सं, ललितपुरः साझा प्रकाशन, २०४९ ।

उपाध्याय, केशवप्रसाद, **पर्वतोंकी ओटमें** (गीतिसङ्ग्रह), काठमाडौं : नव प्रज्ञापन प्रतिष्ठान, २०६४ ।

खनाल, डा. नारायणप्रसाद, **समीक्षाका आकारहरु** (समालोचनासङ्ग्रह), चितवन : त्रिवेणी साहित्य परिषद, २०६३ ।

खनाल, यदुनाथ, **समालोचनाको सिद्धान्त**, पाँ.सं, पुल्चोक : साझा प्रकाशन, २०४९ ।

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, काठमाडौं : न्यू हीरा बुक्स इन्टरप्राइजेज, २०६० ।

गोर्खाली, रमेश, **तराई रत्न गोपाल अश्कको भाषिक साधना**, जनमत, साहित्यिक मासिक, वर्ष २४, अङ्क १०, २०६४ ।

गौतम, लक्ष्मणप्रसाद, **प्रेमान्तरमा बिम्बविधान**, जनमत, सा.मा., वर्ष २४, अङ्क १०, ०६४ ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुरः साझा प्रकाशन, २०६० ।

घिमिरे, माधव, **आफ्नो बाँसुरी आफ्नै गीत**, काठमाडौं : साझा प्रकाशन, ०४९ ।

चापागाईं, नरेन्द्र, **काव्य समालोचना**, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान, २०५२ ।

जोशी, रत्नध्वज, **आधुनिक नेपाली साहित्यको एक झलक**, ते.सं., काठमाडौं : साझा प्रकाशन, २०३९ ।

त्रिपाठी, वासुदेव, दैवज्ञराज न्यौपाने, केशव सुवेदी, **नेपाली कविता** (भाग-४), प्र.सं., ललितपुर : साझा प्रकाशन, २०४६ ।

तिमल्सेना, पशुपति, **युद्धप्रसाद मिश्र र उनका कविता**, काठमाडौं : एशिया पब्लिकेसन्स् प्रा.लि., २०६५ ।

थापा, हिमांशु, **साहित्य परिचय**, चौ.सं., तलितपुर : साझा प्रकाशन, २०५० ।

न्यौपाने, घनश्याम 'परिश्रमी', **गजल सौन्दर्य मीमांसा**, रुपन्देशी : सनसाइन आवासीय उ.मा.वि., २०६४ ।

पराजुली, कृष्णप्रसाद, **राम्रो रचना मिठो नेपाली**, बी.सं., काठमाडौं : सहयोगी पेस, त्रिपुरेश्वर, २०५४ ।

पन्थी, भाउ, **कविकोश** (सम्पा.), काठमाडौं : ने.रा.प्र. प्रतिष्ठान, २०६० ।

पाण्डेय, ताराकान्त, **गरिमा**, ललितपुर : साझा प्रकाशन, बर्ष १८, अङ्क ३, २०५६ ।

पोखेल, बालकृष्ण, **नेपाली बृहत् शब्दकोश**, पाँ.सं, काठमाडौं : ने.प्र.प्र, २०५८ ।

पौड्याल, कृष्णविलास, **आधुनिक नेपाली कविता काव्य**, भोटाहिटी : नवीन प्रकाशन, २०६६ ।

पौड्याल, कृष्णविलास, **साहित्य सिद्धान्त**, काठमाडौं : श्रीकृष्ण प्रकाशन, २०५९ ।

पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र**, काठमाडौं : भूँडीपुराण प्रकाशन, २०५७ ।

प्रधान, कृष्णचन्द्र सिंह (सम्पा.), **साझा समालोचना**, ललितपुर : साझा प्रकाशन, २०५२ ।

बराल, कृष्णहरि, **गजल : सिद्धान्त र परम्परा**, ललितपुर : साझा प्रकाशन, २०६४ ।

भट्ट, विमला, **गोपाल अश्कको जीवनी र कृतित्वको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६७ ।

रिसाल, राममणि, **नेपाली काव्य**, ललितपुर : साझा प्रकाशन, २०१३ ।

लुइँटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

विश्वनाथ, **साहित्य दर्पण**, दिल्ली : मोतीलाल बनारसदास, सन् १९७७ ।

शर्मा, वसन्तकुमार, **नेपाली शब्दसागर**, दो.सं., काठमाडौं : भाभा पुस्तक भण्डार, २०५० ।

शर्मा, बालचन्द्र (सम्पा.), **नेपाली शब्दकोश**, काठमाडौं : सृष्टि प्रकाशन, २०५७ ।

शर्मा, मोहनराज, **शैलीविज्ञान**, काठमाडौं : ने. प्र.प्र., २०४८ ।

शर्मा, विश्वम्भर कुमार, **सृजन अनुशीलन** (समालोचना सङ्ग्रह), वीरगञ्ज : ठा.रा.ब. क्याम्पस, २०४८ ।

श्रेष्ठ, दयाराम, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन, २०५६ ।

ज्ञवाली, सूर्यविक्रम (प्र.सम्पा.), **नेपाली संक्षिप्त शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र, २०४० ।